कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधी
दर्ता नं: ९२। ८२
दर्ता मिति: २०८२।०७।०२

# प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

१. प्रत्यायोजित विधायन जारी गर्ने मन्त्रालयः कृषि तथा पशुपन्छी विकास मन्त्रालय
२. निर्णय गर्ने अधिकारीः मा. कृषि तथा पशुपन्छी विकास मन्त्री
३. निर्णय मितिः २०८२/६/२७

कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि, खाद्य तथा पोषण सुरक्षा अभिवृद्धि, पूर्वाधार विकास, आधुनिकीकरण एवम् व्यावसायिकरण र उत्पादन लक्षित लगानी वृद्धि गर्न नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कार्यक्रमको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य तथा प्रतिफलमा आधारित बनाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"अनुदान"** भन्नाले नेपाल सरकारबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि क्षेत्रको उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि, बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रिकीकरण, विविधिकरण, व्यावसायीकरण, आधुनिकीकरण, औद्योगिकरण तथा गरिबी निवारणसँग सम्बन्धित कार्यक्रम सञ्चालनका लागि छनौट भएका अनुदानग्राहीलाई प्रचलित कानून अनुसार लेखा राख्ने लगायतका वित्तीय उत्तरदायित्व वहन गर्ने गरी प्रदान गरिने आर्थिक सुविधा, वस्तुगत सहायता, पूर्वाधार विकास वा उपलब्ध गराइने कृषि सामग्री, उपकरण तथा अन्य सहायता सम्झनु पर्छ।

(ख) **"अनुदानग्राही"** भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका लाभग्राही कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी, कृषिसँग सम्बन्धित समिति र कृषि व्यवसायी सम्झनु पर्छ।

(ग) **"कार्यक्रम"** भन्नाले संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट प्रदेश वा स्थानीय तहमा वा दुवैमा सशर्त वित्तीय हस्तान्तरण भएका परिच्छेद- ३ मा उल्लेख भएका कृषि विकास कार्यक्रम सम्झनु पर्छ।

(घ) **"कार्यालय"** भन्नाले प्रदेश तहमा कृषि विषयक्षेत्र हेर्ने मन्त्रालय अन्तर्गतको जिल्लास्थित कार्यालय वा स्थानीय तह अन्तर्गतको कृषि विकास महाशाखा, शाखा वा दुवै सम्झनु पर्छ।

(ङ) **"केन्द्र"** भन्नाले विभाग अन्तर्गतका राष्ट्रिय स्तरका केन्द्रहरु सम्झनु पर्छ।

(च) **"कृषि"** शब्दले बाली, बागवानी र व्यावसायिक कीट उप-क्षेत्रसँग सम्बन्धित उत्पादन, प्रशोधन उद्योग एवम् व्यवसाय सम्झनु पर्छ।

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

(छ) **"कृषि सामग्री"** भन्नाले कृषि उत्पादनमा प्रयोग हुने प्राङ्गारिक मल, बिउ, बेर्ना, बिरुवा, विषादी, जैविक पदार्थ तथा हर्मोन, कृषि चुन, पोषक तथा शुक्ष्म तत्व, मौरी घार, मौरी गोला, कृषि औजार, उपकरण लगायतका कृषि उत्पादन कार्यमा टेवा पुऱ्याउने अन्य सामग्री/वस्तु सम्झनु पर्छ।

(ज) **"निजी पूर्वाधार"** भन्नाले कृषक वा उद्यमी वा फर्म वा कम्पनीबाट निर्माण हुने साना सिँचाइ, नर्सरी स्थापना, संरक्षित संरचना जस्ता उत्पादन, प्रशोधन तथा बजार सम्बन्धी विभिन्न निजी प्रयोजनका पूर्वाधार सम्झनु पर्छ।

(झ) **"निर्देशनालय"** भन्नाले प्रदेश मन्त्रालय मातहतको कृषि विषयक्षेत्र हेर्ने निर्देशनालय सम्झनु पर्छ।

(ञ) **"प्रदेश मन्त्रालय"** भन्नाले प्रदेश सरकारको कृषि विषयक्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ट) **"बाँझो जग्गा"** भन्नाले कुनै व्यक्तिको नाममा नापी भई सो व्यक्ति वा अन्य कसैले पनि विगत ३ वर्ष देखि कुनै किसिमको खेती नगरी प्राकृतिक अवस्थामा रहेको कृषि योग्य जमिन वा कृषि योग्य हालसम्म उपयोगमा नआएको अन्य सरकारी/सार्वजनिक/निजी जमिन सम्झनु पर्छ।

(ठ) **"बैङ्क"** भन्नाले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त कम्तीमा "घ" बर्गको बैंक तथा वित्तीय संस्था सम्झनु पर्छ।

(ड) **"मन्त्रालय"** भन्नाले संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(ढ) **"राष्ट्रिय फल"** भन्नाले नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/१२/३० को निर्णयानुसार नेपालको राष्ट्रिय फलको रुपमा घोषणा गरिएको सुन्तला बाली सम्झनु पर्छ।

(ण) **"लक्षित वर्ग"** भन्नाले कृषक, कृषि उद्यमी वा उद्योगी, कृषक समूह, कृषि सहकारी, कृषिसँग सम्बन्धित समितिका सदस्य सम्झनु पर्छ।

(त) **"विद्यालय"** भन्नाले नेपाल सरकारबाट स्थापित सार्वजनिक तथा सामुदायिक लगानीमा सञ्चालित वा स्थापित विद्यालय सम्झनु पर्छ।

(थ) **"विभाग"** भन्नाले नेपाल सरकारको कृषि विभाग सम्झनु पर्छ।

(द) **"समिति"** भन्नाले दफा ६ बमोजिमको कार्यक्रम कार्यान्वयन सहजीकरण समिति सम्झनु पर्छ।

(ध) **"सरकारी जग्गा"** भन्नाले मालपोत ऐन २०३४ को दफा २ को खण्ड (ख२) बमोजिमको "नेपाल सरकारको हक, स्वामित्व, नियन्त्रण वा अधीनमा रहेको सरकारी घर, भवन वा जग्गा, सडक, बाटो वा रेल्वे, वन, जङ्गल वा वन जङ्गलमा रहेका रुख, बुट्यान, नदी, खोलानाला, ताल, पोखरी तथा त्यसको डिल, नहर, कुलो वा ऐलानी, पर्ती जग्गा, खनिज वा खनिज पदार्थ, हिमाल, भिर, पहरा, डगर, बगर, सार्वजनिक बगैंचा, सार्वजनिक, सामुदायिक, गुठी वा कुनै व्यक्तिको नाममा रहेको जग्गा बाहेकको अन्य जग्गा" सम्झनु पर्छ।

(न) **"स्थानीय तह"** भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका सम्झनु पर्छ।

(ऩ) **"सामुदायिक पूर्वाधार"** भन्नाले कृषक समूह/ कृषि सहकारी/ उपभोक्ता समिति/ अनुदानग्राही वा लाभग्राही समुदायबाट निर्माण हुने सिँचाइ पूर्वाधार, उत्पादन तथा प्रशोधन पूर्वाधार, कृषि बजार पूर्वाधार, प्राङ्गारिक तथा जैविक मल/ विषादी कारखाना/ प्रयोगशाला लगायत अन्य सामुदायिक प्रयोजनका कृषि सम्बन्धी पूर्वाधारहरू सम्झनु पर्छ।



डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

(प) **"सार्वजनिक पूर्वाधार"** भन्नाले सार्वजनिक निकायबाट निर्माण हुने बजार पूर्वाधार, तटबन्ध तथा बाँध निर्माण, सिँचाइका पूर्वाधारहरू तथा प्राङ्गारिक तथा जैविक मल/ विषादी प्रयोगशाला लगायत अन्य सार्वजनिक प्रयोजनका कृषि सम्बन्धी पूर्वाधारहरू सम्झनु पर्छ।

(फ) **"सार्वजनिक जग्गा"** भन्नाले मालपोत ऐन २०३४ को दफा २ को खण्ड (ख३) बमोजिमको "सार्वजनिक प्रयोजनको लागि रहेका परापूर्वकालदेखि रहेको घर, जग्गा, ढल वा बाटो, कुवा, पँधेरो, पानीघाट, इनार, पोखरी तथा त्यसको डील, गाईवस्तु निकाल्ने निकास, गौचर, खर्क, अन्त्यष्टि स्थल, चिहान, मसानघाट, समाधिस्थल, कब्रिस्थान रहेको जग्गा, पाटी, पौवा, देवल, धार्मिक उपासनास्थल, स्मारक, मठ, मन्दिर, चैत्य, गुम्बा, स्तूप, मस्जीद, इदगाह, कब्रस्थान, गिर्जाघर, चोक, डबली, चौतारी वा सो रहेको जग्गा, हाट, मेला, सार्वजनिक रूपमा मनोरञ्जन गर्ने वा खेलकुद गर्ने ठाउँ रहेको जग्गा, सार्वजनिक प्रयोजनको लागि कसैले प्रदान गरेको निजी जग्गा वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक जग्गा भनी तोकिदिएको अन्य जग्गा" सम्झनु पर्छ।

(ब) **"सुरक्षित कृषि उपज"** भन्नाले विषादी र रसायनरहित वा न्यून विषादी वा रसायन प्रयोग गरिएको वा असल कृषि अभ्यास प्रणालीको अवलम्बन गरी उत्पादन गरिएको कृषि उपज सम्झनु पर्छ।

## परिच्छेद -२

## कार्यक्रमको व्यवस्थापकीय पक्ष र सञ्चालन विधि एवम् प्रक्रिया

३. **अनुदान उपलब्ध गराउन सक्ने:** (१) मन्त्रालयबाट प्रदेश तथा स्थानीय तहमा सङ्घीय सशर्त अनुदान मार्फत हस्तान्तरण भएका स्वीकृत बजेट तथा कार्यक्रमको कार्यान्वयनका लागि प्रदेश मन्त्रालय र मातहतका कार्यालय वा स्थानीय तहले यस कार्यविधि बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमका सशर्त अनुदान मार्फत हस्तान्तरण भएका कार्यक्रम सञ्चालन गर्न सम्बन्धित कार्यालयको स्वीकृत वार्षिक कार्यक्रममा बजेट विनियोजन भएको हुनु पर्नेछ र स्वीकृत वार्षिक बजेटको अधिनमा रही कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

४. **अनुदान रकमको सीमा र प्रतिशत:** यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमको अनुदान रकमको सीमा देहाय बमोजिम हुनेछ:-

(क) सार्वजनिक कृषि पूर्वाधार निर्माणको हकमा शत (१००) प्रतिशत हुनेछ।

(ख) सामुदायिक कृषि पूर्वाधारको निर्माण तथा मर्मत र सामुदायिक वीउ बैङ्क स्थापना र सुदृढिकरणको हकमा अधिकतम पचासी (८५) प्रतिशत हुनेछ।

(ग) निजी कृषि पूर्वाधारको हकमा अधिकतम पचास (५०) प्रतिशत हुनेछ।

(घ) कृषि उत्पादन, प्रशोधन तथा बजारीकरण सामग्री एवम् कृषि मेशिनरी, औजार उपकरणको हकमा अनुदानको सीमा पचास (५०) प्रतिशत सम्म हुनेछ।

५. **तालिम, भ्रमण, गोष्ठी, अनुगमन लगायतका प्राविधिक तथा प्रशासनिक क्रियाकलाप सञ्चालन गर्न सकिने:** (१) सार्वजनिक निकायबाट लाभग्राहीलाई प्राविधिक ज्ञान र सीप प्रदान गर्न कार्यालयले तोकिएको कार्यक्रमसँग सम्बन्धित बाली संरक्षण, माटो सुधार, तालिम, भ्रमण, मेला, गोष्ठी, प्रविधि प्रसार/ प्रविधि प्रदर्शन कार्यक्रम र



डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

अनुगमन तथा मूल्याङ्कन लगायतका प्राविधिक तथा प्रशासनिक क्रियाकलाप प्रचलित कानून र खर्चको मापदण्डको अधिनमा रही सञ्चालन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमका क्रियाकलाप सञ्चालन गर्दा तोकिएको कार्यक्रममा विनियोजित कुल बजेटको बढीमा ५ प्रतिशत सम्म खर्च गर्न सकिनेछ।

६. **कार्यक्रम कार्यान्वयन सहजीकरण समिति:** (१) यस कार्यविधि बमोजिमको कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्न स्थानीय तहको हकमा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीको संयोजकत्वमा ३ (तीन) सदस्यीय कार्यक्रम कार्यान्वयन सहजीककरण समिति गठन गर्न सकिनेछ। सो समितिको सदस्य-सचिवको जिम्मेवारी सम्बन्धित स्थानीय तहको कृषि विकास महाशाखा वा शाखा प्रमुखको हुनेछ।

(२) उपदफा (१) बमोजिमको समान प्रकृतिको समिति वा उपसमिति भएमा स्थानीय तहमा सोही समिति वा उपसमितिले उक्त कार्य गर्न सक्नेछ।

(३) समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) यस कार्यविधिको अधिनमा रही समितिको कार्यविवरण देहाय अनुसारको हुनेछ:

(क) तोकिएको कार्यक्रम सञ्चालनका लागि बैठक आयोजना, उपयुक्त कार्यक्षेत्र र क्रियाकलाप पहिचान, बजेट विस्तृतिकरण, सूचना प्रकाशन, आवेदन संकलन र लाभग्राही सूची तयारी सम्बन्धी पूर्वतयारीका कार्य गर्ने,

(ख) प्रस्ताव आह्वान पूर्व नै मुल्याङ्कन तथा छनौटका आधारहरु निर्धारण गर्ने,

(ग) रितपूर्वक प्राप्त प्रस्तावको मूल्याकंन गरी लाभग्राही छनोट एवम् सिफारिस गर्ने,

(घ) छनौट भएका लाभग्राहीलाई उपलब्ध गराईने अनुदान रकम यकिन गरी सम्झौता सम्बन्धी पूर्व तयारीका कार्य गर्ने,

(ङ) संचालित कार्यक्रमको अनुगमन, मूल्याकंन, प्रमाणीकरण तथा भुक्तानी सिफारिस गर्ने,

(च) कार्यक्रम सञ्चालन क्रममा आइपरेका समस्याको समाधान गर्ने,

(छ) कार्यक्रम कार्यान्वयनका लागि विभाग तथा मन्त्रालयसँग आवश्यक समन्वय र सहकार्य गर्ने।

(५) प्राप्त आवेदनको प्रारम्भिक मूल्याङ्कन, स्थलगत निरीक्षण, छनौट, प्रमाणीकरण, अनुगमन तथा भुक्तानी सिफारिस लगायतको कार्यमा सहयोग गर्न आवश्यक भएमा समितिले कार्यदल बनाउन सक्नेछ।

(६) प्रदेश तहमा सशर्त वित्तीय हस्तान्तरण भएको कार्यक्रम कार्यान्वयनमा सहजीकरणका लागि प्रदेश मन्त्रालयको हकमा प्रदेश सचिव वा निजले तोकेको पदाधिकारी, निर्देशनालयको हकमा निदेशनालय प्रमुख र जिल्लास्थित कार्यालयको हकमा कार्यालय प्रमुखको संयोजकत्वामा ३ (तीन) सदस्यीय कार्यक्रम कार्यान्वयन सहजीकरण समिति गठन गर्न सकिनेछ। उक्त समितिले उपदफा (४) बमोजिमको कार्यविवरण अनुसारको कार्य गर्नु पर्नेछ।

७. **प्रस्ताव आह्वान तथा माग सङ्कलन:** (१) सम्बन्धित प्रदेश तथा स्थानीय तहले यस कार्यविधि बमोजिमका कार्यक्रममा सहभागी हुन ईच्छुक लक्षित बर्गबाट प्रस्ताव मागका लागि अनुसूची -१ बमोजिमको ढाँचामा कम्तीमा २१ (एक्काइस) दिनको समयसिमा तोकी सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ। यसरी सुचना प्रकाशन गर्दा लाभग्राही छनौट सम्बन्धी मापदण्डको बारेमा समेत सुसूचित गर्नु पर्नेछ।



डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

(२) उपदफा (१) बमोजिमको प्रस्ताव मागको सूचना सम्बन्धित कार्यालय र वडा कार्यालयको सूचना पाटीमा टाँस गर्ने, वेबसाईटमा राख्ने र आवश्यकता अनुसार एफ.एम. रेडियो वा स्थानीय पत्रिकामा समेत सार्वजनिक गर्न सकिनेछ।

(३) यस कार्यविधिको परिच्छेद- ३ अन्तर्गत विभिन्न कार्यक्रम शिर्षकमा तोकिएका मापदण्ड/ आधारभूत/ प्रासाङ्गिक पक्ष पूरा गर्ने गरी ईच्छुक निवेदकले अनुसूची- २ बमोजिमको ढाँचामा सम्बन्धित कार्यालयमा आवेदन दिनु पर्नेछ।

(४) सम्बन्धित कार्यालयले रितपूर्वक प्राप्त आवेदनका आधारमा ईच्छुक लाभग्राहीको सूची तयार गर्नु पर्नेछ।

८. <u>लाभग्राही छनौट</u>: (१) रितपूर्वक प्राप्त प्रस्तावको मूल्याङ्कन तथा छनौटका लागि दफा ६ बमोजिमको समितिले तय गरेका प्रस्ताव मूल्याङ्कन तथा छनौटका आधारको अधिनमा रही मूल्याकंन तथा छनौट कार्य गरी सम्झौताका लागि कार्यालयसमक्ष सिफारिस गर्नु पर्नेछ।

(२) प्रस्ताव छनौट गर्नु पूर्व आवश्यकता अनुसार स्थलगत अनुगमन तथा प्रमाणीकरण गर्न सकिनेछ।

(३) लाभग्राही छनौट गर्दा विगतमा अनुदान प्राप्त नगरेका लाभग्राहीलाई प्राथमिकता दिनु पर्नेछ।

९. <u>सम्झौता गर्नुपर्ने</u>: दफा ८ बमोजिम छनौट भएका प्रस्तावको कार्यान्वयनका लागि सम्बन्धित आवेदकसँग कार्यालयले अनुसूची- ३ बमोजिमको ढाँचामा द्विपक्षीय सम्झौता गर्नु पर्नेछ। सम्झौता बमोजिम कार्य सम्पादन गर्नु लाभग्राहीको दायित्व हुनेछ।

१०. <u>अनुदान प्रवाह तथा भुक्तानी</u>: (१) सशर्त कार्यक्रम अन्तर्गतका क्रियाकलाप सञ्चालन गर्दा अनुदानग्राहीलाई प्रदान गरिने सेवा सुविधा सम्बन्धी व्यवस्था दफा ४ बमोजिम हुनेछ।

(२) दफा ९ बमोजिम सम्झौता गरी कार्यक्रम सञ्चालन गरेका लाभग्राहीले भुक्तानीका लागि तोकिएको समयभित्र कार्यलायसमक्ष निवेदन पेश गर्नु पर्नेछ। सम्बन्धित कार्यालयले प्राप्त निवेदनको चेकजाँच तथा स्थलगत अनुगमन गरी प्राप्त कार्य सम्पन्न प्रतिवेदनका आधारमा प्रचलित कानून अनुसार अनुदान रकम लाभग्राहीको बैङ्क खातामा भुक्तानी गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अनुदान प्राप्त गर्ने लाभग्राहीको नामावली सम्बन्धित कार्यालयले सार्वजनिक गर्नु पर्नेछ र सोको विवरण विभागको योजना तथा अनुगमन शाखामा समेत उपलब्ध गराउनु पर्नेछ।

११. <u>कार्यक्रम अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन</u>: (१) कार्यक्रम सञ्चालनको लागि छनौट भएको क्षेत्र/ क्लष्टर, छनौट भएको विषय, अनुदानग्राहीसँग भएको सम्झौताको विवरण सम्बन्धित कार्यालयले नियमित रुपमा अद्यावधिक गरी सम्बन्धित कार्यालयको वेबसाईटमा प्रकाशन गर्नु पर्नेछ।

(२) प्रगति विवरण तयारी तथा संप्रेषण सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) सम्बन्धित कार्यालयले त्रैमासिक एवम् वार्षिक प्रगति विवरण अनुसूची-५ बमोजिमको ढाँचामा सम्बन्धित केन्द्र र <u>कृषि विभागमा (doanepal.reporting@gmail.com)</u> पठाउनु पर्नेछ। यस बाहेक माग भए बमोजिमको प्रगति तथा अन्य विवरण समेत पठाउनु पर्नेछ।

(ख) कृषि विभागले सम्बन्धित तहहरूमा सञ्चालित कार्यक्रमहरूको प्रगति विवरण वा अन्य विवरण सङ्कलन गर्नका लागि अनलाइन प्रणाली व्यवस्थापन गर्न सक्नेछ र त्यस्तो प्रणालीको प्रयोग गर्नु पर्ने भएमा सो कार्य सम्पन्न गर्ने जिम्मेवारी सम्बन्धित कार्यालयको हुनेछ।

(ग) कार्यक्रमको नियमित प्रतिवेदन पेश गर्ने तथा प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन गर्ने प्रदेश/ स्थानीय तहलाई आगामी आ.व.मा सशर्त अनुदानको निरन्तरताका लागि प्राथमिकता दिईनेछ।



डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

(३) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रमको अनुगमन संघीय, प्रादेशिक तथा स्थानीय तहका सम्बन्धित कार्यालयहरुबाट संयुक्त वा छुट्टाछुट्टै रुपमा गर्न सकिनेछ।

(ख) कृषि विभागले सरोकारवालाहरुको सहभागितामा सशर्त कार्यक्रमहरुको संयुक्त फिल्ड अनुगमन गर्न सक्नेछ र उक्त अनुगमनको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(ग) यस कार्यविधि बमोजिमको कार्यक्रम कार्यान्वयन सहजीकरण समितिबाट आवश्यकता अनुसार सशर्त कार्यक्रमको अनुगमन र मूल्याङ्कन हुनेछ।

(घ) अनुगमनको क्रममा दिईएका मौखिक वा लिखित निर्देशनहरुको पालना गर्नु सम्बन्धित कार्यालय र अनुदानग्राहीको कर्तव्य हुनेछ।

(ङ) कृषि विभागले सङ्घीय तथा प्रादेशिक मन्त्रालयसँगको समन्वयमा प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भइ कार्यान्वयन भएका कार्यक्रमहरुको वार्षिक समीक्षा गर्न सक्नेछ।

## परिच्छेद-३

## प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम, सञ्चालन गर्न सकिने क्रियाकलाप, न्युनतम मापदण्ड तथा प्राविधिक वा प्रासङ्गिक विषय

१२. **प्राङ्गारिक कृषि प्रवर्द्घन कार्यक्रमः** (१) प्रदेश तथा स्थानीय तहहरुमा प्राङ्गारिक खेती तथा कृषि उपजको प्रवर्द्धन गरी स्वच्छ उत्पादन पद्धतिलाई प्रोत्साहन गर्नका लागि देहायका लक्षित वर्ग समेटि प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम कार्यान्वयन गरिनेछः-

(क) प्राङ्गारिक कृषि प्रविधिको अनुशरण तथा विस्तार गर्न ईच्छुक कृषक, कृषक समूह, सहकारी, निजी कम्पनीहरू।

(ख) शहर आसपास तथा सम्भाव्य अन्य क्षेत्रका व्यावसायिक उत्पादन क्षेत्र, सिँचाइ तथा सडकको सहज पहुँच भएका एवम् सघन खेती प्रणाली भएका क्षेत्रमा प्राङ्गारिक खेती गर्न ईच्छुक कृषक, कृषक समूह, सहकारी, निजी कम्पनीहरू।

(ग) प्राङ्गारिक तथा पर्यावरर्णीय कृषिमा संलग्न एवम् रैथाने बाली/ जातहरू उत्पादन गर्न ईच्छुक कृषक, कृषक समूह, सहकारी, निजी कम्पनीहरू।

(२) उपदफा (१) बमोजिमका क्रियाकलाप र लक्षित वर्गका लागि देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गरिनेछः-

(क) प्राङ्गारिक कृषि प्रविधिको अनुशरण तथा विस्तार सम्बन्धी सचेतना अभिवृद्धि (प्राङ्गारिक कृषिमा अभिमुखिकरण कार्यक्रम, प्राङ्गारिक कृषिमा आधारित क्षमता अभिबृद्धि कार्यक्रम तथा प्रदर्शन कार्यक्रमहरु),

(ख) प्राङ्गारिक कृषि प्रविधिको अनुशरण तथा विस्तार कार्यमा सहयोगी क्रियाकलापहरू (जस्तैः भकारो सुधार, भर्मिकम्पोष्ट मल, कम्पोष्ट मल, हरियो मल, जैविक मल, वनस्पतिक/ जैविक



डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

विषादी, शुक्ष्म जैविक मल उत्पादन आदि) अनुसूची- ६(ग) मा तोकिएको मापदण्ड बमोजिम गर्न सकिनेछ,

(ग) प्राङ्गारिक नमूना (Model) कृषि फार्म स्थापना,

(घ) रैथाने बाली उत्पादन प्रबर्द्धन गर्ने सहयोगी क्रियाकलापहरू,

(ङ) प्राङ्गारिक कृषि उत्पादन विविधिकरण,मूल्य अभिवृद्धि तथा बजारीकरण गर्ने कार्यमा सहयोग।

(३) कार्यक्रम सञ्चालनका लागि न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषयहरु निम्न बमोजिम हुने छन्-

(क) खुल्ला जमीनमा प्राङ्गारिक कृषि उत्पादन (Open field cultivation) कार्यक्रम:

(अ) खुल्ला जमीनमा प्राङ्गारिक कृषि उत्पादन कार्यक्रम गर्न एकल फर्म भए कम्तिमा पाँच रोपनी जमिन र सहकारी वा समूह मार्फत कम्तीमा साठी रोपनी जमिनमा अनुसूची- ६ (छ) बमोजिमको प्राविधिक स्पेशिफिकेशन अनुसार खेती गर्नु पर्नेछ।

(आ) एकल फर्म, सहकारी वा समूहले क्लष्टरमा धेरै जमिनमा उत्पादन गर्ने प्रस्ताव गरेमा त्यस्ता फर्म, समूह, सहकारीलाई प्राथमिकता दिनु पर्नेछ।

(ख) संरक्षित संरचनामा प्राङ्गारिक कृषि उत्पादन कार्यक्रम: प्राङ्गारिक खेती गर्न बनाइएका अनुसूची- ६ (च) को प्राविधिक स्पेशिफिकेशन बमोजिमका पुराना संरचनाहरू सुधार तथा अनुसूची- ६ (घ) र (ङ) को प्राविधिक स्पेशिफिकेशन बमोजिमको नयाँ संरचना निर्माणमा अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

(ग) प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालय वा स्थानीय तहले प्राङ्गारिक कृषि उत्पादन प्रदर्शनको रुपमा नमूना प्रदर्शन कार्यक्रम कृषक समूह/ सहकारी/ कृषि फार्म/ कृषि कम्पनीको लागत साझेदारीमा देहाय बमोजिम क्रियाकलाप समावेश गरी सञ्चालन गर्न सकिनेछः-

(अ) प्राङ्गारिक कृषि क्षेत्र निर्धारण गर्दा न्यूनतम् साठी रोपनीको एक क्लष्टर हुनु पर्नेछ।

(आ) एक स्थानीय तहमा साठी रोपनीको एक क्लष्टर नपुगेमा सीमाना जोडिएका दुई स्थानीय तहहरू छनौट गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(इ) कार्यक्रममा साझेदारी गर्न ईच्छुक कृषक, कृषक समूह/सहकारी/कृषि फर्म/कृषि कम्पनीले प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालय वा स्थानीय तहको सहयोगमा उत्पादक कृषकहरू र बजारीकरण गर्ने उद्यमीहरूसँग अग्रिम सम्झौता गरेको हुनु पर्नेछ।

(ई) छनौट गरीने कृषक समूह वा सहकारीका सदस्यहरू मध्ये पशुपालन गरेको सदस्यलाई प्राथमिकता दिनु पर्नेछ।

(उ) उत्पादित वस्तु अन्तिम उपभोक्ता समक्ष पुगुञ्जेलसम्म उत्पादक कृषक एवम् स्थान पहिचान हुने व्यवस्थाका लागि अनुसूची- ६(क) मा तोकिए अनुसारको कृषक पहिचान चिन्ह राख्नु पर्नेछ।

(ऊ) उत्पादकले अनुसूची- ६(ख) बमोजिमको अभिलेख दुरुस्त राख्नु पर्नेछ र सम्बन्धित प्रदेश सरकारको जिल्लास्थित कृषि हेर्ने कार्यालय वा सम्बन्धित स्थानीय तहमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।



डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

(४) उपदफा (३) मा उल्लेखित कार्यक्रमहरु सञ्चालनका लागि निम्न अनुसारका क्रियाकलापहरुमा अनुदान उपलब्ध गराउन सकिनेछः

(क) उत्पादन सामग्री खरिद (जस्तैः उपयुक्त जातका बीउ, जैविक/बनस्पतिक विषादी तथा जैविक विषादी बनाउने सामग्रीहरू) ,

(ख) उत्पादन स्थलदेखि बजारसम्म पुऱ्याउनका लागि ढुवानी खर्च,

(ग) कृषक पहिचान चिन्ह सहजीकरण,

(घ) प्राङ्गारिक उत्पादन सामग्रीहरू, प्याकेजीङ्ग, तथा लेवलिङ्गका लागि आवश्यक पर्ने सामग्रीहरू,

(ङ) साना पूर्वाधारहरूको विकास (कोल्डरुम, ग्रीन हाउस, प्याकेजिङ्ग हाउस, सङ्कलन केन्द्र, प्राङ्गारिक कृषि उपज बिक्री कक्ष, साना सिँचाइ निर्माण तथा मर्मत सम्भार) ।

१३. **सुरक्षित कृषि उपज (safe food) उत्पादन तथा बजारीकरण कार्यक्रमः** (१) विषादीरहित वा न्यून रसायन प्रयोग गरी वा असल कृषि अभ्यासको पालना गरी गाउँ/ नगरपालिकामा उत्पादित सुरक्षित कृषि उपजलाई बढ्दो माग भएका उप/ महानगरपालिकाका उपभोक्तासम्म सोझै पुऱ्याउन गाउँ/ नगर/ उपमहानगर/ महानगरपालिकाको साझेदारीमा सुरक्षित कृषि उपज उत्पादन तथा सेफ फूड मार्ट स्थापना कार्यक्रम सञ्चालन गरिनेछ।

(२) यस कार्यक्रमको लक्षित वर्गको रुपमा सामूहिक/ करार खेती मार्फत सुरक्षित कृषि उपज/ सेफ फूड उत्पादन तथा बजारीकरण गर्ने कृषक समूह, सहकारी रहने छन्। कार्यक्रम सञ्चालनका लागि छनौट भएका समूह, सहकारीहरु मार्फत दफा ४ बमोजिमको अनुदानको सीमा भित्र रहि कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमको कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु हुनेछन्:-

(क) सुरक्षित कृषि उपज उत्पादनका लागि कृषकहरुलाई बीउ, वेर्ना, जैविक, सुक्ष्म खाद्यतत्व, प्राङ्गारिक मल, सिँचाइ पूर्वाधार, औजार-उपकरण लगायतका उत्पादन सामाग्रीहरुमा सहयोग,

(ख) सुरक्षित कृषि उत्पादनका सहयोगी क्रियाकलापहरुमा सहयोग (जस्तैः भकारो सुधार, भर्मिकम्पोष्ट मल, कम्पोष्ट मल, हरियो मल, जैविक मल, वनस्पतिक/ जैविक विषादी, शुक्ष्म जैविक मल उत्पादन आदि),

(ग) सुरक्षित कृषि उत्पादन तथा बजारीकरण सम्बन्धी तालिम, प्रविधि प्रदर्शन, सरोकारवालाहरु बीच अन्तर्क्रिया कार्यक्रम,

(घ) सुरक्षित कृषि उत्पादनको ब्राण्डिङ्ग, लेबलिङ्ग, प्याकेजिङ्ग तथा ढुवानीमा सहयोग कार्यक्रम,

(ङ) Production site (गाउँ/नगरपालिका) र demand site (उपमहानगर/ महानगरपालिका) को सहलगानी/साझेदारीमा बजारीकरणका लागि Safe food मार्ट स्थापना तथा सञ्चालन कार्यक्रम,

(च) उपयुक्त स्थानको उपलब्धता अनुसार सेफ फूड उत्पादक कृषक/ कृषक समूह/ सहकारीको प्रत्यक्ष संलग्नतामा साप्ताहिक कृषि हाटबजार/ Farmer's Market सञ्चालन सहयोग कार्यक्रम।

(४) सुरक्षित कृषि उपज उत्पादन गर्ने गाउँ/ नगरपालिका र सो कृषि उपजको उपभोग गरिने नगरपालिका/ उप/ महानगरपालिका बीच उत्पादन तथा खरिद-बिक्री सम्बन्धी समझदारी गर्न सकिनेछ। सुरक्षित कृषि



डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

उत्पादनको बजारीकरणमा सहजीकरण गर्ने स्थानीय तहले सो अनुसारको कृषि उपज उत्पादन हुने क्षेत्र र उत्पादन प्रणालीको निरीक्षण गर्न सक्नेछ।

(५) मन्त्रालय अन्तर्गतको केन्द्रिय कृषि प्रयोगशालाले उत्पादित कृषि उपज सुरक्षित भए नभएको अनुगमन तथा जाँच गरी प्राविधिक सेवा उपलब्ध गराउन सक्नेछ।

(६) उत्पादन तथा बजारीकरण गरिने कृषि उपजलाई सुरक्षित कृषि उपज वा सेफ फूड भएको भनी उत्पादन गर्ने सहकारीले स्वघोषणा गरेको हुनु पर्नेछ। यसरी उत्पादन हुने कृषि उपजको उत्पादनको अवस्था तथा प्रक्रिया सम्बन्धित सहकारी वा अन्य सरोकारवालाले आवश्यकता अनुसार अनुगमन तथा निरीक्षण गर्न सक्ने छन्।

१४. <u>जैविक विषादी उत्पादन ल्याबका लागि सहयोग कार्यक्रमः</u> (१) सामूहिक वा करार तरकारी खेती प्रबर्द्धन गर्ने कृषि समूह, सहकारी संस्थालाई जैविक विषादी प्रयोगशाला स्थापनाका लागि Bio pesticide Manufacturing Plant लगायत अन्य आवश्यक मेशिनरी औजार तथा सामग्रीहरु खरिदमा अनुदान उपलब्ध गराई जैविक विषादीको उत्पादन तथा प्रयोगबाट सुरक्षित कृषि उत्पादन र सोको उपभोगलाई प्रबर्द्धन गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमको लक्षित वर्ग स्थानीय तहमा कृषि उपज उत्पादन गरिरहेका कृषि सहकारी संस्था हुने छन्।

(३) उपदफा (१) बमोजिमको कार्यक्रम अन्तर्गत सञ्चालन गरिने प्रमुख क्रियाकलापहरू निम्न बमोजिम हुनेछनः-

(क) जैविक विषादी उत्पादन प्रयोगशालका लागि आवश्यक मेशिनरी औजार खरिद,
(ख) Bio pesticide manufacturing plant स्थापनाका लागि आवश्यक पूर्वाधार सहयोग,
(ग) जैविक विषादी उत्पादनमा प्रयोग हुने उत्पादन सामग्रीहरु,
(घ) जैविक विषादीको भण्डारण र प्याकेजिङमा प्रयोग हुने सामाग्रीहरु।

(४) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालनको न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषय निम्न बमोजिम हुनेछः-

(क) स्थापना हुने जैविक विषादी उत्पादन प्रयोगशालाले सुरक्षित कृषि उपज/सेफ फूड/प्राङ्गारिक/ पर्यावरणीय कृषि उत्पादनका लागि कृषक समूह, सहकारी संस्था र उत्पादकहरुलाई सहजरुपमा उत्पादित जैबिक विषादी उपलब्ध गराउन प्राथमिकता दिनु पर्नेछ।
(ख) जैविक विषादी उत्पादन प्रयोगशाला स्थापनाका लागि विषय विज्ञता भएको शैक्षिक संस्था/ अनुसन्धान केन्द्रहरुसँग आवश्यक सहकार्य गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।
(ग) पूर्वाधार निर्माण तथा मेशिनरी खरिद सम्बन्धी प्राविधिक तथा आर्थिक पक्ष प्रचलित कानून बमोजिम हुनु पर्नेछ।

१५. <u>व्यावसायिक फलफूल खेती प्रवर्द्धन कार्यक्रमः</u> (१) फलफूलको क्षेत्र विस्तार, बाँझो जग्गाको सदुपयोग र आन्तरिक फलफूल उत्पादन वृद्धि गर्न स्थानीय सम्भाव्यता तथा माग र राष्ट्रिय प्राथमिकताका आधारमा स्याउ/ ओखर/ कागती/ सुन्तला/ जुनार/ किवी/ मेवा/ सिउँडीफल/ अनार/ एभोकाडो/ मेकाडेमियानट/ आँप/ केरा लगायत अन्य फलफूलको स्थानीय स्तरमा व्यावसायिक खेती प्रवर्द्धनका लागि यो कार्यक्रम सञ्चालन गरिनेछ।

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

(२) उपदफा (१) बमोजिमको कार्यक्रमको लक्षित समूहमा कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी, कृषिसँग सम्बन्धित समितिहरू हुनेछन्।

(३) यस कार्यक्रम अन्तर्गतको बगैंचा स्थापना/क्षेत्रफल विस्तार क्रियाकलाप निम्न बमोजिम हुनेछन्:-

(क) बगैंचा रेखाङ्कन गर्ने, बिरुवा रोप्न खाडल खन्ने ज्यामी ज्याला,

(ख) फलफूल बिरुवा खरिद,

(ग) सिँचाइ पूर्वाधार निर्माण र व्यवस्थापन (सिँचाई पाईप, पोखरी निर्माण-प्लाष्टिक पोखरी समेत, थोपा सिँचाई, स्प्रीङ्कलर सिँचाई),

(घ) प्राङ्गारिक मल तथा शुक्ष्म खाद्यतत्व व्यवस्थापन।

(४) उपदफा (१) बमोजिमको कार्यक्रमका न्यूनतम शर्त/मापदण्ड/प्रासङ्गिक विषय निम्न बमोजिम हुनेछन्-

(क) यस कार्यक्रम अन्तर्गत प्राविधिक हिसावले उपयुक्त, व्यावसायिक सम्भावना भएका तथा स्थानीय महत्व भएका फलफूल बालीमा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(ख) व्यावसायिक फलफूल खेती विस्तारको लागि पहाडमा कम्तिमा २ रोपनी र तराईमा कम्तिमा ३ कट्ठा क्षेत्रफलमा बगैंचा स्थापना गर्ने कृषकहरूलाई बिरुवा खरिद लगायत बगैंचा रेखाङ्कन, खाडल खन्ने, ज्यामी ज्याला, कृषि औजार/उपकरण तथा सिँचाइ व्यवस्थापन आदिमा अनुदान उपलब्ध गराउन सकिनेछ।

(ग) सम्बन्धित फलफूल विशेषका नर्सरी सुदृढीकरण कार्य सञ्चालन गर्न सकिनेछ।

(घ) बगैंचा स्थापना गर्ने कृषकहरूलाई फलफूल खेती सम्बन्धी तालिम सञ्चालन गर्न सकिनेछ।

(ङ) यस कार्यक्रमको उद्देश्य फलफूल खेतीको क्षेत्रफल विस्तार गर्ने रहेकाले विनियाजित बजेटको कम्तिमा ६५ प्रतिशत बजेट फलफूलको क्षेत्र विस्तारसँग सम्बन्धित क्रियाकलापका लागि खर्च गर्नु पर्नेछ। तथापि सुन्तलाजात फलफूल नर्सरीमा जालीघर निर्माण गरिने भएमा बजेटको खर्च प्रतिशत थपघट गर्न सकिनेछ।

(च) कार्यक्रम सञ्चालनका लागि आवश्यक बिरुवा शुद्ध जातीय गुण भएको, स्वस्थ र आधिकारिक स्रोतबाट लिएको हुनु पर्नेछ।

(छ) व्यावसायिक फलफूल खेतीमा प्रयोग हुने विरुवाको न्यूनतम शर्त/मापदण्ड/प्रासङ्गिक विषय अनुसूची- ९ मा उल्लेख भए बमोजिम हुनु पर्नेछ।

१६. <u>फलफूल नर्सरी स्थापना सहयोग कार्यक्रमः</u> (१) नेपालमा फलफूल बालीको व्यावसायिक खेती विस्तार गर्नको लागि गुणस्तरीय बिरुवाको आपूर्ति गर्न, निजी उद्यमी/कम्पनीबाट सञ्चालित नर्सरीमा गुणस्तरिय बिरुवाहरुको उत्पादन तथा विक्री वितरणलाई व्यवस्थित गरी रोजगारी प्रवर्द्धन तथा गुणस्तरिय बिरुवाको प्रयोगबाट फलफूलको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने यस कार्यक्रमको मुख्य उद्देश्य रहनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमका लक्षित वर्गमा नर्सरी स्थापनाको लागि सरकारी निकायमा दर्ता भइसकेका फलफूल विशेषका निजी उद्यमी/कम्पनी रहनेछन्।

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

(३) उपदफा (१) बमोजिमको कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछः-

(क) स्क्रिन हाउस निर्माण कार्य (सुन्तलाजात फलफूल नर्सरी/एग्री नेट/सेड हाउस /ग्रिन हाउस/ निर्माण कार्य),

(ख) सिँचाइ पूर्वाधार निर्माण र व्यवस्थापन कार्य,

(ग) माउ बोट खरिद, रोपण तथा संरक्षणको लागि आवश्यक सामग्री खरिद,

(घ) सुन्तलाजात फलफूलको नर्सरीको हकमा आधिकारिक स्रोतबाट लिएको र जात खुलेको स्वस्थ माउबोट रोपण,

(ङ) ग्राफ्टिङ्ग चक्कु, प्रुनिङ्ग स, सिकेचर, स्प्रेयर, सिँचाइ पाइप र अन्य आवश्यकता अनुसार औजार उपकरणहरू।

(४) उपदफा (१) बमोजिमको कार्यक्रमका न्यूनतम शर्त/ मापदण्ड/ प्रासङ्गिक विषय देहाय बमोजिम हुनेछन्ः-

(क) फलफूलको निजी नर्सरी स्थापना गर्न चाहने निजी उद्यमी /कम्पनीले आधिकारीक निकाय ( स्थानीय तह, घरेलु तथा साना उद्योग कार्यालय, कम्पनी रजिष्ट्रारको कार्यालय) मा नर्सरीको दर्ता गरेको हुनु पर्नेछ।

(ख) निजी नर्सरी स्थापना गर्न माउबोटका लागि जग्गा र नर्सरी संरचनाका लागि गरेर कम्तिमा पाँच (५) रोपनी (२५०० वर्ग मिटर) जमिन हुनु पर्नेछ।

(ग) आफ्नै स्वामित्वको जग्गामा नभई करारमा लिई नर्सरी सञ्चालन गरेको भएमा कम्तिमा पनि १० वर्षको लागि करार सम्झौता गरेको हुनु पर्नेछ।

(घ) सुन्तलाजात फलफूलमा ग्रिनिङ तथा ट्रिस्टेजा भाईरस रोगको न्यूनीकरणका लागि सुन्तलाजात फलफूल खेती भईरहेका स्थानीय तहहरूले यस कार्यक्रम सञ्चालनका लागि नर्सरी स्थापना गर्न जमिन छनौट गर्दा समुद्री शतहबाट १००० मीटर भन्दा माथिको तथा बिरुवा खरिद गर्दा आधिकारिक निकायमा दर्ता भएको सुन्तलाजात फलफूल नर्सरीको छनोट गर्नु पर्नेछ।

(ङ) कागतीको बिरुवा उत्पादनको हकमा तराई तथा चुरे क्षेत्रमा स्थापना भएका नर्सरी पनि छनौट गर्न सकिनेछ तर उक्त नर्सरीमा उत्पादन भएका बिरुवा सोही भौगोलिक क्षेत्रमा मात्रै बिक्री वितरण गर्नु पर्नेछ।

(च) फलफूल नर्सरी स्थापना गर्दा बिरुवा उत्पादनका न्युनतम प्राविधिक मापदण्ड पूरा हुने गरी संरचनाको निर्माण गर्नु पर्नेछ। सुन्तलाजात फलफूल नर्सरी स्थापना गर्नका लागि स्वस्थ माउबोट उत्पादन गर्न जालीघरको निर्माण गर्नु पर्नेछ।

(छ) सुन्तलाजात फलफूलको नर्सरीको हकमा आधिकारिक स्रोतबाट लिएको र जात खुलेको स्वस्थ माउबोट रोपण गर्नु पर्नेछ।

(ज) बिरुवा उत्पादन गर्नका लागि शुद्ध जातीय गुण भएको र स्वस्थ माउबोटका साथै रुटस्टकका लागि गुणस्तरिय वीउ/बिरुवा आधिकारीक स्रोतबाट नर्सरी धनीले आफैले व्यवस्था गर्नु पर्नेछ।



डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(झ) नर्सरी व्यवस्थापन तथा फलफूल बिरुवा उत्पादन सम्बन्धी तालिम लिएको ब्यक्ति र कृषि विषय अध्ययन गरी नर्सरी स्थापना गर्न चाहेका नर्सरी धनीलाई प्राथमिकता दिनु पर्नेछ।

(ञ) नर्सरी भएको स्थानमा कुशल श्रमिकहरू सजिलै उपलब्ध हुन सक्ने वा तालिम दिएर सीप सिकाउन सक्ने जनशक्तिको उपलब्धता र सडकसँग पहुँच भएको स्थानलाई प्राथमिकता दिनु पर्नेछ।

(ट) अन्य न्यूनतम शर्त/ मापदण्ड/ प्रासङ्गिक विषय अनुसूची ७,८ र ९ मा उल्लेख भए बमोजिम हुनेछ।

१७. <u>राष्ट्रिय फल विशेष कार्यक्रमः</u> (१) राष्ट्रिय फलको प्रवर्द्धनका निमित्त क्षेत्र विशेषको आवश्यकता अनुसार नर्सरी सुदृढीकरण, बगैंचा स्थापना, क्षेत्र विस्तार, उत्पादन प्रवर्द्धन तथा बजारीकरण जस्ता क्रियाकलाप सञ्चालन गरी सुन्तलाको उत्पादन, उत्पादकत्व तथा बजारीकरण अभिवृद्धि गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमका लक्षित वर्गमा कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समितिहरू रहने छन्।

(३) उपदफा (१) बमोजिमको कार्यक्रम अन्तर्गतका देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछः-

(क) बगैंचा/क्षेत्रफल विस्तार तथा पुरानो बगैंचा सुदृढिकरण अन्तर्गतः-

(अ) बगैंचा रेखाङ्कन गर्ने, बिरुवा रोप्न खाडल खन्ने ज्यामी ज्याला,

(आ) फलफूल बिरुवा खरिद, प्राङ्गारिक मलखाद, शुक्ष्म खाद्यतत्व,

(इ) कृषि औजार/उपकरण, (सिकेचर, करौंती, हार्भेष्टिङ्ग व्याग, न्यापस्याक र पावर स्प्रेयर),

(ई) सिँचाइ पूर्वाधार निर्माण र व्यवस्थापन (सिँचाइ पाईप, पोखरी निर्माण-प्लाष्टिक पोखरी समेत),

(उ) रोग किरा व्यवस्थापन।

(ख) उत्पादन उपरान्त गरिने क्रियाकलाप अन्तर्गतः-

(अ) फलको टिपाई पश्चात ढुवानी, भण्डार तथा बजारिकरणको चरणमा देखा पर्न सक्ने रोग तथा किराको व्यवस्थापन,

(आ) उत्पादन पश्चात मूल्य श्रृङ्खलाका विभिन्न चरणमा गर्नुपर्ने क्रियाकलापहरु जस्तैः फलको उपचार, भण्डार गृह र अन्य सामग्रीको निर्मलीकरण,

(इ) वर्गीकरण (Grading), प्याकेजिङ्ग गर्नका लागि आवश्यक रसायन तथा सामग्रीहरु,

(ई) हार्भेष्टिङ्ग र प्याकेजिङ्ग गर्न प्रयोग हुने सामग्रीहरु (हार्भेष्टिङ्ग व्याग, नेट झोला, प्लास्टिक बिन/क्रेटहरू, ट्युबुलर नेटिङ, कुसनिङ र सुरक्षात्मक सामाग्रीहरू, लेवलिङ सामाग्रीहरू, जुटका झोला आदि),

(उ) फलको ग्रेडिङ्ग गर्नका लागि आवशययक सामग्री (रिफ्रयाक्टोमीटर, साइजिङ रिङ वा टेम्प्लेट, तौल मेसिन र अन्य आवश्यक सामग्री)।

(४) उपदफा (१) बमोजिमको कार्यक्रमका न्यूनतम शर्त/मापदण्ड/प्रासङ्गिक विषय देहाय बमोजिम रहेका छन्:-

(क) सम्बन्धित स्थानीय तहमा कार्यक्रम सञ्चालनको लागि तोकिएको फलफूल बाली (सुन्तला) मा



डा. गोविन्द प्रसाद शर्मा
सचिव
कृषि तथा पशुपन्छी विकास मन्त्री

मात्र कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(ख) सुन्तला खेतीका लागि उपयुक्त जलवायु भएको मध्य पहाडी क्षेत्रमा प्रति कृषक कम्तिमा तीन (३) रोपनी क्षेत्रफलमा सुन्तला बगैंचा स्थापना गर्नु पर्नेछ। बगैंचा स्थापना गर्ने कृषकलाई बिरुवा खरिद लगायत बगैंचा रेखाङ्कन, खाडल खन्ने, ज्यामी ज्याला, कृषि औजार/उपकरण तथा सिँचाइ व्यवस्थापन आदिमा अनुदान उपलब्ध गराउन सकिनेछ।

(ग) कम्तिमा तीन (३) रोपनी जग्गामा सुन्तला खेती गरेको कृषकलाई पुरानो बगैंचा व्यवस्थापन तथा सुदृढिकरणका कार्यक्रम सञ्चालन गर्न अनुदान दिन सकिनेछ। आवश्यकता अनुसार काँटछाँट गर्ने, रोगकिरा तथा मलखाद व्यवस्थापन गर्ने जस्ता बगैंचा ब्यवस्थापनमा आवश्यक कृषि औजार/उपकरण तथा सिँचाई ब्यवस्थापन लगायतका कार्य गर्न सकिनेछ।

(घ) बगैंचा स्थापना गर्ने कृषकलाई सुन्तला खेती सम्बन्धी तालिम सञ्चालन गर्न सकिनेछ।

(ङ) शुद्ध जातीय गुण भएको स्वस्थ बिरुवाको प्रयोग हुनु पर्नेछ।

(च) अन्य न्युनतम शर्त/मापदण्ड/प्रासङ्गिक विषय अनुसूची- ७, ८ र ९ मा उल्लेख भए बमोजिम हुनेछ।

१८. <u>गुरु किसान छनौट तथा नमुना फार्म स्थापना सहयोग कार्यक्रमः</u> (१) भौगोलिक क्षेत्र विशेषको प्राथमिकता प्राप्त फलफूल तथा तरकारी बालीको प्रवर्द्धन गर्न गुरु किसानको छनौट गरी निज गुरु किसान मार्फत फलफूल तथा तरकारी खेतीको उचित उत्पादन व्यवस्थापनमा अन्य व्यावसायिक किसान समेतलाई प्रोत्साहन गर्न स्थानीय तहहरुमा संघीय सशर्त कार्यक्रमको रुपमा गुरु किसान छनौट तथा नमुना फार्म स्थापना सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमको लक्षित बर्गमा व्यावसायिक/ अगुवा कृषक एवम् कृषि उद्यमी हुने छन्।

(३) उपदफा (१) बमोजिमको कार्यक्रम अन्तर्गत निम्न बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछः-

(क) गुरु किसान छनौट तथा परिचालनः-

(अ) स्थानीय तहमा फलफूल तथा तरकारी किसानहरूको क्षमता विकास तथा प्रविधि प्रसार कार्यमा सहजीकरण गर्नका लागि एक जना गुरु किसान छनौट गरी परिचालन गरिनेछ।

(आ) गुरु किसान छनौट गर्दा ग्रामिण कृषि कार्यकर्ता र कृषक सहजकर्ता जस्ता तालिम लिएकालाई विशेष प्राथमिकता दिइनेछ।

(इ) गुरु किसानको न्यूनतम योग्यताः-

- साधारण लेखपढ गर्न सक्ने।
- कम्तिमा दुई (२) रोपनी जग्गामा फलफूल वा तरकारी खेती गरिरहेको।
- खेती गरिएको जमिनमा सिँचाईको व्यवस्था रहेको।



डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

- फलफूल तथा तरकारी खेती सम्बन्धी नवीनतम प्रविधिहरू परीक्षण तथा प्रदर्शन कार्यक्रम सञ्चालन गर्न इच्छुक।
- सम्बन्धित स्थानीय तहको स्थायी बासिन्दा भएको।
- फलफूल तथा तरकारी खेती सम्बन्धी तालिम लिएको।
- स्वयंसेवकका रुपमा सेवा दिन र कार्य गर्न प्रतिवद्ध रहेको।

(ई) गुरु किसानको कार्य विवरणः-

- स्थानीय तहको अन्य प्राथमिकता प्राप्त फलफूल तथा तरकारी बालीहरूको बगैंचा स्थापना तथा व्यवस्थापन सम्बन्धी कृयाकलापहरूको तरिका प्रदर्शन (Method Demonstration) गर्ने।
- फलफूल बगैंचा स्थापनाको महत्वपूर्ण अवस्थाहरू (बगैंचा रेखाङ्कन गर्ने, खाडल खन्ने, मल राख्ने, खाडल पूर्ने, विरुवा रोप्ने, काँटछाँट गर्ने, रोगकिरा व्वस्थापन गर्ने तथा अन्य बगैंचा व्यवस्थापनका कार्य आदि) मा स्थलगत निरीक्षण तथा प्राविधिक पृष्ठपोषण गर्ने।
- फलफूल तथा तरकारी सम्बन्धी सूचना/तथ्याङ्कका विषयमा स्थानीय तहको कृषि शाखाको सम्पर्क व्यक्तिको रुपमा कार्य गर्ने।
- स्थानीय तहको प्राथमिकता प्राप्त फलफूल तथा तरकारी बालीहरूको क्षेत्र विस्तारमा माग संकलन तथा सेवा प्रवाह गरि किसानहरूलाई प्रोत्साहन गर्ने।

(उ) गुरु किसान भई कार्य गर्न इच्छुक र न्यूनतम योग्यता पुगेका कृषकले अनुसूची- २ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ।

(ख) गुरु किसानको क्षमता विकास र सेवा सुविधाः-

(अ) गुरु किसानको क्षमता विकासका लागि राष्ट्रिय फलफूल विकास केन्द्र तथा राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्रहरुले तालिम वा सीप विकास सम्बन्धी कृयाकलापहरूमा समावेश गर्न सक्नेछ।

(आ) स्थानीय तहका फलफूल तथा तरकारी किसानको क्षमता विकास गर्न बगैंचा व्यवस्थापनसँग सम्बन्धित कृयाकलापहरूको प्रदर्शन (Method Demonstration) कार्य सञ्चालनका लागि सिकेचर, प्रुनिङ-सः, स्प्रेयर, सुरक्षात्मक पहिरन (PPE), बोर्डोपेस्ट/पेन्ट लगायतका अन्य आवश्यक सामाग्री तथा उपकरणहरू प्रचलित खर्चको मापदण्डको अधिनमा रही स्थानीय तहले उपलब्ध गराउन सक्नेछ।

(इ) गुरु किसानलाई स्थानीय तहका अन्य फलफूल तथा तरकारी किसानको मागका आधारमा फलफूल बगैंचा व्यवस्थापन तथा व्यावसायिक तरकारी खेती लगायतका विषयमा स्थलगत सेवा प्रदान गरेबापत वार्षिक बढीमा रु पन्ध्र हजारसम्म सेवा खर्च दिन सकिनेछ।

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

(ई) गुरु किसानको बगैंचा तथा तरकारी फार्मलाई नमुनाका रुपमा स्थापना गर्न आवश्यक प्रविधि लगायत औजार/उपकरणको खरिदमा पचास प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ।

(ग) गुरु किसानले स्थापना तथा सञ्चालन गर्ने नमूना फलफूल बगैंचाको न्यूनतम मापदण्ड देहाय बमोजिम हुनु पर्नेछः-

(अ) क्षेत्रफल कम्तिमा ५ (पाँच) रोपनी हुनुपर्ने र जात खुलेको फलफूलको स्वस्थ विरुवा प्रयोग गरेको हुनुपर्ने।

(आ) सिँचाइको लागि रिङ बेसिन लगायत अन्य उपयुक्त प्रविधि प्रयोग गर्नुपर्ने।

(इ) फलफूल विरुवाको तालिम तथा काँटछाँट र आवश्यकता अनुसार बोर्डोपेस्ट/पेन्ट प्रयोग गर्नुपर्ने।

(ई) बगैंचा रोग किरा मुक्त बनाउन सरसफाई तथा फेरोमन ट्र्याप, प्रोटिन बेट लगायतको उपयुक्त प्रविधिको प्रयोग गर्ने।

(उ) पर्याप्त मलखाद प्रयोग गरी स्वस्थ बगैंचा स्थापना गर्नुपर्ने।

(ऊ) बगैंचामा भएको लाभ लागतको व्यवस्थित अभिलेख राख्नुपर्ने।

(घ) गुरु किसानले स्थापना तथा सञ्चालन गर्ने नमूना तरकारी फार्मको न्यूनतम मापदण्ड देहाय बमोजिम हुनु पर्नेछः-

(अ) सिफारिस बमोजिमको बाली र जातको प्रयोग एवम् सिफारिस बमोजिमको दुरी, मलखाद, सिँचाइको प्रबन्ध, रोगकिराको उचित व्यवस्थापन,

(आ) नवीन प्रविधिको प्रयोग,

(इ) बेमौसमी तरकारी खेती प्रविधि प्रदर्शन।

१९. <u>व्यावसायिक मौरी प्रवर्द्धन कार्यक्रमः</u> (१) व्यावसायिक मौरीपालनलाई प्रवर्द्धन गरी उत्पादन र उत्पादकत्व वृद्धि मार्फत आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्नको लागि व्यावसायिक मौरी प्रवर्द्धन/मौरीपालन कार्यक्रम सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमको लक्षित समूहमा कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी तथा कृषिसँग सम्बन्धित संस्थाहरु हुनेछन्।

(३) उपदफा (१) बमोजिमको कार्यक्रम अन्तर्गत देहायका क्रियाकलाप सञ्चालन हुनेछन्:-

(क) मौरी घार तथा गोला वृद्धि कार्यक्रमः भौगोलिक दृष्टिकोणले उपयुक्त हुने जातको मौरी र सोही अनुसारको घार विक्री वितरण गर्न सकिनेछ। तराईमा एपिस मेलिफेरा र पहाडी क्षेत्रमा एपिस सेरेना जातको मौरीलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। मौरीपालनको लागि आवश्यक अन्य उपकरणहरु जस्तै घुम्टि, धूवाँदानी, मह छाट्ने जाली, क्विन गेट, क्विन केज, फिडर, कृत्रिम आधार चाका आदि पनि वितरण गर्न सकिनेछ।

(ख) मौरीका अन्य उत्पादनहरु (प्रोपोलिस, मौरी विष, रोयल जेल्ली, कुट आदि) प्रवर्द्धन कार्यक्रमः मह उत्पादनसँगै मौरीका अन्य उप-उत्पादनहरुलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन

गर्न सकिनेछ। यस अन्तर्गत कुट पासो, मौरी विष संकलन गर्ने यन्त्र वितरण गर्न सकिनेछ। मह र मैन बाहेकका अन्य उपजहरु उत्पादन गर्ने कृषकहरुलाई उत्पादनको आधारमा प्रोत्साहन अनुदान दिन सकिनेछ।

(ग) मह लगायत अन्य उत्पादनहरुको प्रशोधन तथा बजारीकरण प्रवर्द्धन कार्यक्रमः यस कार्यक्रम अन्तर्गत मह प्रशोधनको लागि महदानी (Honey Extractor) वितरण गर्न सकिनेछ। साथै, महको गुणस्तर परिक्षण गरि DFTQC Registration Number प्राप्त गर्न लाग्ने शुल्कमा ५०% अनुदान उपलब्ध गराउन सकिनेछ। मह तथा मौरीको उप-उत्पादनहरुको प्याकेजिङ र ब्राण्डिङमा प्रयोग हुने सामग्रीमा ५०% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ।

(घ) कृषक स्तरमा उत्पादन भएको महको सहज बजारीकरण र उपभोक्ता माझ गुणस्तरीय महको उपलब्धता सुनिश्चित गर्नको लागि सम्बन्धित जिल्ला भित्र उपयुक्त स्थानको छनौट गरि कृषक, व्यवसायी वा कृषक समूह/सहकारीलाई मह मार्ट स्थापनाको लागि सहयोग गर्न सकिनेछ। यस अन्तर्गत मार्ट सञ्चालन गर्ने स्थानको भाडा/निर्माण खर्च, प्रशोधन, प्याकेजिङ तथा ब्राण्डिङमा प्रयोग हुने सामग्रीहरुमा अनुदान उपलब्ध गराउन सकिनेछ।

(ङ) असल मौरीपालन अभ्यासको बारेमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न सकिनेछ। "नेपाल असल मौरीपालन अभ्यास कार्यान्वयन निर्देशिका २०७४" मा व्यवस्था भए बमोजिमका शर्तहरु पालन गरी मह उत्पादन गर्ने कृषकलाई प्रोत्साहन स्वरुप उत्पादन, प्रशोधन तथा बजारीकरण सामग्रीमा अनुदान उपलब्ध गराउन सकिनेछ। अनुदान उपलब्ध गराउनु भन्दा पहिले नियमित अनुगमन मार्फत सो पद्दति अवलम्बन गरेको एकिन गर्नु पर्दछ र निर्देशिका बमोजिमका क्रियाकलापहरु सञ्चालन गरेको/नगरेको राम्ररी अभिलेखीकरण गर्नु पर्नेछ।

(च) प्राविधिक सेवा टेवा कार्यक्रमः यस अन्तर्गत मौरीपालन सम्बन्धी आधारभूत तालिम, मौरीका उप-उत्पादनहरु प्रशोधन तथा बजारीकरण तालिम, रोग कीरा नियन्त्रण, मौरीमा विषादीको असर र परागसेचनमा मौरीको भूमिका जस्ता विषयहरुमा सचेतना कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ।

(४) उपदफा (१) बमोजिमको कार्यक्रमको न्युनतम शर्तहरु निम्न बमोजिम हुनेछन्:-

(क) व्यावसायिक मौरीपालन प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि एपिस मेलिफेराको हकमा कम्तिमा ५० घार र एपिस सेरेनाको हकमा कम्तिमा पच्चीस (२५) घार मौरीपालन गर्न प्रस्ताव पेश गर्ने कृषक/कृषक समूह/कृषि उद्यमी/कृषि सहकारीलाई सोही अनुसार मौरी गोला, घार तथा अन्य उपकरणको खरिदमा अनुदान उपलब्ध गराउनु पर्नेछ।

(ख) मौरी गोला वितरण गर्दा कम्तिमा ५ फ्रेम मौरी भएको गुणस्तरीय रानु सहितको स्वस्थ गोला मात्र वितरण गर्नु पर्नेछ। एपिस मेलिफेराको लागि Langstroth र एपिस सेरेनाको लागि Newton B घार वितरण गर्नु पर्नेछ। उक्त घारहरुको नाप नक्सा तोकिएको प्राविधिक मापदण्ड बमोजिमको हुनु पर्नेछ।

(ग) मह तथा मौरी जन्य उपजहरुको उत्पादन, प्रशोधन तथा बजारीकरण सँग सम्बन्धित क्रियाकलापहरुमा सहजीकरण गर्न आवश्यकता अनुसार तालिम सञ्चालन गर्न सकिनेछ।



डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

तालिमको पाठ्यक्रम, तालिम अवधि र स्रोत व्यक्तिको व्यवस्थापनको लागि मौरी विकास केन्द्र, गोदावरीसँग समन्वय गर्न सकिनेछ।

२०. <u>तरकारी खेती प्रवर्द्धन कार्यक्रम/ व्यावसायिक तरकारी उत्पादन कार्यक्रमः</u> (१) तरकारी बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी तरकारीको आन्तरिक उपलब्धता वृद्धिका लागि तरकारी खेती प्रवर्द्धन कार्यक्रम/व्यावसायिक तरकारी उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ।

(२) यस कार्यक्रमको लक्षित वर्गमा कृषक/ कृषक समूह/ कृषि सहकारी/ निजी उद्यमी रहने छन्।

(३) यस कार्यक्रमका प्रमुख क्रियाकलापहरू निम्न बमोजिम हुने छन्।

(क) तरकारीको उन्नत बीउ, मल, बाली संरक्षणसँग सम्बन्धित प्राविधिक सेवा तथा सामग्री,
(ख) कृषि औजार एवं उपकरण सहयोग,
(ग) साना सिँचाइ निर्माण तथा मर्मत संभार,
(घ) सिलपाउलीन प्लाष्टिक वितरण,
(ङ) अभिमुखिकरण/ क्षमता अभिबृद्धि तालिम समन्वय बैठक।

(४) व्यावसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न तराईमा न्यूनतम दश (१०) कठ्ठा र पहाडमा तीन (३) रोपनी क्षेत्रफलको जग्गा हुनु पर्नेछ। खुला जमिनमा तरकारी खेतीको लागि उपदफा (३) को खण्ड (ग) र (घ) बाहेकका क्रियाकलापहरुको लागि तराईमा प्रति हेक्टर बढिमा रु. पचास हजार र पहाडमा प्रति रोपनी रु. तीन हजार उपलब्ध गराउन सकिनेछ। साथै, स्थान विशेष संरक्षित संरचनामा तरकारी उत्पादन गर्नेहरूको हकमा प्राबिधिक स्टिमेट अनुसार बढिमा रु. एक लाख सम्म अनुदान उपलब्ध गराउन सकिनेछ।

२१. <u>बीउ आलु/आलु बीउ उत्पादन कार्यक्रमः</u> (१) गुणस्तरीय बीउ आलुको उपलब्धता वृद्धि मार्फत आलु बालीको उत्पादन तथा उत्पादकत्व वृद्दि गर्नु यस कार्यक्रमको उद्देश्य हुनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमका लक्षित वर्गमा आलु बीउ उत्पादकको इजाजत लिएका कृषक/कृषक समूह/कृषि सहकारी/ कृषि फर्म हुनेछन्।

(३) उपदफा (१) बमोजिमको कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछः-

(क) पुर्वमूल बीउ, स्रोत बीउ वा प्रमाणित पुस्ताका बीउ उत्पादन, शुक्ष्म खाद्य तत्व, बाली संरक्षण, बाली निरीक्षण, बीउ प्रमाणीकरण,

(ख) बीउ प्याकेजीङ्ग, बीउ भण्डारण,

(ग) कृषि औजार एवं उपकरण,

(घ) साना सिँचाई निर्माण, रष्टिक स्टोर निर्माण,

(ङ) क्षमता अभिबृद्धि तालिम/अभिमुखिकरण।

(४) यस कार्यक्रमको न्यूनतम मापदण्ड/प्रासङ्गिक विषय देहाय बमोजिम हुनेछन्-

(क) बीउ उत्पादन कार्यक्रम बढीमा तीन (३) वटा क्लस्टरमा प्रति क्लस्टर न्यूनतम एक (१) हेक्टर क्षेत्रफलमा सञ्चालन गर्नु पर्नेछ।

(ख) कुल बजेट मध्ये पचास (५०) प्रतिशत रकम अनिवार्य रुपमा बीउ खरिदमा खर्च गर्नु पर्नेछ।



डा. गोविन्द प्रसाद शर्मा
सचिव

(ग) बीउ खरिद गर्दा आधिकारीक स्रोत र गुणस्तर यकिन हुने गरी खरिद गर्नु पर्नेछ।

२२. <u>प्याज बीउ उत्पादन कार्यक्रमः</u> (१) प्याज बालीको गुणस्तरीय बीउ उत्पादन प्रवर्द्धन मार्फत प्याज बीउको आयात प्रतिस्थापन गर्ने तथा प्याज बीउको मूल्य श्रृङ्खला अभिवृद्धि गर्नु यो कार्यक्रमको उद्देश्य हुनेछ।

(२) यस कार्यक्रमको लक्षित वर्गमा प्याज बीउ उत्पादन अनुमति प्राप्त कृषक/कृषक समूह/कृषि सहकारी/कृषि फर्म हुनेछन्।

(३) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछः-

(क) मूल/ प्रमाणित पुस्ताका बीउ उत्पादन, शुक्ष्म खाद्य तत्व, बाली संरक्षण, बाली निरीक्षण, बीउ प्रमाणीकरण,

(ख) बीउ प्याकेजीङ्ग, सेट भण्डारण,

(ग) कृषि औजार एबं उपकरण (बीउ थ्रेसिंङ्ग),

(घ) साना सिँचाइ निर्माण,

(४) यस कार्यक्रमको न्यूनतम मापदण्ड/प्रासङ्गिक विषय देहाय बमोजिम हुनेछन्-

(क) बीउ उत्पादन कार्यक्रम बढीमा तीन (३) वटा क्लस्टरमा प्रति क्लस्टर न्यूनतम आधा (०.५) हेक्टर क्षेत्रफलमा सञ्चालन गर्नु पर्नेछ।

(ख) बीउ खरिद गर्दा आधिकारीक स्रोत र गुणस्तर यकिन हुने गरी खरिद गर्नु पर्नेछ। बीउ खरिद गर्दा सरकारी फार्ममा उत्पादन भएको बीउलाई प्राथमिकता दिनुपर्नेछ।

२३. <u>औद्योगिक प्रयोजनका लागि व्यावसायिक आलु उत्पादन कार्यक्रमः</u> (१) व्यावसायिक आलु खेती मार्फत आलु बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आलु प्रशोधन उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थको उपलब्धता वृद्धि गर्नु यो कार्यक्रमको उद्देश्य हुनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमको लक्षित वर्गमा आलु उत्पादन गर्ने कृषक/कृषक समूह/कृषि सहकारी/ कृषि फर्म हुनेछन्।

(३) उपदफा (१) बमोजिमको कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछः-

(क) उन्नत बीउ उत्पादन, शुक्ष्म खाद्य तत्व, बाली संरक्षण, कृषि औजार एवम् उपकरण,

(ख) साना सिँचाई निर्माण,

(ग) क्षमता अभिबृद्धि तालिम तथा अभिमुखिकरण।

(४) उपदफा (१) बमोजिमको कार्यक्रमको न्यूनतम मापदण्ड/प्रासङ्गिक विषय देहाय बमोजिम हुनेछन्:-

(क) हरेक स्थानीय तहले प्रति क्लस्टर न्युनतम पाँच (५) हेक्टर (१०० रोपनी/ १५० कट्ठा) मा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(ख) उद्योगहरुलाई आवश्यक पर्ने उपयुक्त जातको आलुको खेती गर्नु पर्नेछ।

(ग) उद्योगहरुसँग खरिद बिक्री सम्झौता गरी आलु उत्पादन तथा खरिद कार्य गर्न सकिनेछ।

(घ) खरिद बिक्री सम्झौता अनुसार उद्योगले उत्पादक कृषकलाई आवश्यक सहयोग गर्न सक्नेछ।



डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

२४. <u>खाद्य गोदाम घर/ कृषि बजार पूर्वाधार निर्माणका लागि सहयोग कार्यक्रमः</u> (१) यस कार्यक्रम अन्तर्गत स्थानीय स्तरमा कृषि पूर्वाधारहरुको विकास मार्फत कृषि उपजको भण्डारण तथा बजारीकरणमा सहजीकरण गर्न मन्त्रालयबाट सशर्त वित्तीय हस्तान्तरण भई स्थानीय तहबाट कार्यान्वयन हुने गरी खाद्य गोदाम घर/ कृषि बजार पूर्वाधार निर्माण निर्माण वा निरन्तरता तथा स्तरोन्नति लगायतका कार्यक्रम सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमको लक्षित वर्गको रुपमा स्थानीय तह/बजार विकास उपभोक्ता समिति रहनेछन्।

(३) उपदफा (१) बमोजिमको कार्यक्रम अन्तर्गत सञ्चालन गरिने प्रमुख क्रियाकलापहरू निम्न बमोजिम हुनेछनः-

(क) कृषि पूर्वाधारको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी,
(ख) लागत सहभागितामा कृषि उपज बजार पूर्वाधार निर्माण तथा निरन्तरता,
(ग) कृषि उपज संकलन तथा विक्री केन्द्र निर्माण तथा निरन्तरता,
(घ) कृषि बजारको स्तरोन्नती,
(ङ) कृषि थोक बजार निर्माण तथा निरन्तरता,
(च) कृषि खुद्रा बजार निर्माण तथा निरन्तरता,
(छ) कृषि हाट बजार निर्माण तथा निरन्तरता,
(ज) खाद्य गोदाम घरको निर्माण निरन्तरता।

(४) उपदफा (१) बमोजिमको कार्यक्रमको न्यूनतम मापदण्ड/प्रासङ्गिक बिषय निम्न बमोजिम हुनेछन्:-

(क) कृषि पूर्वाधार निर्माण सरकारी/सामुदायिक/सार्वजनिक जग्गामा गरिनुपर्नेछ। जग्गाको स्वामित्व तथा भोगचलन सम्बन्धमा कानुनी अड्चन लगायतका समस्या नरहेको हुनु पर्नेछ। निजी जग्गामा पूर्वाधार विकास गर्दा कम्तीमा २० वर्ष अवधिका लागि सम्बन्धित स्थानीय तहले करार सम्झौता गरेर लिजमा लिएको हुनु पर्नेछ।

(ख) कृषि उपज बजार निर्माण गर्दा बजारको प्रकार अनुसार यथासम्भव अनुसूची- १० मा उल्लिखित विभिन्न कृषि उपज बजारको निर्माणका लागि आवश्यक न्यूनतम क्षेत्रफल र प्राथमिकता प्राप्त पूर्वाधारको विवरण अनुसार वा सम्बन्धित स्थानीय तहबाट हुने प्राविधिक एवम् स्थलगत निरीक्षणवाट उचित ठहरिए बमोजिम हुनु पर्नेछ।

(ग) पूर्वाधार निर्माण पूर्व प्राविधिक र इन्जिनियरिङ्ग सम्भाव्यता अध्ययन (आवश्यकता अनुसार पुनरावलोकन समेत गरी) भएको हुनु पर्नेछ।

(घ) सशर्त हस्तान्तरित कार्यक्रममा जुन कृषि पूर्वाधार विकास कार्यक्रम निर्माण गर्ने उल्लेख भएको छ, सोही पूर्वाधार निर्माणमा मात्र रकम खर्च गर्नु पर्नेछ।

(ङ) कार्यक्रममा नै समूह/सहकारी/उपभोक्ता समितिसँगको साझेदारीमा कृषि पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिने उल्लेख भएकोमा सोही बमोजिम गर्नु पर्नेछ।

(च) निर्माण सम्बन्धी अन्य प्राविधिक तथा आर्थिक पक्ष प्रचलित कानून र सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गर्नु पर्नेछ। निर्मित बजार पूर्वाधारको सञ्चालनको कार्यविधि स्थानीय तहले बनाई सञ्चालन गर्न सकिनेछ।

(छ) यस्तो निर्माण कार्य गर्दा विनियोजित बजेटको अधिनमा रही कार्यक्रम सञ्चालन गर्नु पर्नेछ र थप आर्थिक दायित्व सिर्जना गर्न पाइने छैन।

डा. गोविन्द प्रसाद शर्मा
सचिव

२५. <u>कृषि तथा पशुपन्छी सेवा विस्तारको लागि भवन निर्माण कार्यक्रमः</u> (१) स्थानीय तहमा कृषि तथा पशुपन्छी सेवा विस्तारलाई प्रभावकारी बनाउन उपलब्ध प्रशासनिक पूर्वाधारको स्तरोन्नति तथा नयाँ संरचना निर्माणका लागि यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(२) कृषि तथा पशुपन्छी सेवा प्रवाह भवन निर्माण सम्बन्धी प्राविधिक तथा आर्थिक पक्ष प्रचलित कानून र सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गर्नु पर्नेछ। निर्मित पूर्वाधार सञ्चालन तथा व्यवस्थापन सम्बन्धी निर्णय र कार्य प्रणाली सम्बन्धित स्थानीय तहले तय गर्न सक्नेछ।

२६. <u>प्रशोधन केन्द्र निर्माण सहयोग कार्यक्रमः</u> (१) स्थानीय तहमा विभिन्न कृषि उपजहरुको भण्डारण, मूल्य अभिवृद्धि, बजारीकरण र मुल्य श्रृंखलामा टेवा पुऱ्याउन स्थानीय तहबाट कार्यान्वयन हुने गरी प्रशोधन केन्द्र निर्माण कार्यक्रम सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमको लक्षित वर्गको रुपमा किसान/ कृषि समूह तथा कृषि सहकारी/ उद्यमी/ सम्बन्धित स्थानीय तह रहने छन्।

(३) उपदफा (१) बमोजिमको कार्यक्रम अन्तर्गत सञ्चालन गरिने प्रमुख क्रियाकलापहरू निम्न बमोजिम हुनेछन्:-

(क) प्रशोधन केन्द्रको लागि आवश्यक पूर्वाधार निर्माण,

(ख) प्रशोधन केन्द्रको लागि आवश्यक मेसिनरी खरिद।

(४) उपदफा (१) बमोजिमको कार्यक्रमको न्यूनतम मापदण्ड/प्रासङ्गिक बिषय निम्न बमोजिम हुनेछन्:-

(क) प्रशोधन केन्द्र निर्माण हुने जग्गाको स्वामित्व तथा भोगचलन सम्बन्धमा कानुनी अड्चन समस्या नरहेको हुनु पर्नेछ। निजी जग्गामा पूर्वाधार विकास गर्दा कम्तीमा पन्ध्र (१५) वर्ष अवधिका लागि सम्बन्धित संस्था/ निकायले करार सम्झौता अनुसार लिजमा लिएको हुनु पर्नेछ।

(ख) पूर्वाधार निर्माण गर्नु पूर्व प्राविधिक र इन्जिनियरिङ्ग सम्भाव्यता अध्ययन (आवश्यकता अनुसार पुनरावलोकन समेत गरी) भएको हुनु पर्नेछ।

(ग) सशर्त हस्तान्तरित कार्यक्रममा जुन प्रशोधन केन्द्र निर्माण गर्ने उल्लेख भएको छ, सोही पूर्वाधार निर्माणमा मात्र हस्तान्तरित रकम खर्च गर्नु पर्नेछ।

(घ) कार्यक्रममा नै समूह/सहकारी/उपभोक्ता समितिसँगको साझेदारीमा कृषि पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिने उल्लेख भएकोमा सोही बमोजिम हुनेछ।

(ङ) निर्माण सम्बन्धी अन्य प्राविधिक तथा आर्थिक पक्षहरू प्रचलित कानून र सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम हुनेछ।

(च) निर्मित पूर्वाधार सञ्चालन तथा व्यवस्थापन सम्बन्धी निर्णय र कार्य प्रणाली सम्बन्धित स्थानीय तहले तय गर्न सक्नेछ।

२७. <u>स्थानीय उत्पादनको बजारीकरण सहयोग कार्यक्रमः</u> (१) स्थानीय तहमा उत्पादन भएका कृषि उपजको बजारीकरणमा सहजीकरण गर्नका लागि यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमको लक्षित वर्गको रुपमा किसान /कृषि समूह तथा कृषि सहकारी / उद्यमी /सम्बन्धित स्थानीय तह रहनेछन्।

(३) यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिने प्रमुख क्रियाकलापहरू निम्न बमोजिम हुनेछनः-



डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

(क) मापदण्ड र आवश्यक कार्यविधि निर्धारण गरी स्थानीय उत्पादनको लागत मूल्य निर्धारण, लागत मूल्यमा निश्चित प्रतिशत मुनाफा सहित न्यूनतम समर्थन मूल्य निर्धारण र सो को कार्यान्वयन गर्ने,

(ख) उत्पादन/बिक्री परिमाणका आधारमा स्थानीय तहले प्रोत्साहन अनुदान निर्धारण गरि उपलब्ध गराउन सक्नेछ,

(ग) स्थानीय उत्पादनको बजारीकरणका लागि स्थानीय तहमा निश्चित सहकारी छनौट गरी उक्त सहकारीलाई बजारीकरण सहजीकरणका लागि निश्चित रकम बीउ पूँजीका रुपमा उपलब्ध गराउन सकिनेछ,

(घ) स्थानीय उत्पादनहरुको बजारीकरणको लागि ढुवानी खर्चमा पचास (५०) प्रतिशत अनुदान उपलब्ध गराउने,

(ङ) कोल्ड च्याम्बर वा कोल्ड स्टोरमा कृषि उपज भण्डारण गर्दा लाग्ने शुल्कमा पचास (५०) प्रतिशत अनुदान दिने,

(च) स्थानीय उत्पादनहरुको बजारीकरणको लागि आवश्यक तालिम र प्रचार प्रसार समाग्री सहयोग गर्ने,

(छ) स्थानीय उत्पादनको बजारीकरणका लागि नजिकको प्रमुख बजारमा स्टल स्थापना तथा भाडा सहयोग र उक्त बजार वा कुनै उद्योगसँग समझदारी गरी खरिद विक्री सम्झौता गर्न सकिनेछ।

२८. <u>कोल्डरुम/ कोल्ड च्याम्बर निर्माण तथा स्तरोन्नति कार्यक्रमः</u> (१) कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम अन्तर्गत स्वीकृत कार्यक्रम अनुसार स्थानीय तहबाट कोल्ड रुम/कोल्ड च्याम्वर निर्माणका कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमको लक्षित बर्गमा स्थानीय तह, कृषक, कृषि उद्यमी, कृषि उद्योगी, कृषक समूह, कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समितिहरू रहने छन्।

(३) उपदफा (१) बमोजिमको कार्यक्रमको न्यूनतम मापदण्ड/ प्रासङ्गिक बिषय निम्न बमोजिम हुनेछन्:-

(क) यस कार्यक्रम अन्तर्गत स्थानीय तहहरूमा विनियोजित बजेटको अधिनमा रही स्थायी/पोर्टेवल संरचना सहितको कोल्डरुम/पोर्टेवल कोल्ड च्याम्वर निर्माण कार्य गर्नु पर्नेछ। यसको विस्तृत डिजाइन तथा स्पेशिफिकेशन नमुनाका लागि अनुसूची -११ मा संलग्न छ। यसमा स्थानीय तहको आवश्यकता, भौगोलिक अवस्था तथा अन्य आधार लिई परिमार्जन/अद्यावधिक गरी स्पेशिफिकेशन तथा लागत अनुमान तयार गर्न सकिनेछ।

(ख) कोल्ड च्याम्वर/ पोर्टेवल कोल्ड रुम निर्माण पूर्व स्थानीय तहले इन्जिनियर/कृषि इन्जिनियर, कृषि प्राविधिक सहितको प्राविधिक टोलीबाट सम्भाव्यता अध्ययन गराउनु पर्नेछ।

(ग) स्थिर संरचनाको हकमा यो संरचना यथासम्भव सरकारी/ सहकारी/ सामुदायिक/ सार्वजनिक जग्गामा निर्माण गर्नु पर्नेछ। निजी जग्गामा पूर्वाधार विकास गर्दा कम्तीमा पन्ध्र (१५) वर्ष अवधिका लागि सम्बन्धित स्थानीय तहले लिजमा लिएको हुनु पर्नेछ।

(घ) निर्मित संरचनाको सञ्चालन सम्बन्धी निर्णय सम्बन्धित स्थानीय तहले गर्न सक्नेछ।

(ङ) कोल्ड च्याम्वर/ पोर्टेवल कोल्ड रुम निर्माण कार्य सम्बन्धित स्थानीय तहले प्रचलित खरिद ऐन तथा नियमावली बमोजिम स्थानीय तह आफैले वा सहकारी/उपभोक्ता समिति मार्फत गराउन सक्नेछ।



डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

(च) निर्माण सम्बन्धी प्राविधिक तथा आर्थिक पक्षहरू सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम हुनेछ।

२९. <u>सिँचाइ संरचना निर्माण कार्यक्रमः</u> (१) यस कार्यक्रम अन्तर्गत कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न आवश्यक सिँचाइ संरचनाहरु निर्माण गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमको लक्षित समूहमा कृषि उद्यमी, कृषक समूह, कृषि/कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समितिहरू रहेने छन्।

(३) उपदफा (१) बमोजिमको कार्यक्रमका प्रमुख क्रियाकलापहरू निम्न बमोजिम रहेने छनः-

(क) साना सिँचाइ पूर्वाधार निर्माण/स्तरोन्नति तथा मर्मत सुधार,

(ख) सिँचाइ पोखरी, कुलो, इनार, कुवा, प्लास्टिक पोखरी, सिँचाइ पाईप, मोटर निर्माण तथा जडान,

(ग) स्यालो टयूबवेल बोरिङ्ग लगायतका भूमिगत पूर्वाधारहरू निर्माण,

(घ) नवीन सिँचाइ प्रविधि (थोपा सिँचाइ, स्पिङ्कलर सिँचाइ, सौर्य उर्जामा आधारित लिफ्ट सिँचाइ आदि) निर्माण तथा जडान।

(४) उपदफा (१) बमोजिमको कार्यक्रमका लागि न्यूनतम मापदण्ड/ प्रासङ्गिक बिषयहरु निम्न बमोजिम हुने छन्:-

(क) यस कार्यक्रम अन्तर्गत स्थानीय तहहरूमा कृषियोग्य जमिनमा सिँचाइको सुविधा बढाउनको लागि साना सिँचाइ पूर्वाधार निर्माण/स्तरोन्नतिका कार्यक्रमलाई प्राथमिकता दिनुपर्नेछ। साना सिँचाइ पूर्वाधार निर्माण गर्ने स्थानीय तहले आफै मापदण्ड बनाएर खेतस्तरमा वा स्थनीय तहमा कुलो, नाला, पोखरी तथा अन्य सिँचाइ पूर्वाधार निर्माण/ स्तरोन्नति तथा मर्मत संभार गर्न सक्नेछ।

(ख) यस कार्यक्रमबाट साना सिँचाइका पूर्वाधार विस्तार/ स्तरोन्नति, नयाँ निर्माण तथा मर्मत जस्ता कार्यहरू मात्र गर्न सकिनेछ। सोलारबाट लिफ्ट सिँचाइ आयोजना गर्ने स्थानीय तहले आफै मापदण्ड बनाएर लिफ्ट सिँचाइको सम्भाव्यता भएका स्थानमा inlet structure निर्माण, सोलार प्यानल तथा पम्प जडान, पानी संकलन पोखरी निर्माण तथा पाइप वितरण गर्ने जस्ता कार्यहरू गर्न सक्नेछ।

(ग) प्रति स्यालो ट्युबवेलमा बढीमा रु एक लाख सम्म अनुदान उपलब्ध गराउन सकिनेछ। साना सिँचाई पूर्वाधार निर्माण खरिद सम्बन्धी कार्य सम्बन्धित स्थानीय तहले प्रचलित खरिद ऐन तथा नियमावली बमोजिम आफै वा सहकारी/उपभोक्ता समिति मार्फत गराउन सक्नेछ।

३०. <u>कृषि तथा पशुपन्छी बजारीकरणका लागि कृषि एम्बुलेन्स कार्यक्रमः</u> (१) किसानले उत्पादन गर्ने तरकारी, फलफूल तथा अन्य नाशवान् कृषि उपजहरूको सहज आपूर्ति, सुरक्षित र समयमै ढुवानी गर्न, क्षतिको न्यूनीकरण गर्न, स्थानीय उत्पादनलाई प्रोत्साहन गर्दै उपभोक्तालाई सहजरुपमा ताजा कृषि उपजको उपलब्धतामा सहयोग पुऱ्याउन चिस्यान सुविधा सहितको कृषि एम्बुलेन्स कार्यक्रम सञ्चालन गरिनेछ।

(२) यस कार्यक्रमको लक्षित समूहमा कृषक, कृषक समूह, कृषि सहकारी तथा स्थानीय तह रहनेछन्।

(३) यस कार्यक्रमको प्रमुख क्रियाकलापहरू निम्न बमोजिम रहने छनः-

(क) कृषि एम्बुलेन्स प्रयोजनका लागि Single Cab गाडी खरिद।



डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

(ख) कृषि एम्बुलेन्स प्रयोजनका लागि खरिद गरिएको गाडीमा चिस्यान सुविधा जडान।

(ग) कृषि एम्बुलेन्स सञ्चालनका लागि अन्य आवश्यक व्यवस्थापकीय कार्यहरु।

(४) यस कार्यक्रमको न्यूनतम मापदण्ड/प्रासङ्गिक बिषय निम्न बमोजिम हुनेछनः-

(क) कृषि एम्बुलेन्स सेवा किसानको तरकारी, फलफूल तथा अन्य नाशवान् कृषि उपजहरू शहर तथा बजार क्षेत्रका उपभोक्तासम्म ढुवानी गर्ने कार्यमा मात्र प्रयोग गर्नु पर्नेछ।

(ख) स्थानीय तहले कृषि एम्बुलेन्स सेवा सञ्चालन गर्न आवश्यक कार्यविधि र कृषि एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धी मापदण्ड स्वीकृत गरी लागू गर्नु पर्नेछ।

३१. <u>सिंचित क्षेत्रमा चैते धान प्रवर्द्धन कार्यक्रम:</u> (१) चैते धान बालीको उत्पादन एवम् उत्पादकत्व वृद्धि र मूल्य श्रृंखला विकास मार्फत देशमा खाद्य तथा पोषण सुरक्षाको अवस्थामा सुधार गर्न र आत्मनिर्भरता बढाउन एवम् बढ्दो धान चामल आयात न्यूनिकरण गर्नु यस कार्यक्रमको उद्देश्य रहनेछ।

(२) यस कार्यक्रमको लक्षित समूहमा कृषक, कृषक समूह, कृषि सहकारी तथा स्थानीय तह रहनेछन्।

(३) चैते धान बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत सञ्चालन हुने क्रियाकलापहरू निम्न बमोजिम हुनेछन्:-

(क) क्षेत्र विस्तार र बीउ उत्पादन सहयोग

(अ) क्षेत्र विस्तार र बीउ उत्पादनमा आबद्ध कृषकहरुलाई उत्पादन सामाग्री (बीउ, प्राङ्गारिक मल, सुक्ष्म खाद्यतत्व, झारनाशक विषादी, किटनाशक विषादी, रोगनाशक विषादी, धान सुकाउन त्रिपाल लगायतमा) दफा ४ बमोजिम अनुदान दिन सकिनेछ।

(आ) चैते धान खेती गर्ने कृषकलाई प्रति कठ्ठा बढीमा रु ४००/- वा प्रति रोपनी रु ६००/- का दरले नगद प्रोत्साहन अनुदान उपलब्ध गराउन सकिनेछ। चैते धान लगाए पश्चात सम्बन्धित स्थानीय तहको कृषि प्राविधिकले स्थलगत प्रमाणीकरण गरी अनुदान उपलब्ध गराउन सकिनेछ।

(ख) प्रविधि प्रसार र प्राविधिक सेवा टेवा

(अ) यस अन्तर्गत धानका नँया उन्मोचित जात वा कृषि अनुसन्धान केन्द्रहरूबाट प्राप्त हुने उन्मोचन क्रममा रहेका उत्कृष्ट जातहरूको कृषक स्तरमा प्रति प्रदर्शन तराईमा कम्तीमा १.५ कठ्ठा वा पहाडमा १ रोपनी क्षेत्रफल हुने गरी जातीय प्रदर्शन/परिक्षण सञ्चालन गर्न सकिनेछ। यस्तो प्रदर्शनमा उन्नत बीउ, सिफारिस अनुसारको रासायनिक मलखाद, सुरक्षित विषादि र प्रदर्शन बोर्ड आदिको लागि दफा ४ बमोजिम अनुदान उपलव्ध गराउन सकिनेछ।

(आ) चैते धान खेतीमा प्लाष्टिक टनेलको प्रयोगबाट सामान्य अवस्थामा भन्दा १५-२० दिन पहिले बेर्ना तयार गरि समयमै बाली तयार भई बाली कटानीको समयमा बर्षाबाट हुन सक्ने क्षति कम गर्न सकिने भएकोले बेर्ना उत्पादनमा प्लाष्टिक टनेलको प्रयोगलाई बढवा दिन प्रदर्शनीको रुपमा प्लाष्टिक टनेल निर्माणमा दफा ४ बमोजिम अनुदान दिन सकिनेछ।

(इ) चैते धान खेतीमा मेशिनबाट रोप्नका लागि लागि सामुदायिक नर्सरीमा बेर्ना उत्पादनका लागि दफा ४ बमोजिम कृषि सामाग्रीहरुमा अनुदान दिन सकिनेछ।

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

(ई) उच्च उत्पादन दिने नेपालमा विकास भएका मसिनो जात (नेपाली हाइब्रिड समेत) धानको बृहत क्षेत्र प्रदर्शनी (Large plot demonstration) का लागि तराईमा कम्तीमा ५ कठ्ठा र पहाडमा ३ रोपनी क्षेत्रफलमा प्रदर्शनका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ। उक्त क्षेत्रफलमा सञ्चालन गरिने प्रदर्शनमा प्रयोग गरिने बीउ, सुरक्षित विषादि एवम् प्रदर्शन बोर्डमा दफा ४ बमोजिम अनुदान उपलव्ध गराउन सकिनेछ।

(उ) स्थानीय स्तरमा प्रादेशिक माटो परीक्षण प्रयोगशालासँगको समन्वयमा माटो जाँच शिविर सञ्चालन गर्न सकिनेछ। माटो जाँचको आधारमा बढी अम्लीयपना भएको क्षेत्रमा कृषकहरूलाई ५० प्रतिशत अनुदानमा कृषि चुन (ढुवानीमा १०० प्रतिशत अनुदान) वितरण गर्न सकिनेछ। त्यस्तै माटो सुधारका लागि दफा ४ बमोजिम तोकिएको अनुदानमा हरियो मलको लागि ढैंचा, मुङ को बीउ वितरण गर्न सकिनेछ।

(ऊ) रोग कीरा रोकथाम तथा झारपात नियन्त्रणका लागि प्राविधिकको स्थलगत अवलोकन र कृषकका मागका आधारमा दफा ४ बमोजिम अनुदानमा रोग कीटनाशक विषादी र उपकरण वितरण गर्न सकिनेछ।

(ऋ) तालिम आवश्यकता पहिचानको आधारमा एवम् नविनतम् प्रविधिहरूबारे कृषक एवम् कृषि उद्यमीहरूको ज्ञान, सिप एवम् क्षमता अभिवृद्धि हुने खालका स्थलगत (१ दिने) तालिम स्थानीय तहको प्रचलित नर्मस अनुसार सञ्चालन गर्न सकिनेछ।

(ग) कृषि यान्त्रीकरण सहयोग

(अ) यस अन्तर्गत कृषक, कृषक समूह र कृषि सहकारीहरूलाई उत्पादन, प्रशोधन र बजारिकरणमा उपयोग हुने साना कृषि मेशिनरी औजार जस्तै: पावर/ मिनी टिलर, विडर, मिनी हार्भेष्टर, रिपर, मिनी थ्रेसर, ब्रस कटर, कम्वाइन मिल, स्प्रेयर र सिड ट्रिटमेन्ट ड्रम लगायतका मेशिन/सामग्रीहरूमा दफा ४ बमोजिम अनुदान दिन सकिनेछ।

(आ) सामुदायिक वा व्यक्तिगत रुपमा स्थानीय तहमा स्थापना भएका कष्टम हायरिङ्ग सेन्टरहरूबाट कृषकहरूले कृषि यन्त्र तथा मेशिनरी भाडामा लिई प्रयोग गर्दा मेशिन भाडा वापत लाग्ने कुल खर्चमा कृषकहरूलाई ५० प्रतिशत सम्म अनुदान दिन सकिनेछ।

(घ) साना सिँचाइ सहयोग

(अ) यस अन्तर्गत सार्वजनिक/सामुदायिक कुलो निर्माण/मर्मत तथा सार्वजनिक/सामुदायिक/ व्यक्तिगत रुपमा स्यालो ट्युववेल जडान र सोलार पम्प जडानमा दफा ४ बमोजिम अनुदान उपलव्ध गराउन सकिनेछ।

(आ) कृषकहरूको मागका आधारमा प्राविधिकबाट उपयुक्त सिँचाइ स्किमको स्पेसिफिकेसन र लागत अनुमान तयार गरी लाभग्राहीसँग सम्झौता गरी यस कार्यक्रम सञ्चालन गर्न सकिनेछ। कुलो निर्माण तथा मर्मतको लागि प्रति आयोजना बढीमा रु १,००,०००/- र स्यालो ट्युववेल जडानको हकमा प्रति स्किम बढीमा रु ५०,०००/- अनुदान प्रदान गर्न सकिनेछ। सोलार सिँचाइको हकमा भने एक वटा स्किमको लागि मात्र बढिमा रु १,५०,०००/- सम्म अनुदान उपलव्ध गराउन सकिनेछ।

(ङ) चैते धान विक्रीमा आधारित नगद प्रोत्साहन अनुदान



डा. गोविन्द प्रसाद शर्मा
सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(अ) सम्बन्धित स्थानीय तह वा नजिकमा रहेका धान चामल मिलहरूसँग स्थानीय तहमा उत्पादित बर्षे सिजनको मसिना जातको धान तथा चैते धान खरिदको लागि मिलको छनौट गरी आपूर्ति परिमाण, खरिदका शर्त एवम् नेपाल सरकारले मध्यम मसिनो जातको बर्षे सिजनको धानको लागि तोक्ने न्यूनतम समर्थन मूल्य तथा चैते धानको लागि तोक्ने न्यूनतम समर्थन मूल्यमा खरिद बिक्रि गर्ने गरि समझदारी गर्न सकिनेछ।

(आ) यसरी छनौट गरिएको मिललाई बर्षे सिजनको मसिना जातका धान एवम् चैते धान खरिद वापत प्रोत्साहन स्वरुप प्रति केजी बढिमा रु. ५ (पाँच) का दरले बैंक खातामा जम्मा हुने गरी नगद प्रोत्साहन अनुदान दिन सकिनेछ।

३२. <u>मध्य पहाडी मकै बाली प्रबर्द्धन/हिउँदे मकै प्रवर्द्धन कार्यक्रम:</u> (१) तराई तथा मध्य पहाडको भौगोलिक तथा प्राविधिक सम्भाव्यतालाई उपयोग गर्दै खाद्य तथा पोषण सुरक्षामा महत्वपूर्ण योगदान दिने मकै बालीको प्रवर्द्धनका लागि यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमको लक्षित समूहमा कृषक, कृषक समूह, कृषि सहकारी तथा स्थानीय तह रहनेछन्।

(३) उपदफा (१) बमोजिमको कार्यक्रम अन्तर्गत देहायका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछः-

(क) क्षेत्र विस्तार र बीउ उत्पादन सहयोग

(अ) यस अन्तर्गत क्षेत्रफल विस्तारका लागि नेपाली हाइब्रिड तथा स्वदेशी खुला सेचित मकैको उन्नत बीउ र सुक्ष्म खाद्यतत्व, किटनाशक विषादी, रोगनाशक विषादी, मकै सुकाउन त्रिपाल, यु.भी. प्लाष्टिक, चिस्यान मिटर लगायतका उत्पादन सामाग्री तथा पोष्ट हार्भेष्ट उपकरणमा दफा ४ बमोजिम अनुदान उपलब्ध गराउन सकिनेछ।

(आ) पहाडी क्षेत्रहरुमा बीउ उत्पादनका कार्यक्रमलाई प्राथमिकता दिनुपर्नेछ।

(इ) बीउ उत्पादनमा संलग्न कृषक समूह, सहकारीलाई स्रोत बीउ, बीउ ग्रेडर, प्याकेजिङ मेसिन, सीड ट्रिटर, लेभलिङ मेसिन बोरा छपाई, बोरा सिलाउने मेशिन, बीउ तौलने मेशिन, त्रिपाल लगायतका सामग्रीहरू आवश्यकताका आधारमा दफा ४ बजोजिम अनुदान उपलब्ध गराउन सकिनेछ।

(ई) तराई जिल्लाका स्थानीय तहमा हिउँदे र बसन्ते मकै खेती विस्तारको लागि नेपाली हाइब्रिड मकैको बीउको प्रदर्शन तथा प्रवर्द्धनका लागि प्रति किट प्रति किसान बढिमा १ किलो शत प्रतिशत अनुदानमा उपलब्ध गराउन सकिनेछ। मध्य पहाडी जिल्लाका स्थानीय तहको हकमा नेपाल कृषि अनुसन्धान परिषदबाट हालसालै पहाडी क्षेत्रका लागि सिफारिस नयाँ नेपाली हाईब्रिड एवम् स्वदेशी खुला सेचित जातको मकैको बीउको प्रदर्शन तथा प्रवर्द्धनका लागि प्रति किट प्रति किसान बढिमा १ किलो शत प्रतिशत अनुदानमा उपलब्ध गराउन सकिनेछ।

(ख) प्रविधि प्रसार र प्राविधिक सेवा टेवा

(अ) यस अन्तर्गत मकैका नँया उन्मोचित जात वा उन्मोचनको क्रममा रहेका उत्कृष्ट जातहरूको कृषक स्तरमा जातीय प्रदर्शन/ परिक्षण क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।



डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

सो का लागि प्रति प्रदर्शन तराईमा कम्तीमा १.५ कठ्ठा वा पहाडमा १ रोपनी क्षेत्रफल हुने गरी प्रदर्शन सञ्चालन गर्न सकिनेछ। यस्तो प्रदर्शनमा उन्नत बीउ, सिफारिस अनुसारको रासायनिक मलखाद, सुरक्षित विषादि र प्रदर्शन बोर्ड आदिमा खर्च गर्न सकिनेछ।

(आ) स्थानीय स्तरमा प्रादेशिक कृषि प्रयोगशालासँगको समन्वयमा माटो जाँच शिविर सञ्चालन गर्न सकिनेछ। माटो जाँचको आधारमा बढी अम्लीयपना भएको क्षेत्रमा कृषकहरूलाई बढिमा ५० प्रतिशत अनुदानमा कृषि चुन (ढुवानीमा १०० प्रतिशत अनुदान) वितरण गर्न सकिनेछ।

(इ) आई.पि.एम. प्रविधिको अनुशरण, विषादी वा विडरको प्रयोगबाट झारपात व्यवस्थापन, बायोफर्टिलाइजरको प्रयोग तथा नविनतम् प्रविधि लगायतका विषयमा तालिम तथा प्रदर्शन सञ्चालन गर्न सकिनेछ।

(ई) मकैमा कोशे बाली र अन्य बालीहरू समावेश गरि अन्तरबाली व्यवस्थापन, मलखादको सन्तुलित प्रयोग, रोगकिराको जैविक विधिद्धारा व्यवस्थापन, पोष्ट हार्भेष्ट क्षती न्यूनीकरणका लागि उपयुक्त प्रविधि आदिको प्रदर्शन कार्यक्रम शत प्रतिशत अनुदानमा सञ्चालन गर्न सकिनेछ।

(उ) उत्पादन भएको मकैको बिक्रीको सुनिश्चितताको लागि स्थानीय तहले कृषक, कृषक समूह तथा सहकारी संस्थालाई दाना उद्योग वा प्रशोधन उद्योगहरुसँग खरिद सम्झौता गराउनमा सहजीकरण गर्न सक्नेछ।

(ग) कृषि यान्त्रीकरण सहयोग अन्तर्गत स्थानीय तहभित्रका व्यावसायिक मकै उत्पादन, मकै क्षेत्र बिस्तार तथा बीउ उत्पादनमा संलग्न कृषक, व्यक्तिगत फर्म, कृषि समूह वा सहकारीलाई मकै खेतीमा प्रयोग हुने साना तथा मझौला कृषि यन्त्र तथा उपकरणहरू खरिदको लागि दफा ४ बमोजिम अनुदान उपलब्ध गराउन सकिनेछ।

(घ) साना सिँचाइ सहयोग अन्तर्गत सार्वजनिक/सामुदायिक कुलो निर्माण/मर्मत तथा सार्वजनिक/सामुदायिक/व्यक्तिगत रुपमा स्यालो ट्युववेल जडान र सोलार पम्प जडानमा दफा ४ बमोजिम अनुदान उपलब्ध गराउन सकिनेछ। कृषकहरूको मागका आधारमा प्राविधिकबाट उपयुक्त सिँचाइ स्किमको स्पेसिफिकेसन र लागत अनुमान तयार गरी लाभग्राहीसँग सम्झौता गरेर सञ्चालन गर्न सकिनेछ। कुलो निर्माण तथा मर्मतको लागि प्रति आयोजना बढीमा रु १,००,०००।– र स्यालो ट्युववेल जडानको हकमा प्रति स्किम बढीमा रु ५०,०००। अनुदान प्रदान गर्न सकिनेछ। सोलार सिँचाइको हकमा भने एक वटा स्किमको लागि मात्र बढिमा रु १,५०,०००।-सम्म अनुदान उपलब्ध गराउन सकिनेछ।

(ङ) उत्पादन र विक्रीमा आधारित नगद प्रोत्साहन अनुदान सम्बन्धित स्थानीय तह वा नजिकमा रहेका दाना उद्योगहरूसँग स्थानीय तहमा उत्पादित हाइब्रिड मकै खरिदको लागि मकै उत्पादन क्षेत्रका कृषक, कृषक समूह तथा सहकारी र दाना उद्योग विच समझदारी गर्न सकिनेछ। समझदारी अनुरुप हाइब्रिड मकै विक्रि गर्ने कृषकलाई प्रोत्साहन स्वरुप प्रति केजी रु ५ (पाँच) का दरले नगद प्रोत्साहन अनुदान दिन सकिनेछ।

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

३३. **रैथाने बाली प्रवर्द्धन कार्यक्रम:** (१) स्थानीय खाद्य तथा पोषण सुरक्षाको स्थितिमा सुधार गर्न तथा प्रमुख खाद्यान्नको आयात न्यूनिकरण गरी आत्मनिर्भरता तर्फ अघि बढ्न रैथाने खाद्यान्न बालीहरूको उत्पादन एवम् उत्पादकत्व वृद्धि र मूल्य श्रृंखला विकासमा सहयोग पुर्याउन यस कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यक्रम अन्तर्गत कोदो, कागुनो, चिनो, जौं, फापर, उवा, जुनेलो लगायतका बालीहरुलाई प्राथमिकतामा राखि कार्यक्रम सञ्चालन गरिनेछ। साथै, स्थान विशेषको सम्भाव्यता र विद्यमान लोकप्रियताको आधारमा धान, मकै, दलहन बाली, तेलहल बाली, जरेबाली, फलफूल, तरकारी आदिका रैथाने एवम् स्थानीय जातहरुलाई पनि यो कार्यक्रममा समावेश गर्न सकिनेछ।

(२) यस कार्यक्रमको लक्षित समूह कृषक, कृषक समूह, कृषि सहकारी, सामुदायिक बीउ बैंक, होमस्टे संचालक, रैथाने बालीको परिकार विविधिकरण तथा कच्चा पदार्थको उत्पादन र बजारीकरणमा संलग्न व्यक्ति, फर्म तथा सामुदायिक संस्थाहरू लगायत मूल्य श्रृंखलाका अन्य सरोकारवालाहरू हुनेछन्।

(३) यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिने प्रमुख क्रियाकलापहरू देहाय अनुसार रहेका छन्:-

(क) रैथाने बाली क्षेत्र विस्तार सहयोग तथा प्रोत्साहन अनुदान

(अ) बीउ किट वितरण: रैथाने बालीको उन्नत एवम् सूचिकृत रैथाने जात र स्थानीय स्तरमा लोकप्रिय जातको बीउ वितरण गर्न सकिनेछ। सोका लागि प्रति किट बढिमा रु दुई सयका दरले निशुल्क वितरण गर्न सकिनेछ।

(आ) क्षेत्र विस्तार प्रोत्साहन अनुदान: आफ्नो वा लिजमा लिएको कम्तिमा पछिल्लो तिन वर्ष खेती नगरी बाँझो रहेको जमिन खनजोत गरि स्थानीय तहले तोकेका रैथाने बाली वा रैथाने जातको खेती गर्ने कृषकलाई प्रोत्साहन अनुदान उपलव्ध गराउन सकिनेछ। सो का लागि प्रति कट्ठा बढिमा रु ६०० वा प्रति रोपनी बढिमा रु ९०० का दरले खर्च गर्न सकिनेछ। त्यसै गरि १ हेक्टरमा रैथाने बाली खेती गर्ने कृषकलाई पनि प्रति कट्ठा बढिमा रु ६०० वा प्रति रोपनी बढिमा रु ९०० का दरले प्रोत्साहन अनुदान दिन सकिनेछ। बाली लगाएको ४५ दिन पछि प्राविधिकले स्थलगत अनुगमन गरि बाली लगाएको क्षेत्रफल एकिन गरि अनुदानको लागि सिफारिस गर्नु पर्नेछ। यसरी उपलब्ध गराइने नगद प्रोत्साहन अनुदान सम्बन्धित लाभग्राहीको बैङ्क खातामा जम्मा गरिदिनुपर्नेछ।

(इ) रैथाने बालीको उत्पादनमा प्रोत्साहन अनुदान: रैथाने बालीको प्रतिस्पर्धात्मक क्षमता बढाउन उत्पादन लागत कम गरि खेती विस्तार गर्न सहयोग पुर्याउन रैथाने बालीको खेती गर्ने कृषकलाई उत्पादनको आधारमा प्रति किलो उत्पादनको लागि बढिमा रु १०।- प्रोत्साहन बापत उपलव्ध गराउन सकिनेछ। यसको लागि स्थानीय तहले रैथाने बाली एवम् जात तोकि सूचना मार्फत आव्हान गरि खेती गरेको जग्गा र बालीको उत्पादनको आवश्यक फिल्ड भेरिफिकेशन गरि अनुदान रकम सम्बन्धित कृषकको खातामा हालिदिनु पर्नेछ।

(ख) रैथाने बालीको महत्वबारे सचेतना एवम् प्रचार प्रसार

(अ) जानकारीमूलक सन्देश प्रसारण: कृषि शाखा मार्फत स्थानीय एफ.एम./रेडियो तथा अन्य माध्यमसँग सम्झौता गरि रैथाने बालीको महत्व बारेमा निरन्तर प्रसारण तथा प्रकाशन सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ।

(आ) चित्र होडिङ बोर्ड राख्ने: रैथाने बालीको महत्वबारे जानकारी तथा प्रचार प्रसारको लागि धेरै मानिसले देख्ने स्थानमा सचित्र होडिङ बोर्ड राख्न सकिनेछ।



डा. गोविन्द प्रसाद शर्मा
सचिव

(इ) सचेतना तालिम: खाद्य तथा पोषण सुरक्षामा रैथाने बालीको महत्व सम्बन्धी महिला स्वास्थ्य स्वंयम सेविका, सामाजिक कार्यकर्ता, गैह्र सरकारी संस्थाका समुदायस्तरमा कार्यरत कर्मचारी र विद्यालयका शिक्षकका लागि सचेतना तालिम दिन सकिनेछ। सो का लागि स्थानीय तहका शिक्षा र स्वास्थ शाखाहरूसँगको समन्वयमा सहभागी छनौट गरी एक दिने तालिमको विषयवस्तु तयार गरि २० जना सहभागीहरुलाई तालिम दिन सकिनेछ।

(ई) औपचारिक कार्यक्रमहरूमा रैथाने खाद्यान्नमा आधारित परिकार उपभोग अभियान सञ्चालन गर्ने: रैथाने बालीको महत्व बारे सचेतना एवम् प्रचार प्रसार गरी मूल्य श्रृंखला विकासमा टेवा पुर्याउन स्थानीय तह अन्तर्गत आयोजना हुने सार्वजनिक सभा, समारोह, भेला, गोष्ठी, तालिम, बैठक आदिमा वितरण गरिने खाजा स्थानीय स्तरमा नै उपलव्ध रैथाने खाद्यान्नमा आधारित बनाउने बारे स्थानीय तहको कार्यपालिकाबाट निर्णय गराई लागू गर्न सकिनेछ।

(ग) रैथाने बाली प्रवर्द्धनमा स्थानीय विद्यालयसँग सहकार्य:

(अ) रैथाने बालीको स्थानीय पाठ्यक्रम लागू गर्ने: स्थानीय तहले रैथाने बालीको महत्व र खेती प्रविधि एवम् परिकार विविधिकरण तथा मूल्य अभिवृद्धि सम्वन्धी विषयहरू समेटी स्थानीय स्तरमा बढि पाइने र उपयोगी रैथाने बालीमा आधारित विद्यालय स्तरको निम्न माध्यमिक/ माध्यमिक शिक्षाको स्थानीय पाठ्यक्रम तथा पाठ्य पुस्तक तयार गरि लागू गर्न सक्ने छन्। पाठ्यक्रम तथा पाठ्य पुस्तक तयार गर्न लाग्ने खर्च यस कार्यक्रमबाट गर्न सकिनेछ।

(आ) रैथाने खाद्यान्नमा आधारित दिवा खाजा कार्यक्रम लागू गर्ने: रैथाने बालीको महत्व र परिकारबारे विद्यार्थीहरूलाई जानकारी गराउन तथा विद्यालयको दिवा खाजा कार्यक्रममा रैथाने उपजको परिकार बनाउनको लागि विद्यालय छनौट एवम् मोडालिटी तयार गरि सम्झौता गरि आर्थिक तथा प्राविधिक सहयोग गर्ने गरी क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

(इ) विद्यालय फिल्ड जिन बैंक स्थापना: रैथाने बाली र अन्य आर्थिक महत्वका स्थानीय कृषि जैविक विविधता संरक्षण एवम् विद्यार्थीको सिकाई प्रक्रियालाई मद्दत पुर्याउन विद्यालय परिसरमा फिल्ड जिन बैंक स्थापना गर्न सकिनेछ।

(ई) विद्यालय स्तरीय रैथाने बाली सचेतना अभियान (School Campaign): पालिकामा अवस्थित माध्यमिक तहका विद्यालयहरुको कक्षा ९ र १० का विद्यार्थीहरुलाई लक्षित गरि आधा दिनसम्मको रैथाने बालीहरुबारे सचेतना अभियान सञ्चालन गर्न सकिनेछ। पालिका भरिका विद्यालयहरुमा समन्वय गरी विषय विज्ञबाट तयार सचेतनाका विषयवस्तुलाई विद्यार्थीहरु माझ प्रस्तुत वा छलफल गराउन सकिन्छ।

(घ) माटो स्वास्थ्य सुधार, प्रविधि प्रसार एवम् प्राविधिक सेवा टेवा:

(अ) नमूना भकारो सुधार अभियान/ सुधारिएको गोठेमल कार्यक्रम अन्तर्गत कृषि शाखाले कम्तिमा १० घरको क्लस्टरमा कार्यक्रम सञ्चालन हुने गरी लाभग्राहीसँग सम्झौता गर्नु पर्नेछ। सोका लागि कृषि शाखाले कार्यक्रमको लागत अनुमान तयार गरिदिनुपर्नेछ। यस अन्तर्गत आवश्यक सामाग्रीमा ५० प्रतिशत सम्म अनुदान वा प्रति परिवार बढिमा रु १० हजारका दरले अनुदान दिन सकिनेछ।



डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

(आ) कम्पोष्ट मल तयारी कार्यक्रम अन्तर्गत गड्यौंले मल उत्पादन तथा स्थानीय बायोमासको प्रयोग गरि कम्पोष्ट मल तयारी गर्न आवश्यक सामग्रिमा कृषकलाई ५० प्रतिशत सम्म अनुदान उपलव्ध गराउन सकिनेछ।

(इ) कोशेबालीको उन्नत बीउ वितरण कार्यक्रम अन्तर्गत माटोको उर्वराशक्ति सुधारको लागि पाखो बारीमा कोशेबालीको उन्नत बीउ प्रति परिवार १ केजीको किट शत प्रतिशत अनुदानमा वितरण गर्न सकिनेछ।

(ई) रैथाने बाली सम्वन्धी तालिम कार्यक्रम अन्तर्गत कृषि शाखाले रैथाने बालीको महत्व, खेती प्रविधि र संरक्षणबारे स्थानीय कृषक, महिला स्वास्थ्य स्वयंसेवक, शिक्षक, सामाजिक कार्यकर्ता, गैर सरकारी संस्थाका कर्मचारी आदिलाई एक दिने तालिम आयोजना गर्न सकिनेछ।

(ङ) प्रशोधन, मूल्य अभिवृद्धि एवम् परिकार विविधिकरण तथा बजारीकरण सहयोगः

(अ) मेशिनरी तथा उपकरण सहयोगः सामुहिक वा निजी रैथाने बालीको प्रशोधन केन्द्र स्थापनाको लागि चुट्ने मेशिन, फल्ने (dehulling/ dehusking) मेशिन, भण्डारण व्याग वा विन, कुट्ने तथा पिस्ने मिल आदि लाभग्राहीसँगको सम्झौता वा मागको आधारमा ५० प्रतिशत अनुदानमा वितरण गर्न सकिनेछ। रैथाने बालीमा आधारित परिकार विक्रि गर्ने सामुहिक वा निजी रेष्टुरेन्टको लागि ओभन, मिक्चर, ट्रे, रेफ्रिजेरेटर, डिजिटल ब्यालेन्स आदि खरिदमा लाभग्राहीसँगको सम्झौताको आधारमा खरिद र जडान गरे पछि बढिमा ५० प्रतिशत अनुदान उपलव्ध गराउन सकिनेछ।

(आ) रैथाने बाली परिकार विविधिकरण तालिम तथा प्रदर्शनीः रैथाने बालीको परिकार तयारीबारे दुई दिने तालिम आयोजना गरि तालिम सम्पन्न भए पश्चात सहभागीहरूबाट तयार गरिएको र अन्य रैथाने खाद्य एवम् परिकारको सार्वजनिक स्थानमा प्रदर्शनी गर्ने गरी क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

(इ) कोशेली घर सञ्चालन सहयोगः स्थानीय स्तरमा रैथाने बालीका उपज तथा खाद्य परिकार विक्रि स्टल वा कोशेली घर सञ्चालनका लागि आवश्यक ऱ्याक/ सोकेश लगायतका सामग्रीहरू खरिद गर्नका लागि बढिमा ५० प्रतिशत अनुदान वा रु ३०,०००/- सम्म खर्च गर्न सकिनेछ।

(ई) खाद्य परिकार मेला आयोजनाः स्थानीय तहको केन्द्र वा उपयुक्त बजार केन्द्रमा सम्भव भए सम्म साझेदारीमा खाद्य परिकार मेला तथा प्रदर्शनी आयोजना गर्न सकिनेछ।

(उ) मेला/ महोत्सवमा सहभागी हुनेः जिल्ला सदरमुकाम वा जिल्ला बाहिर सञ्चालन हुने रैथाने बाली सम्बन्धी मेला/ प्रदर्शनी वा महोत्सवमा सहभागी हुनका लागि आवश्यकता अनुसार उपज ढुवानी, कृषक/ व्यवसायीको लागि नियमानुसारको दैनिक तथा भ्रमण भत्ता लगायतमा खर्च गर्न सकिनेछ।

(ऊ) होमस्टे मार्फत रैथाने बाली एवम् परिकार प्रवर्द्धनः रैथाने खाद्य पदार्थ एवम् परिकार वितरण गर्ने निजी तथा सामुदायिक होमस्टेलाई स्थानीय रैथाने बालीका उत्पादक कृषक, कृषक समुदाय, सामुदायिक बीउ बैंक आदिसँग सम्पर्क स्थापित गर्नमा सहजिकरण गरिनेछ। साथै होमस्टे मार्फत रैथाने कृषि उपज तथा परिकार तयारी र विक्रि वितरणको



डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

लागि आवश्यक सामग्री एवम् प्रशोधन उपकरण खरिदको लागि ५० प्रतिशत सम्म अनुदानमा अधिकतम रु ५०,०००। सम्म खर्च गर्न सकिनेछ।

(ऋ) ब्राण्डिङ्ग सहयोग: रैथाने बालीमा आधारित उत्पादनको प्याकेजिङ्ग र ब्राण्डिङ्गमा प्रयोग हुने सामग्रीमा ५० प्रतिशत सम्म अनुदान उपलव्ध गराउन सकिनेछ।

(च) रैथाने तथा स्थानीय बाली विविधता संरक्षण

(अ) सामुदायिक कृषि जैविक विविधता अभिलेख तयारी: पालिका क्षेत्रभित्र भएका मानिसले प्रत्यक्ष वा अप्रत्क्ष रुपमा उपभोग गर्ने सम्पूर्ण वनस्पतिहरु, बालीनालिहरु, पशुपन्छीहरु, जलीय जीवजन्तु तथा वनस्पतिहरू र यी विविधताको विषयमा स्थानीय समुदायसँग भएका ज्ञान, सीप, सुचना, जानकारीलाई निश्चित ढाँचा र स्थानीय भाषामा लिखित रुपमा अभिलेखीकरण गरेर राख्नु आवश्यक भएकाले प्रत्येक वडामा भएका कृषक समूह, कृषि सहकारी वा सामुदायिक बीउ बैंकसँग सहकार्य गरी वडा स्तरीय र सबै वडाबाट विवरण संकलन गरी पालिका स्तरीय सामुदायिक कृषि जैविक विविधता अभिलेख तयारी गर्न सकिने छ। यसबाट भविष्यमा यसैका आधारमा संरक्षण तथा प्रवर्द्धनको योजना तयार गरी कार्यान्वयन गर्न सहज हुने छ। यो काम सम्पन्न गर्न कृषि शाखा, पशुपन्छी शाखा, डिभिजन वन कार्यालय, गैरसरकारी संघसंस्थाहरूसँग समन्वय गर्न सकिनेछ।

(आ) सामुदायिक बीउ बैंक स्थापना/सुदृढीकरण: यस अन्तर्गत रैथाने बाली संरक्षणका कृयाकलापहरू सञ्चालनको लागि क्रियाशिल वा नयाँ सामुदायिक बीउ बैंकहरू छनौट गरी सम्झौता पश्चात कार्यक्रम सञ्चालन गर्न सकिनेछ। सो का लागि Diversity block स्थापना तथा व्यवस्थापन, बीउ राख्ने भाँडो, दराज/र्‍याक आदि निर्माण/खरिद र बीउपूँजी कोष स्थापना सहयोग, लोपोन्मुख रैथाने जातको राष्ट्रिय जिन बैंकमा संरक्षण गर्नको लागि passport data फारम भरि विवरण राष्ट्रिय जिन बैंकमा पठाउने आदि कृयाकलापहरू सञ्चालन गर्न सकिनेछ।

(इ) रैथाने बाली एवम् जातको बीउ उत्पादन: रैथाने बाली एवम् जातको संरक्षण र उपयोगलाई बढावा दिन स्थानीय स्तरमा क्रियाशिल सामुदायिक बीउ बैंक, बीउ उत्पादक कृषक समूह तथा सहकारीले सूचिकृत रैथाने बाली एवम् जातको बीउ बजारिकरणको लागि सहजिकरण गरिदिनु पर्नेछ। साथै सम्बन्धित स्थानीय तहले रैथाने बालीको बीउ किट वितरणमा यसरी उत्पादित बीउ खरिद गर्न सक्नेछ। बीउ उत्पादन, प्रशोधन, भण्डारण तथा गुणस्तर नियन्त्रण तालिम र मेशिनरी उपकरण एवम् सामग्री ५० सम्म प्रतिशत सहयोग उपलव्ध गराउन सकिनेछ।

(ई) सम्मान र पुरस्कार: रैथानेबाली उत्पादन, प्रवर्द्धन र संरक्षणमा उत्कृष्ट कार्य गर्ने कृषक/कृषि उद्यमी/कृषकसमूह/सामुदायिक बीउ बैंक आदिलाई समितिको निर्णयले छनौट गरि सार्वजनिक कार्यक्रम आयोजना गरि वा आयोजित अन्य कृषि कार्यक्रममा पुरस्कार सहित सम्मान गर्न सकिनेछ। सोका लागि पुरस्कार र कार्यक्रमको आयोजना समेत गरि अधिकतम रु. ६०,०००।- सम्म खर्च गर्न सकिनेछ।

(उ) कन्दमूल बाली तथा जङ्गली प्रजातिको संरक्षण र उपयोग: स्थानीय स्तरमा प्रचलित कन्दमूल बाली तथा खान योग्य जङ्गली प्रजातिको संरक्षण र उपयोगको लागि व्यक्तिगत रैथाने बाली एवम् कृषि जैविक विविधता संरक्षणमा क्रियाशिल कृषक, कृषक समूह, सहकारी तथा



डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

सामुदायिक बीउ बैंकबाट संरक्षण तथा उपयोग प्रस्ताव माग गरि बीउ तथा प्रसारण सामग्रीमा शत प्रतिशत अनुदान र अन्य सहयोगमा बढिमा ५० प्रतिशत अनुदान उपलव्ध गराउन सकिनेछ।

३४. <u>कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बीउ बैंक सुदृढीकरण कार्यक्रमः</u> (१) ह्रासोन्मुख अवस्थामा रहेको कृषि जैविक विविधताको संरक्षण र दिगो विकास तथा उपयोग प्रवर्द्धन गर्न संघीय सशर्त वित्तीय हस्तान्तरण मार्फत तोकिएका स्थानीय तहहरूबाट यो कार्यक्रम कार्यान्वयन हुनेछ।

(२) यस कार्यक्रमको लक्षित समूह सामुदायिक बीउ बैंक, कृषक समूह र कृषि सहकारी हुनेछन्।

(३) यस कार्यक्रमको प्रमुख क्रियाकलापका क्षेत्रहरू र क्रियाकलापहरूको विस्तृत विवरण निम्न बमोजिम हुनेछन्:-

(क) सामुदायिक बीउ बैंक स्थापना एवम् सुदृढीकरण

(अ) रैथाने बाली तथा जातहरूको स्व-स्थानीय संरक्षण तथा उपयोग प्रबर्द्धनका लागि स्थानीय स्तरमा सामुदायिक बीउ बैंक स्थापना गर्नु आवश्यक हुन्छ। सामुदायिक बीउ बैंक स्थापना गर्दा स्थानीय बाली र जातहरुको विविधता धेरै भएको स्थान तथा समुदायलाई पहिलो प्राथमिकता दिएर छनोट गर्नु पर्नेछ।

(आ) सामुदायिक बीउ बैंक स्थापनाका लागि छनोट गरिएको क्षेत्रमा क्रियाशिल कृषक समूह, कृषि सहकारी, संघसंस्था तथा अन्य सरोकारवाला निकाय बीच सामुदायिक बीउ बैंकको आवश्यकता तथा महत्व र सान्दर्भिकताको बारेमा छलफल र सहमति गर्नुपर्दछ। यसको स्थापना तथा सञ्चालनका लागि सम्बन्धित कार्यालयले स्थानीय स्तरमा क्रियाशिल कृषि सहकारी संस्था वा कृषक समूह चयन गर्नु पर्नेछ। सम्बन्धित स्थानीय तहले रैथाने बाली एवम् जातको संरक्षण र उपयोग एवम् बीउ उत्पादन सम्बन्धी कृयाकलापहरुको विस्तृत कार्य योजनाका आधारमा नयाँ सामुदायिक बीउ बैंक स्थापना गर्न वा पहिले देखि नै क्रियाशिल सामुदायिक बीउ बैंकहरुलाई पनि सुदृढिकरण कार्ययोजनाको आधारमा कूल लागतको ८५ प्रतिशतमा नबढ्ने गरी पूर्वाधार निर्माण/ सुधार तथा मेशिनरी उपकरणमा सहयोग गर्न सक्नेछ।

(इ) सामुदायिक बीउ बैंकले रैथाने बाली एवम् जातको संकलन गरि उपयुक्त भण्डारण संरचनामा जोगाएर राख्ने, त्यस्ता बीउहरुको प्रयोग गरि जैविक विविधता प्रदर्शनी स्थल सञ्चालन गर्ने, त्यस्ता बाली एवम् जातको संरक्षणको लागि सदस्यहरुलाई प्रेरित गरि बीउ उपलव्ध गराउने, स्थानीय बीउ साटासाटको प्रबन्ध गर्ने, कृषकले रुचाएका स्थानीय जातहरुको बीउ उत्पादन गरि सदस्य र अन्य गैर सदस्यहरुलाई वितरण गर्ने, लोपोन्मुख एवम् विशेष गुण भएका रैथाने बाली एवम् जातहरुको पर-स्थानीय संरक्षणको लागि बीउलाई राष्ट्रिय जिन बैंकमा पठाउने लगायतका कार्यहरु गर्नु पर्नेछ।

(ई) कृषि जैविक विविधता संरक्षणका विविध गतिविधिहरु कार्यान्वयन गर्न, बीउ साटासाट एवम् खरिद गर्न, सदस्यहरुको अत्यावश्यक आवश्यकता पुरा गर्नको लागि ऋण प्रवाह गर्न जस्ता कार्यका लागि कोष खडा गर्न सामुदायिक बिउ बैंक वा कृषि जैविक विविधता संरक्षणमा संलग्न कृषक समूह तथा सहकारीलाई बीउ पूँजी उपलव्ध गराउन सकिनेछ।



डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

यस्तो कोष खडा गर्न चाहने सामुदायिक बीउ बैंक वा कृषक समूह वा कृषि सहकारीलाई अधिकतम् रु. एक लाख (१,००,०००/-) सम्म बीउ पूँजी उपलव्ध गराउन सकिनेछ।

(ख) सामुदायिक कृषि जैविक विविधता अभिलेख तयारीः यस कार्यक्रम अन्तर्गत स्थानीय तहले आफ्नो क्षेत्रभित्र रहेका उपभोगजन्य वनस्पतिहरु, बालीनालिहरु, पशुपन्छीहरु, जलीय जीवजन्तु तथा वनस्पतिहरूको नामावली तथा सो सम्बन्धमा समुदायस्तरमा रहेका ज्ञान, सीप, सूचना, जानकारीलाई निश्चित ढाँचा र स्थानीय भाषामा लिखित रुपमा अभिलेखीकरण गरेर राख्नु आवश्यक भएकाले प्रत्येक वडामा भएका कृषक समूह, कृषि सहकारी वा सामुदायिक बीउ बैंकसँगको सहकार्य तथा डिभिजन वन कार्यालय, गैरसरकारी संघसंस्था लगायतका सरोकारवालासँग समन्वय गरी वडा स्तरीय र स्थानीय तह स्तरीय सामुदायिक कृषि जैविक विविधता अभिलेख तयारी गर्न सकिनेछ।

(ग) कृषि जैविक विविधता सचेतनाः कृषि जैविक विविधता संरक्षणको महत्व बारे सर्वसाधारण जनता एवम् अन्य सरोकारवालाहरूलाई सचेत एवम् जागरुक बनाउन सहयोग पुग्ने गरि सचेतनाको गतिविधिहरू सञ्चालन गर्न सकिनेछ। यस्ता कृयाकलापहरूमा गाउँ स्तरिय भेला, गोष्ठी, सडक नाटक, रेडियो कार्यक्रम, विद्यालय स्तरिय प्रतियोगितात्मक र अन्य कार्यक्रमहरू, साँस्कृतिक पर्व आदिमा प्रचार प्रसारका गतिविधि आदि सञ्चालन गर्न सकिनेछ।

(घ) कृषि जैविक विविधता संरक्षणमा स्थानीय विद्यालयसँग सहकार्य

(अ) रैथाने बालीको स्थानीय पाठ्यक्रम लागू गर्नेः स्थानीय तहले रैथाने बाली एवम् स्थानीय कृषि जैविक विविधताको महत्व र संरक्षण बारे विद्यालय स्तरको निम्न माध्यमिक/माध्यमिक शिक्षाको स्थानीय पाठ्यक्रम तथा कोर्स बुक तयार गरि लागू गर्न सक्नेछन्।

(आ) रैथाने खाद्यान्नमा आधारित दिवा खाजा कार्यक्रम लागू गर्नेः रैथाने बालीको महत्व र परिकारबारे विद्यार्थीहरूलाई जानकारी गराउन तथा विद्यालयको दिवा खाजा कार्यक्रममा रैथाने उपजको परिकार बनाउनको लागि विद्यालय छनौट एवम् मोडालिटी तयार गरि सम्झौता गरि आर्थिक तथा प्राविधिक सहयोग गर्ने गरी क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

(इ) विद्यालय फिल्ड जिन बैंक स्थापनाः रैथाने बाली र अन्य आर्थिक महत्वका स्थानीय कृषि जैविक विविधता संरक्षण एवम् विद्यार्थीको सिकाई प्रक्रियालाई मद्दत पुर्याउन विद्यालय परिसरमा फिल्ड जिन बैंक स्थापना गर्न सकिनेछ।

(ङ) स्थानीय कृषि जैविक विविधता संरक्षण तथा प्रवर्द्धन

(अ) कृषि जैविक विविधता मेलाः

- कृषि जैविक विविधता मेला स्थानीय बाली विविधता र परम्परागत ज्ञानको महत्व उजागर गर्न उपयोग गरिने एक सशक्त माध्यम हो। यस्तो मेला रैथाने बाली एवम् जात र परम्परागत ज्ञानको संरक्षण र तिनको नयाँ पुस्तामा हस्तान्तरणको लागि निकै महत्वपूर्ण हुने गर्छन। साथै मेलाले कृषि जैविक विविधता र परम्परागत ज्ञानको अवस्था बारे पनि जानकारी दिन्छ। मेलामा मूलतः स्थानीय कृषकहरूद्वारा आफूसँग रहेको वा संरक्षण गरि राखिएको रैथाने जातहरूको प्रदर्शन गरिन्छ।



डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

- सम्बन्धित स्थानीय तहले स्थानीय सामुदायिक बीउ बैंक वा कृषि जैविक विविधता संरक्षणमा संलग्न संस्थासँगको सहकार्यमा कृषि जैविक विविधता मेला आयोजना गर्न सक्ने छ। यसको लागि मेलामा प्रदर्शन गरिने विषयहरू, दर्ता प्रक्रिया, पुरस्कारको व्यवस्था, प्रदर्शनी स्थलको व्यवस्था आदि विषयमा पूर्व तयारी गर्नु पर्दछ। मेला बारे स्थानीय सञ्चार माध्यम र अन्य माध्यमबाट व्यापक प्रचार प्रसार गर्नु पर्दछ। स्थानीय साँस्कृतिक एवम् धार्मिक मेला पर्वको अवसर पारि यस्तो मेला आयोजना गर्नु उपयुक्त हुन्छ। साथै कृषि मेला प्रदर्शनी र अन्य कृषि सम्बन्धी कार्यक्रमसँग मिलाएर पनि मेला आयोजना गर्न सकिन्छ।
- स्थानीय स्तरमा रैथाने जातको बारेमा बढी जानकार संरक्षक कृषकलाई मेलामा आमन्त्रण गरि सम्मान गर्न पनि सकिनेछ। मेलाको अवसरमा खाद्य परिकारको प्रदर्शनी र विक्रि वितरण, दोहरी गित, कविता तथा नाटक प्रदर्शन गर्ने व्यवस्था पनि गर्न सकिनेछ। मेलामा रैथाने जातका बीउ विजन तथा विरुवा साटासाट, किनबेच र निशुल्क वितरणको व्यवस्था गर्न सकिनेछ। त्यसै गरि स्थानीय विद्यालय तथा कलेजका विद्यार्थीहरूले अवलोकन गर्ने र जानकारी लिने व्यवस्था गर्न सकिन्छ। मेलामा प्रदर्शित रैथाने जातहरूको विवरण सामुदायिक कृषि जैविक विविधता दर्ता किताबमा उतार गर्नु पर्दछ। मेलामा प्रदर्शित स्थानीय एवम् रैथाने जातहरू मध्ये आर्थिक महत्वको तथा संरक्षण गर्नु पर्ने जातको पहिचान गरि जैविक विविधता प्रदर्शनी स्थलमा परिक्षण गरि हेर्नको लागि छुट्याउनु पर्दछ। त्यसै गरि परस्थानीय संरक्षणको लागि समेत रैथाने जातको पहिचान गरि करिब २०० ग्राम बीउ संकलन गरि बाली, जात, पहिचानको मूख्य गुण, संकलन गरिएको स्थान र उचाई, कृषकको नाम, विशेष गुण आदि विवरण सहित पासपोर्ट डाटा भरि राष्ट्रिय जिन बैंकमा पठाउने व्यवस्था समेत गर्नु पर्दछ।

(आ) जैविक विविधता प्रदर्शनी स्थलको स्थापना:

- लोपोन्मुख एवम् विशेष गुण भएका रैथाने जातहरू एकै थलोमा लगाई तिनका गुणहरू बारे अध्ययन गर्न जैविक विविधता प्रदर्शनी स्थलको स्थापना गरिनेछ। खास गरि सामुदायिक बीउ बैंकमा संरक्षित जातहरू एवम् जैविक विविधता मेलाबाट संकलित रैथाने जातका बीउहरू प्रदर्शनी स्थलमा लगाउन सकिनेछ। रैथाने जातको उपलव्धताको आधारमा प्रदर्शनी गरिने जातको संख्या यकिन गर्न सकिनेछ। एउटा बालीको स्थानीय स्तरमा उपलव्ध जातहरूको एउटै व्लक बनाउन सकिनेछ। सामान्यतया: एउटा जातलाई ३ मि. x३ मि. को प्लटमा लगाउन सकिनेछ। यस्तो प्रदर्शनी स्थल धेरै मान्छेको आवत जावत हुने र सबैले सजिलै देख्न सकिने स्थानमा हुनु पर्दछ। यस्तो प्रदर्शनी स्थलले रैथाने जातको संरक्षणको बारेमा जनचेतना जगाउन, लोपोन्मुख तथा महत्वपूर्ण जातको बीउको आदान प्रदान गर्न र जातहरूको पुनरुत्पादन गर्न मद्दत गर्दछ।
- जैविक विविधता प्रदर्शनी स्थलको स्थापना र व्यवस्थापन गर्ने कृषकलाई स्थानीय तहले वा सामुदायिक बीउ बैंकले सहमतिमा निश्चित रकम वा सुविधा दिन सक्ने छन्। यस्तो प्रदर्शनी स्थलमा बाली, जात, बाली लगाएको मिति, मलखाद, सिँचाईको विवरण लगायतका जानकारी दिने होर्डिङ्ग बोर्ड राख्नु पर्नेछ। बाली कटानीको लागि तयार भए पछि स्थानीय कृषक, अनुसन्धानकर्मी तथा प्रसार कार्यकर्ता, विद्यार्थी र जनप्रतिनिधिहरू समेतको भ्रमण



डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

गराई प्रदर्शनी स्थल स्थापनाको उद्देश्य र उपलब्धीहरू बारे बताउनु पर्नेछ। सहभागितामूलक मूल्याङ्कनको आधारमा जैविक विविधता प्रदर्शनी स्थलमा प्रदर्शन गरिएका अव्वल देखिएका जातहरूको सामुदायिक बीउ बैंक मार्फत समुदाय स्तरमा फैलाउन बीउ वितरण गर्नु वा कृषक स्तरमा बीज वृद्धि गर्नु पर्दछ। यसरी बीउ प्राप्त गर्ने कृषकले अर्को सिजनमा कम्तिमा पाँच जना कृषकलाई बीउ उपलब्ध गराउनु पर्ने व्यवस्था गर्न सकिन्छ। साथै यस्ता जातहरू राष्ट्रिय बीउ बिजन समितिमा दर्ता गर्ने प्रक्रियामा लैजानु पर्दछ।

(इ) विविधतायुक्त बीउ पोको वितरण:

- विविधतायुक्त बीउ पोको कृषकलाई वितरण गरिने रैथाने जातहरूको सानो परिमाणको बीउ हो। यस्तो बीउ जैविक विविधता प्रदर्शनी स्थलबाट बाली कटानी गरि लिइएको वा सामुदायिक बीउ बैंकमा संरक्षित बीउ हुन सक्छन्। सामान्यतयाः एक सेटमा तिन जातका बीउ समावेश गर्न सकिन्छ। एउटा जातको बीउ सामान्यतयाः एक पाउ देखि २ के. जि. सम्म हुन सक्छ। खेती गर्ने सामान्य तरिका बारे जानकारी पत्र सहित बाली लगाउने समय ठिक अघि सामुदायिक बीउ बैंकका सदस्य र अन्य कृषकलाई किट वितरण गर्न सकिनेछ। बीउ वितरणको रेकर्ड सामुदायिक बीउ बैंकमा सुरक्षित राखि बाली कटानी भए पश्चात उत्पादन विवरण लगायतका विषयमा कृषकको प्रतिकृया लिनु पर्दछ। सोको आधारमा थप क्षेत्र विस्तारमा जाने, राष्ट्रिय बीउ बिजन समितिमा दर्ता गर्न प्रक्रिया शुरु गर्ने वा पासपोर्ट डाटा भरि राष्ट्रिय जिन बैंकमा पठाउने बारेमा निर्णय गर्न सकिन्छ। यसरी वितरण गरिएका बीउको विवरण वा पासपोर्ट डाटा भरि सामुदायिक बीउ बैंकमा सुरक्षित राख्नु पर्दछ।

(ई) संरक्षक कृषक/समुदाय/संस्थालाई सम्मान गर्ने:

- स्थानीय स्तरमा यथास्थान एवम् घर गोठ तथा खेत स्तर कृषि जैविक विविधता संरक्षण र व्यवस्थापनमा निरन्तर क्रियाशिल स्थानीय संरक्षक कृषक, कृषक अगुवा वा अभियान्ता र कृषि जैविक विविधता संरक्षणमा उल्लेखनिय योगदान पुर्याउने कृषक समूह तथा सहकारी, स्थानीय समुदाय वा सो कार्यमा संलग्न स्थानीय संस्थाहरूलाई नगद पुरस्कार सहित सार्वजनिक सम्मान गर्न सकिनेछ। यसको साथै संरक्षण कार्यको भिडियो डकुमेन्ट्री तयार गरि प्रसारण पनि गर्न सकिनेछ।

(च) कन्दमूल एवम् जङ्गली प्रजातिको संरक्षण र उपयोग: स्थानीय स्तरमा उपलब्ध कन्दमूल बालीहरू र खानयोग्य जंगली वनस्पतिको संरक्षण र उपयोग गर्ने क्रियाकलाप सञ्चालन गर्न सकिनेछ। यस क्रियाकलापमा कृषक तालिम, जग्गा सुधार सहयोग, बार बन्देज, बीउ तथा बेर्ना खरिद वा तयारी सहयोग, मूल्य अभिवृद्धि तथा बजारिकरण सहयोग आदि गर्न सकिनेछ।

(छ) **स्थानीय आवश्यकतामा आधारित कार्यक्रमहरू:** यस कार्यविधिमा नसमेटिएका तर स्थानीय स्तरमा कृषि जैविक विविधता संरक्षणका लागि आवश्यक ठानिएका क्रियाकलापहरू कृषक र अन्य सरोकारवालाहरूको माग समेतको आधारमा सूचना प्रकाशन एवम् सम्झौता गरेर स्थानीय तहबाट सोझै सञ्चालन गर्न सकिनेछ।

३५. **<u>मकै बीउ उत्पादन कार्यक्रम:</u>** (१) विदेशी हाइब्रिडको प्रयोगले स्वदेशी जात लोप हुने खतरा बढेकोले स्वदेशमै मकै बीउको व्यवस्थापन गरी बीउ आयात कम गरि आत्मनिर्भर बन्ने दिशामा अघि बढ्न र समयमा नै



डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

गुणस्तरिय बीउ कृषकलाई उपलव्ध गराउन सहयोग पुऱ्याउनका लागि मध्य पहाडी क्षेत्रहरूमा मकै बीउ उत्पादन कार्यक्रम सञ्चालन गर्न अपरिहार्य देखिएकोले स्थानीय तहबाट सञ्चालन हुने गरी यो कार्यक्रम कार्यान्वयन गरिनेछ।

(२) यस कार्यक्रमका लक्षित समूहमा कृषक समूह, कृषि सहकारी, सामुदायिक बीउ बैंक, उपभोक्ता समिति र तिनमा आवद्ध अन्य कृषकहरू एवम् अन्य सरोकारवालाहरू हुनेछन्।

(३) यस कार्यक्रम अन्तर्गत प्रमुख क्रियाकलाप देहाय बमोजिम हुनेछन्-

(क) उत्पादन सामाग्री (स्रोत बीउ, प्राङ्गारिक/जैविक/ भर्मीकम्पोष्ट मल, विषादि) र प्रोत्साहन अनुदान सहयोग: स्थानीय तहभित्र मकैको बीउ उत्पादनका लागि बीउ उत्पादक कृषक समूह, सहकारी, सामुदायिक बीउ बैंकलाई नेपाली हाइब्रिड तथा खुला सेचित मकैको स्रोत बीउ र प्राङ्गारिक मल, सुक्ष्म खाद्यतत्व, किटनाशक विषादी, रोगनाशक विषादी, मकै सुकाउन त्रिपाल लगायतका कृषि उत्पादन सामाग्रीमा दफा ४ बमोजिम अनुदान उपलब्ध गराउन सकिनेछ। सम्भाव्यताको आधारमा नेपालमा विकास भएको मकैको हाइब्रिड बीउ उत्पादनको लागि समेत यो सुविधा उपलव्ध हुनेछ।

(ख) पूर्वाधार निर्माण/सवलिकरण तथा यान्त्रिकरण सहयोगः यस अन्तर्गत बीउ उत्पादक कृषक समूह, सहकारी, सामुदायिक बीउ बैंक आदिको बीउ उत्पादनको लागि भौतिक र प्राविधिक सहयोग उपलव्ध गराइनेछ। यसमा बीउ उत्पादन, प्रशोधन, भण्डारण, प्याकेजिङ्ग आदि कार्यमा प्रयोग हुने मेशिनरी उपकरणमा दफा ४ बमोजिम अनुदानमा उपलव्ध गराइनेछ। सामान्यतयाः देहाय बमोजिमको सामग्री एवम् सुविधा उपलव्ध गराउन सकिनेछ।

- मकै रोप्ने, गोड्ने तथा दाना छोडाउने मेशिन
- बीउ प्रशोधन कक्ष/गृह/मर्मत
- बीउ प्रशोधन मेशिन तथा थ्रेसिङ्ग फ्लोर निर्माण
- बीउ सुकाउन त्रिपाल तथा बीउ जोख्ने तराजु वा मेशिन
- बीउको चिस्यान मापन गर्ने यन्त्र
- बीउ प्याकिङ्ग गर्ने बोरा तथा बोरा सिलाउने मेशिन
- सिड ट्रिटर/ विषादी छर्ने मेशिन
- बीउ भण्डारणको लागि मेटल बीन/हर्मीटिक ब्याग
- बीउ ढुवानीमा सहयोग

(ग) प्रविधि प्रसारण तथा गुणस्तर नियन्त्रण: यस अन्तर्गत मूलतः बीउ उत्पादन एवम् गुणस्तर नियन्त्रण सम्वन्धमा बीउ उत्पादक कृषकको क्षमता विकासका गतिविधिहरू सञ्चालन गरिनेछन्। त्यस्ता तालिमहरूमा स्रोत/उन्नत (हाइब्रिड समेत) बीउ उत्पादन, प्रशोधन तथा भण्डारण, खडा बाली निरिक्षण, गुणस्तर नियन्त्रण, ट्यागिङ्ग, लेबलिङ्ग, बजारिकरण सम्बन्धी तालिम हुन सक्छन्। साथै प्रादेशिक बीउ विजन प्रयोगशाला र बीउ विजन गुणस्तर नियन्त्रण केन्द्रसँगको सम्पर्क र समन्वयमा बीउ उत्पादक संस्थाको सदस्यलाई गुणस्तरीय बीउ उत्पादन गरि बीउ विजन कारोबारको लागि योग्य बनाउन सो सम्बन्धी तालिम दिलाउन सकिनेछ।

(घ) खडा बाली निरिक्षण र उत्पादित बीउको परिक्षणको लागि आवश्यक सेवा शुल्कमा शत प्रतिशत अनुदान दिन सकिनेछ।

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

(४) यस कार्यक्रमसँग सम्बन्धित अन्य विषयवस्तुहरु देहाय बमोजिम हुनेछन्-

(क) यस कार्यक्रम मार्फत उत्पादन हुने बीउ कृषकहरुलाई बितरण गर्नको लागि स्वयं स्थानीय तहले खरिद गरि वा बिक्रीमा सहजीकरण गरि बीउ खरिदमा सहजिकरण गर्न सक्नेछ।

(ख) मकैको बीउ उत्पादन प्रवर्द्धन कार्यक्रमका लागि सम्भव भए सम्म विगत देखि नै क्रियाशिल रहेका बीउ उत्पादक समूह/ सहकारी/ सामुदायिक बीउ बैंक छनौट गर्नु पर्दछ। त्यस्तो बीउ उत्पादक समूह/ सहकारी/ सामुदायिक बीउ बैंकको उपस्थिति नरहेमा नयाँ स्थापना पनि गर्न सकिन्छ।

(ग) सम्बन्धित निकायले बजेटको परिधि एवम् आवश्यकता र सम्भाव्यता लगायतको आधारमा एक वा सो भन्दा बढि बीउ स्रोत केन्द्र विकास एवम् सुदृढिकरण गर्न सकिनेछ।

३६. <u>व्यावसायिक मकै उत्पादन मोडेल कार्यक्रमः</u> (१) व्यावसायिक मकै उत्पादन मोडेल कार्यक्रम मार्फत दाना उद्योगको मागलाई ध्यानमा राखि बहुसरोकारवालाहरुको संलग्नतामा हिउँदे/ बसन्ते सिजनमा खाली रहने जग्गामा दिगो रुपमा मकैको व्यावसायिकरण तथा प्रवर्द्धनात्मक खालका क्रियाकलाप सञ्चालन गरिनेछ। बजारको मागलाई ध्यानमा राखी मकैको मूल्य श्रृंखलामा संलग्न कृषक, कृषक समूह/ सहकारी, फर्म, ब्यापारी/ उद्योगी, एग्रोभेट लगायतका बहुसरोकारवालाहरुको प्रत्यक्ष सहभागिता तथा समन्वयमा दिगो रुपमा मकैको व्यावसायिकरण र बजारीकरण प्रवर्द्धन गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ।

(२) यस कार्यक्रमका लक्षित समूहमा कृषक समूह, कृषि सहकारी, उपभोक्ता समिति र तिनमा आवद्ध अन्य कृषकहरू एवम् अन्य सरोकारवालाहरू हुनेछन्।

(३) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

(क) यस कार्यक्रम अन्तर्गत बसन्ते वा हिउँदे मकै खेती हुने क्षेत्रहरु, मकै खेती बिस्तारमा रहेका समस्या तथा सम्भाव्यता अध्ययन गरि सूचना अद्यावधिक गर्न सकिनेछ।

(ख) यो कार्यक्रम अन्तर्गत अनुदान सहयोग प्राप्त गर्नको लागि न्युनतम १० हेक्टर क्षेत्रफलमा कृषक समूह/ सहकारी संस्था मार्फत ब्लकमा व्यावसायिक रुपमा मकै खेती गर्नु पर्नेछ।

(ग) कार्यक्रमको कार्यान्यवनको लागि पालिकाको कृषि विकास शाखा प्रमुख संरक्षक रहने गरि ९ सदस्यीय पालिकास्तरीय मकै व्यावसायिकरण बहुसरोकारवाला मञ्चको गठन गर्नु पर्नेछ। सहकारी संस्थाको प्रतिनिधि, अगुवा कृषक, एग्रोभेटको प्रतिनिधि, जल उपभोक्ता समूहको प्रतिनिधि, कृषि मेशिनरी सप्लायर्सको प्रतिनिधि, दाना/प्रशोधन उद्योग/व्यापारी को प्रतिनिधिबाट मञ्चको गठन हुनेछ भने संयोजकको चयन मञ्चले नै गर्नेछ। सम्बन्धित पालिकाको कृषि विकास शाखामा मञ्चको दर्ता गर्न सकिनेछ। सो मञ्चको बैठक योजना तर्जुमा, ब्यबस्थापन र बजारीकरणका लागि वर्षमा कम्तिमा तीन पटक आयोजना गर्नु पर्नेछ। योजना तर्जुमा बैठक बसन्ते मकैको हकमा मंशिर महिना भित्र र हिउँदे मकैको हकमा भाद्र महिना भित्र गरि सक्नुपर्नेछ र सो बैठकमा मकैको व्यावसायिकरणमा संलग्न सरोकारवालाहरुको भूमिका स्पष्ट पार्नुपर्नेछ | मञ्चले मकै व्वयसायिकरणको योजना तर्जुमा, उत्पादन देखि लिएर बजारीकरण सम्मका कार्यमा सहजीकरण गरि दिगो, सुदृढ मूल्य श्रृङ्खला विकासमा सहजीकरण गर्नेछ। उक्त मञ्च तथा सञ्जालले गर्ने क्रियाकलापहरु निम्न अनुसार रहेका छन्।

(अ) मकै बालीको व्यावसायिकरण सम्बन्धी सूचना अध्यावधिक गरि उपलब्ध गराउने।



डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

(आ) मकै बालीका सरोकारवालाहरुको क्षमता अभिबृद्धि गर्न समय सापेक्ष अन्तरक्रिया, तालिम, गोष्ठीको आयोजना गर्न सहजिकरण गर्ने।

(इ) मकै बालीको व्यावसायिकरणका लागि आवश्यक नीति निर्माण कार्यक्रम तयारीमा सुझाव दिने/पैरवी गर्ने।

(इ) दिगो र लैंगिक मैत्री तरिकाले मकैको व्यावसायिकरण तथा मकैको मूल्य श्रृखंला विकासमा जोड दिने।

(घ) कार्यक्रम अन्तर्गत आवश्यकता पहिचानको आधारमा मकैको व्यावसायिकरणमा आबद्ध सरोकारवालाहरुको ज्ञान, सिप एवम् क्षमता अभिबृद्धि गर्ने खालका तालिम/ भ्रमणको आयोजना गर्न सकिनेछ | तालिममा विषय विज्ञ प्रशिक्षकका लागि नजिकको सरकारी फार्म, कृषि ज्ञान केन्द्र, CIMMYT, राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रम वा कृषि अनुसन्धान केन्द्रबाट प्रशिक्षकहरूलाई आमन्त्रण गर्न सकिनेछ। सामान्यतया भ्रमण सञ्चालन गर्दा पालिका भित्रको कुनै एक कृषक समूह वा सहकारी देखि अर्को कृषक समूह वा सहकारी सम्म तथा सम्बन्धित जिल्ला भित्रको दाना उद्योग सम्मको हुनेछ|

(ङ) कार्यक्रम अन्तर्गत मकै उत्पादन र बजारीकरणमा संलग्न कृषक, कृषक समूह, सहकारी संस्थालाई सहुलियतपूर्ण ऋण प्राप्ति तथा बाली बिमामा मञ्च मार्फत सहजीकरण गर्न सक्नेछ।

(च) कार्यक्रम अन्तर्गत नेपाली हाइब्रिड तथा खुला सेचित मकैको उन्नत बीउ र प्राङ्गारिक मल, सुक्ष्म खाद्यतत्व, झारनाशक विषादी, किटनाशक विषादी, रोगनाशक विषादी, मकै सुकाउन त्रिपाल, यु.भी. प्लाष्टिक, किरा अनुगमनका लागि मोहनी पासो लगायतका कृषि उत्पादन सामाग्री तथा पोष्ट हार्भेष्ट सामाग्रीमा दफा ४ बमोजिम अनुदान उपलब्ध गराउन सकिनेछ।

(छ) स्थानीय स्तरमा प्रादेशिक कृषि प्रयोगशालासँगको समन्वयमा माटो जाँच शिविर सञ्चालन गर्न सकिनेछ। माटो जाँचको आधारमा बढी अम्लीयपना भएको क्षेत्रमा कृषकहरूलाई बढिमा ५० प्रतिशत अनुदानमा कृषि चुन (ढुवानीमा १०० प्रतिशत अनुदान) वितरण गर्न सकिनेछ।

(ज) मकैमा कोशे बाली र अन्य बालीहरू समावेश गरि अन्तरबाली व्यवस्थापन, मलखादको सन्तुलित प्रयोग, रोगकिराको जैविक विधिद्धारा व्यवस्थापन, पोष्ट हार्भेष्ट क्षति न्यूनीकरणका लागि उपयुक्त प्रविधि आदिको प्रदर्शन कार्यक्रम शत प्रतिशत अनुदानमा सञ्चालन गर्न सकिनेछ।

(झ) अन्तरबालीका रुपमा छोटो अवधिमा पाक्ने कोशेबालीका उन्नत बीउ दफा ४ बमोजिम अनुदानमा वितरण गर्न सकिनेछ।

(ञ) उत्पादन भएको मकैको बिक्रीको सुनिश्चितताको लागि स्थानीय तहले कृषक, कृषक समूह तथा सहकारी संस्थाको दाना उद्योग वा प्रशोधन उद्योगहरुसँग खरिद सम्झौता गराउनमा सहजीकरण गर्न सक्नेछ।

(ट) कृषि यान्त्रीकरण सहयोग: व्यावसायिक मकै उत्पादनमा संलग्न कृषक, कृषि समूह वा सहकारीलाई मकै खेतीमा प्रयोग हुने साना तथा मझौला कृषि यन्त्र उपकरण तथा पोष्ट हार्भेष्ट उपकरणहरू (मकै रोप्ने मेसिन, झार गोड्ने मेसिन, दाना छोडाउने मेसिन, मकैको ग्रेडर


डा. गोविन्द प्रसाद शर्मा
सचिव
कृषि तथा पशुपन्छी विकास मन्त्री

मेसिन, चिस्यान मिटर, बोरा सिलाउने मेशिन, विषादी छर्किने मेशिन) खरिदको लागि दफा ४ बमोजिम अनुदान उपलब्ध गराउन सकिनेछ।

(ठ) साना सिँचाइ सहयोग: कृषकहरूको मागका आधारमा प्राविधिकबाट उपयुक्त सिँचाइ स्किमको स्पेसिफिकेसन र लागत अनुमान तयार गरी लाभग्राहीसँग सम्झौता गरि दफा ४ बमोजिम अनुदान उपलब्ध गराउन सकिनेछ। यस अन्तर्गत माग बमोजिम सिँचाइ मोटर, डिजेल पम्प, डेलिभरि पाईप लगायतका सिँचाइमा प्रयोग हुने सामाग्रीहरुमा मात्र पनि अनुदान उपलब्ध गराउन सकिनेछ।

(५) यस कार्यक्रमका लागि अनुदान प्रतिशत र अधिकतम सीमा कार्यविधिको दफा ४ बमोजिम हुनेछ।

(६) यस कार्यक्रम सञ्चालनको प्रक्रिया एवम् व्यवस्थापकीय पक्ष परिच्छेद-२ बमोजिम हुनेछ।

३७. **पारिवारिक खेती प्रवर्द्धन कार्यक्रम:** (१) संयुक्त राष्ट्र संघले अन्तराष्ट्रिय पारिवारिक खेती वर्ष २०१४ मनाउने निर्णय गरेसँगै अन्तर्राष्ट्रिय समुदायमा पारिवारिक खेती सम्बन्धी बहसको थालनी भएको थियो। यसै सन्दर्भमा नेपालमा पनि पारिवारिक खेती कार्यक्रम सन् २०१४ मा नेपाल कृषि सहकारी केन्दिय संघ लि. सँगको समन्वयमा पारिवारिक खेती वर्षको रुपमा विभिन्न कार्यक्रम सञ्चालन गरिएको थियो। पारिवारिक खेती वर्ष २०१४ को कार्यक्रमबाट कृषिमा सकारात्मक प्रभावहरु परेको हुंदा नेपाल लगायत ६० भन्दा बढी मुलुकको अनुरोधमा संयुक्त राष्ट्र संघबाट पुनः सन् २०१९ देखि २०२८ सम्म सञ्चालन गर्नका लागि पारिवारिक खेती दशक घोषणा भएको छ। स्थानीय तहहरुमा पारिवारिक खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमको लक्षित समूहमा युवा कृषकहरु हुनेछन्।

(३) उपदफा (१) बमोजिमको कार्यक्रममा समावेश गरिने प्रमुख क्रियाकलापका क्षेत्रहरु र क्रियाकलापको विस्तृत विवरण देहाय बमोजिम हुनेछन्:-

(क) केन्द्रीय स्तरमा पारिवारिक खेती, कृषि भूमीको उपयोग तथा संरक्षण सम्बन्धी नीतिगत बहस: यस कार्यक्रमले केन्द्रीय स्तरमा कृषि भूमीको बर्गीकरण, उचित उपयोग र संरक्षण, र कृषियोग्य जमिनको खण्डीकरणलाई निरुत्साहित गर्न नीति तथा योजनाको निर्माण र कार्यान्वयनका लागि केन्द्रीय स्तरका सरोकारवाला मन्त्रालयहरु, सम्बन्धित आयोगहरु, गैह्र सरकारी संस्थाहरु, निजी क्षेत्र, पारिवारिक खेती राष्ट्रिय कार्यान्वयन समितीका सदस्य संस्थाका प्रतिनिधीहरु तथा सम्बन्धित सरोकारवाला निकायका प्रतिनीधिहरुको उपस्थितिमा बहस पैरवी सञ्चालन गर्ने।

(ख) प्रदेश स्तरमा पारिवारिक खेती, कृषि भूमीको उपयोग तथा संरक्षण सम्बन्धी अन्तर्क्रिया गोष्ठी: प्रदेशस्तरमा पारिवारिक खेती, कृषि भूमीको उपयोग तथा संरक्षण सम्बन्धी अन्तर्क्रिया गोष्ठी सञ्चालन गरिनेछ। यस अन्तर्क्रिया कार्यक्रममा प्रदेश स्तरका सरोकारवाला मन्त्रालयहरु, सम्बन्धित आयोगहरु, गैर सरकारी संस्थाहरु, निजी क्षेत्र, प्रदेश तथा जिल्ला कृषि सहकारी संघका प्रतिनिधीहरु, पारिवारिक खेती राष्ट्रिय कार्यान्वयन समितीका सदस्य, संस्थाका प्रदेश स्तरिय संयन्त्रका प्रतिनिधीहरु तथा सम्बन्धित सरोकारवाला निकायका प्रतिनीधिहरुको सहभागिता रहनेछ। प्रदेशमा विद्यमान नीति, समस्या तथा नीतिद्धारा सम्बोधन भएका बिषयहरुलाई छलफलमा विशेष जोड दिईनेछ।



डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

(ग) स्थानीय तहमा पारिवारिक खेती, कृषि भूमीको उपयोग तथा संरक्षण सम्बन्धी अन्तरक्रिया गोष्ठीः कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन रहेका स्थानीय तहहरुमा पारिवारिक खेती, कृषि भूमीको उपयोग तथा संरक्षण सम्बन्धी अन्तरक्रिया गोष्ठी सञ्चालन गरिनेछ। यस अन्तरक्रिया कार्यक्रममा पालिका स्तरका भूमी तथा कृषि शाखा, नापी कार्यालय, जिल्ला स्थित कृषि विषयका कार्यालयका प्रतिनीधि, सम्बन्धित सरोकारवाला निकायका प्रतिनीधिहरु, स्थानीय तहका नेतृत्वदायी भूमिकामा रहेका पदाधिकारी, असल अभ्यासका साथ सञ्चालन भएका कृषि सहकारी तथा अन्य वित्तीय संस्थाका प्रतिनिधीहरु, युवाहरु र पारिवारीक खेतीमा संलग्न कृषकहरुको प्रतिनिधीहरु तथा पारिवारिक खेती राष्ट्रिय कार्यान्वयन समितीका सदस्य संस्थाका स्थानीय स्तरको संयन्त्रका प्रतिनिधीहरुको सहभागिता गराउन सकिनेछ।

(घ) स्थानीय तहको समन्वयमा कृषि भूमीको बर्गीकरण, उचित उपयोग र संरक्षण, र कृषियोग्य जमिनको खण्डीकरण रोक्न स्थानीय तहमा नीति निर्माण गर्न सहयोग गरिनेछ। यसका लागि केन्द्र, प्रदेश र स्थानीय तहमा भएका छलफलबाट आएको निष्कर्षलाई समाबेश गरिनेछ।

(ङ) युवा जनशक्तिको क्षमता बिकास र परिचालनः यस कार्यक्रम अन्तर्गत छनौट भएका स्थानीय तहका ४०० भन्दा बढी युवाहरुलाई बिभिन्न क्षमता अभिबृद्धिका कार्यक्रमहरुमा समाबेश गरि पारिवारीक खेती कार्यक्रममा समाबेश गराइनेछ। यस अन्तर्गत देहायका कार्यक्रमहरु सञ्चालन गरिनेछः

(अ) युवाहरुलाई पारिवारीक खेती र जलवायू परिवर्तन सम्बन्धी अभिमखीकरण (१ दिने)
(आ) व्यावसायिक योजना निर्माण सम्बन्धी तालिम (३ दिने)
(इ) मूल्य श्रृंखला सम्बन्धी अन्तरक्रिया कार्यक्रम
(ई) डिजिटलाइजेशन र प्रविधि अभिमुखीकरण गोष्ठी
(उ) सिकाई भ्रमण Learning Route (७ दिने)

(च) पारिवारीक खेतीको नमुना फार्म स्थापनामा सहयोग अन्तर्गत तालिम प्राप्त युवाहरुलाई छनौट गरी नमूना फार्म स्थापनामा अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

(छ) वित्तीय सेवा र बजारमा पहुँचः युवा किसानहरुलाई क्षमता अभिबृद्धि तालीम पश्चात उनीहरुले बनाएको व्यावसायिक योजना अनुसार पारिवारीक खेती गर्ने युवा कृषकहरुलाई स्थानीय स्तरका कृषि सहकारी संस्था तथा अन्य बित्तीय संस्थाहरुबाट प्रदान गरिने सुलभ कर्जाको साथै सहकारी मार्फत बजारमा पहुँच पुऱ्याइनेछ।

३८. <u>माटो स्वास्थ्य सुधार कार्यक्रमः</u> (१) स्थानीय तहमा माटोको स्वास्थ्य परीक्षण नतिजाको आधारमा माटोको उर्वराशक्तिको व्यवस्थापन गरी बालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु यस कार्यक्रमको उद्देश्य रहनेछ।

(२) कार्यक्रमका लक्षित बर्ग तथा स्थानहरु देहाय बमोजिम रहनेछन्-

(क) माटो परीक्षण नतिजाको आधारमा माटोको स्वास्थ्य सुधार गर्नुपर्ने स्थानका कृषक, कृषक समूह, सहकारी, निजी फर्महरु तथा कम्पनीहरु,

(ख) व्यावसायिक रुपमा खेती हुने, प्राङ्गारिक पदार्थहरुको न्युन र रासायनिक पदार्थहरुको अधिक प्रयोग हुने स्थानहरु,

(ग) स्थानीय तहद्वारा प्राङ्गारिक खेती प्रवर्धनको लागि तोकिएका स्थानहरु।



डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

(३) यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु सञ्चालन हुनेछन्:-

(क) माटोको नमूना संकलन, परीक्षण र माटोको स्वास्थ्य सुधार सम्बन्धी तालिम तथा अभिमुखिकरण,

(ख) लक्षित बर्ग तथा स्थानका कृषकहरुको माटो परीक्षण,

(ग) माटो परीक्षण नतिजाको आधारमा माटोको अम्लियपना सुधारका लागि कृषि चुन वितरणमा ५० प्रतिशत सम्म अनुदान (ढुवानीमा १०० प्रतिशत),

(घ) गोबरवाट गुँइठा नबनाई मल बनाउने तथा बाली अवशेष नजलाई माटोमै प्रयोग गर्ने सम्बन्धमा सचेतना,

(ङ) माटोको प्राङ्गारिक पदार्थ सुधारका लागि हरियो मलहरु (ढैंचा, एजोला, कोशेवाली आदी) को उत्पादन र प्रयोग प्रबर्द्धन गर्न प्राविधिक प्रोत्साहन स्वरुप हरियो मल बालीका बीउको मिनी किट वितरण,

(च) गुणस्तरिय प्राङ्गारिक मल उत्पादन तथा भकारो सुधार मार्फत गुणस्तरिय कम्पोस्ट मल, गड्यौला मल तथा गोठे मल उत्पादन गर्नका लागि कृषि शाखाबाट लागत अनुमान स्वीकृत गरी बढीमा ५० प्रतिशत सम्म अनुदान दिन सकिनेछ।

३९. <u>RBPR प्रयोगशालाहरुको समन्वयमा सञ्चालक समितिको बैठक:</u> (१) विषादी अवशेष द्रुत बिश्लेषण प्रयोगशाला सञ्चालनलाई व्यवस्थित र प्रभावकारी तुल्याउनका साथै सम्बन्धित सरोकारवालहरुको समन्वयमा विषादी सचेतना अभिवृद्धि गर्न विषादी अवशेष द्रुत बिश्लेषण कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ६ को उपदफा (१) बमोजिमको समितिको वैठकलाई नियमित रुपमा सञ्चालन गर्नु यो कार्यक्रमको उद्देश्य रहनेछ।

(२) उपदफा (१) बमोजिमको बैठक सञ्चालनको लागि अर्थ मन्त्रालयबाट जारी गरिएको कार्य सञ्चालन निर्देशिका, २०८१ अनुसार खर्च गर्नु पर्नेछ।

४०. <u>RBPR प्रयोगशालाहरुको समन्वयमा प्रदेश समितिको बैठक:</u> (१) विषादी अवशेष द्रुत बिश्लेषण प्रयोगशाला सञ्चालनलाई व्यवस्थित र प्रभावकारी तुल्याउन साथै सम्बन्धित सरोकारवालहरुको समन्वयमा विषादी सचेतना अभिवृद्धि गर्न विषादी अवशेष द्रुत बिश्लेषण कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ५ को उपदफा (१) बमोजिमको समितिको वैठकलाई नियमित रुपमा सञ्चालन गर्नु यो कार्यक्रमको उद्देश्य रहनेछ।

(२) उपदफा (१) बमोजिमको बैठक सञ्चालनको लागि अर्थ मन्त्रालयमा जारी गरिएको कार्य सञ्चालन निर्देशिका, २०८१ अनुसार खर्च गर्नु पर्नेछ।

४१. <u>प्रदेशस्तरमा विषादीको समुचित प्रयोग सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम:</u> (१) कृषकले गुणस्तरहीन तथा आवश्यकता भन्दा बढी विषादी प्रयोग गर्ने गरेको सन्दर्भमा कृषकस्तरमा विषादीको समूचित प्रयोग तथा उपभोक्तामा परिरहेको विषादीको नकारात्मक असर सम्बन्धमा जनचेतना अभिवृद्धि गर्नु यस कार्यक्रमको उद्देश्य रहनेछ।

(२) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ:-

(क) विषादीको समूचित एवम् सुरक्षित प्रयोग सम्बन्धमा कृषकहरुलाई अभिमुखीकरण,

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ख) विभिन्न सञ्चार माध्यम तथा प्रकाशन सामाग्री मार्फत विषादीको समूचित प्रयोग एवम् नकारात्मक असरका बारेमा सूचना सम्प्रेषण,

(ग) विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशालामा तरकारी तथा फलफूलको नमूना लिई विषादीको अवशेष परीक्षण सहयोग,

(घ) प्रमुख बजार, विक्री स्थल तथा उत्पादन थलोमा विषादीको सुरक्षित प्रयोग, विषादी प्रयोग पश्चात् पर्खनुपर्ने समय (waiting period), विषादी निर्मलीकरण, लगायतका विषयमा उत्पादक, व्यापारी र उपभोक्तालाई सचेत गराउने,

(ङ) रसायनिक विषादीको विकल्पमा जैविक, घरेलु तथा वानस्पतिक विषादीहरुको प्रयोग बढाउन कृषकस्तरमा सचेतना फैलाउन शत्रुजीव व्यवस्थापनका प्रविधिहरु हस्तान्तरणका लागि Yellow Sticky Trap, Lures, नीममा आधारित विषादी लगायतका सामाग्री वितरण,

(च) जैविक विषादी बनाउने तथा प्रयोग बढाउने सम्बन्धी सचेतना तथा तालिम कार्यक्रममा सहयोग।

४२. <u>कृषि अध्यापन गराउने विद्यालयमा ल्याब स्तरोन्नति कार्यक्रमः</u> (१) कृषि विषय अध्यापन गराउने सामुदायिक विद्यालय एवम् सरकारी कलेजमा रहेका कृषि विषयसँग सम्बन्धित प्रयोगशालाहरुको सुदृढीकरण मार्फत कृषि विषयको पठन पाठनको गुणस्तर अभिवृद्धि तथा नजिकका कृषकलाई प्राविधिक सहयोग पुर्‍याउने यस कार्यक्रमको प्रमुख उद्देश्य हुनेछ।

(२) यस कार्यक्रम सञ्चालन सम्बन्धमा कृषि विषय अध्यापन गराउने सामुदायिक विद्यालय एवम् सरकारी कलेजसँग सम्झौता गरी कृषि विषय सम्वद्ध प्रयोगशालासँग सम्बन्धित मेशिनरी औजार, उपकरण तथा रसायन लगायतका प्रयोगशाला सामाग्रीहरुमा ५० प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ। कार्यक्रम सञ्चालनका सम्बन्धमा आवश्यक प्रक्रियाहरु सम्झौतामा उल्लेख गरी व्यवस्थित गर्न सकिनेछ।

(३) सम्बन्धित स्थानीय तहले आवश्यकता अनुसार सामुदायिक विद्यालय एवम् सरकारी कलेजका प्रयोगशालाहरुको स्तरोन्नतिका लागि सह-लगानी गर्न सक्नेछ।

(४) यसरी अनुदान प्राप्त गर्ने विद्यालय तथा कलेजहरुको प्रयोगशालाले नजिकका कृषकलाई प्रयोगशाला सेवा उपलब्ध गराउनुपर्नेछ।

४३. <u>बाँझो जग्गा सदुपयोगका लागि कृषि विकास कार्यक्रमः</u> (१) कृषियोग्य भूमि विभिन्न कारणले बाँझो रहने क्रम बढ्दै गइरहेको सन्दर्भमा निजी, सार्वजनिक तथा सरकारी बाँझो जग्गालाई उपयोग गरी देहाय बमोजिमका उद्देश्यहरु हासिल गर्न यो कार्यक्रम स्थानीय तह मार्फत सञ्चालन गरिनेछ। खेतीयोग्य बाँझो जमिन, अनुपस्थित भूस्वामित्व जमिन एवम् उपयोगमा नआएका सरकारी एवम् सार्वजनिक जमिनलाई कृषि बाली/ वस्तुको उत्पादनको लागि प्रयोगमा ल्याई कृषि उत्पादन र उत्पादकत्व वृद्धि मार्फत खाद्य तथा पोषण सुरक्षामा सुधार ल्याउने तथा कृषि क्षेत्रमा युवाहरूलाई आकर्षण गरी स्थानीय स्तरमा रोजगारी सृजना गर्ने यस कार्यक्रमको सोच रहेको छ।

(२) यस कार्यक्रमको लक्षित वर्गमा निजी जमिन, सरकारी स्वामित्वको जमिन एवम् सार्वजनिक जमिनमा कृषि उत्पादन गर्न ईच्छुक कृषक, कृषक समूह, निजी उद्यमी र कृषि कम्पनीहरु रहने छन्।



डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

(३) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछः-

(क) बाँझो जग्गाहरुको अभिलेख संकलन,

(ख) बाँझो जग्गाको भाडा शुल्क निर्धारण तथा करार खेती प्रबर्द्धन,

(ग) बाँझो जग्गामा खेती गर्ने किसानलाई भाडा शुल्कमा अनुदान सहयोग,

(घ) जग्गा जमीनको गह्रा सुधार कार्यक्रम,

(ङ) सिँचाइ संरचना निर्माण तथा मर्मत सुधार,

(च) प्राङ्गारिक मल, विषादी, सुक्ष्म तत्व, वीउ विजन, नर्सरी, विरुवा खरिद,

(छ) कृषि यन्त्र, औजार उपकरण खरिदमा सहयोग,

(ज) भकारो सुधार,

(झ) प्रविधि र प्राविधिक सेवा टेवा,

(ञ) वन्यजन्तुबाट हुने क्षति नियन्त्रण आवश्यक आधारभूत सामग्रीमा सहयोग।

(४) यस कार्यक्रमको न्यूनतम मापदण्ड/ प्रासङ्गिक विषय देहाय बमोजिम हुनेछन्-

(क) कार्यक्रम सञ्चालनका लागि स्थानीय तहले पालिकाभित्र रहेको बाँझो जमिनको अभिलेख तयार गर्नु पर्नेछ। अभिलेखका आधारमा बाँझो जमिन सदुपयोग सम्बन्धी आन्तरिक कार्य प्रक्रिया स्थानीय तहले बनाउन सक्नेछ।

(ख) बाँझो जग्गा सदुपयोगका लागि जग्गा भाडामा दिने र खेती गर्न चाहने कृषक, कृषक समूह तथा सहकारीबीच समझदारी तथा सम्झौता गर्न गराउन सकिनेछ। यसरी सम्झौता गर्दा कानूनी अडचन नहुने तथा थप आर्थिक दायित्व सिर्जना नहुने गरी गर्नु पर्नेछ।

(ग) बाँझो जग्गा सदुपयोगका लागि खेती गर्न चाहने कृषक, कृषक समूह तथा सहकारीसँग यस कार्यविधिको अधिनमा रही स्थानीय तहले सम्झौता गरी माथि उल्लेखित क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

(घ) बाँझो रहेको जमिनमा खेती गर्ने कार्यक्रमका लागि लक्षित वर्गलाई प्रति रोपनी वा प्रति १.५ कठ्ठाका लागि रु. ३००० का दरले अनुदान उपलब्ध गराउन सकिनेछ।

(ङ) स्थानीय तहले कार्य सम्पन्न प्रतिवेदनका आधारमा अनुदान रकम भुक्तानी गर्नुसक्नेछ।

## परिच्छेद-४

## विविध

४४. **सार्वजनिक सुनुवाई र विवरण प्रकाशन गर्नुपर्ने:** (१) कार्यक्रमको विषयमा कार्यालयले सार्वजनिक सुनुवाई गर्नु पर्नेछ।

(२) अनुदानग्राहीलाई अनुदान उपलब्ध गराउने सम्बन्धित कार्यालयले अनुदान सम्बन्धी विवरण वेबसाइटमा (वेबसाइट नभएको हकमा सूचनापाटी वा वुलेटिन मार्फत) नियमित रूपमा अद्यावधिक गर्नु पर्नेछ।

(३) सम्बन्धित कार्यालयले अनुदानको अभिलेख राखी सोको विवरण अद्यावधिक समेत गर्नु पर्नेछ।



डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

(४) सञ्चालन भएको कार्यक्रमको बारेमा अनुदानग्राहीले अनुसूची-४ बमोजिमको जानकारीमूलक होर्डिङ्ग बोर्ड कार्यक्रम स्थालमा राख्नु पर्नेछ।

४५. **बीमा गर्नु पर्नेः** (१) यस कार्यविधि अनुसार नगद अनुदान प्राप्त गर्न कृषि बीमामा आबद्ध कृषकहरुलाई प्राथमिकतामा राखिनेछ।

(२) यो कार्यविधि अनुसार व्यावसायिक कार्यका लागि अनुदान प्राप्त गर्ने अनुदानग्राहीले फर्म/ भौतिक पूर्वाधारको समेत बीमा गर्न सक्नेछन्।

(३) अनुदानग्राहीले कृषि सम्बन्धी बीमा नगरेको अवस्थामा त्यस्तो व्यवसाय तथा पूर्वाधारमा क्षति पुग्न गएमा सोको जिम्मेवार अनुदानग्राही स्वयं हुनु पर्नेछ।

४६. **प्रचलित कानून बमोजिम हुनेः** (१) यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकम सम्बन्धित कार्यमा प्रयोग नगरी अन्यत्र प्रयोग गरेको पाइएमा वा हिनामिना भएको प्रमाणित भएमा सम्बन्धित पक्षबाट प्रचलित कानून बमोजिम हुनेछ।

४७. **दोहोरो सुविधा लिन नहुनेः** (१) अनुदानग्राहीले एउटै कामको लागि संघ, प्रदेश वा स्थानीय तह वा एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सकिने छैन।

तर अन्य साझेदार निकायसँग स्पष्टसँग सम्झौता भई लागत इष्टिमेटमा समेत साझेदारीको हिस्सा उल्लेख गरिएको अवस्थामा अनुदान प्रदान गर्न वाधा पर्ने छैन।

(२) अनुदान प्रवाह गर्दा विगतमा अनुदान प्राप्त नगरेकाहरूलाई प्राथमिकता दिनु पर्नेछ।

४८. **जिम्मेवारी सम्बन्धीः** (१) अनुदानग्राहीले सशर्त अनुदान उपयोग गर्दा वित्तीय अनुशासन कायम गर्नुपर्ने एवम् वित्तीय उत्तरदायित्व वहन गर्नु पर्नेछ।

(२) अनुदान लगायतका सहायता वितरण कार्यको गुणस्तर र सो सम्बन्धी वित्तीय जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।

(३) कुनै विशेष कारणवश वा काबू बाहिरको परिस्थिति वाहेक अनुदानग्राहीको कारणबाट सम्झौता अनुरुप तोकिएको समयसीमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा अनुदानग्राही स्वयं जिम्मेवार हुनेछ।

४९. **सम्झौता बमोजिम हुनेः** (१) यस कार्यविधि अनुरुप सञ्चालन हुने क्रियाकलाप र विकास गरिएका पूर्वाधार तथा सुविधाको प्रयोग सम्झौतामा तोकिए बमोजिमको प्रयोजनका लागि मात्र गरिनेछ र कार्यक्रम सञ्चालन गर्ने निकायको पूर्व स्वीकृति बेगर तोकिएको अवधिभित्र कुनै प्रकारको फेरबदल वा संरचनाको स्वरुप परिवर्तन, बिक्री वितरण कार्य गर्न पाईने छैन।

(२) यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रम सम्पन्न भएपछि कम्तीमा सम्झौतामा तोकिएको अवधिसम्म निरन्तर रुपमा सञ्चालन गर्नु पर्नेछ।

५०. **गुनासो व्यवस्थापनः** (१) अनुदानग्राहीको अनुदान प्राप्तिका सम्बन्धमा कुनै गुनासो भएमा अनुदान उपलब्ध गराउने सम्बन्धित कार्यालयमा निवेदन दिन सक्नेछ।

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

(२) उपदफा (१) बमोजिम स्थानीय तहसँगको गुनासो भएमा स्थानीय तह र जिल्ला स्थित कार्यालयसँगको गुनासो भएमा सम्बन्धित निकाय र प्रदेश मन्त्रालयबाट गुनासो व्यवस्थापन गर्नु पर्नेछ।

५१. <u>अन्यः</u> (१) स्वीकृत अनुदान रकममा कार्यक्रम सञ्चालन गर्दा कर सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

(२) आगामी आर्थिक वर्षको लागि आवश्यक पर्ने सशर्त कार्यक्रम सम्बन्धी विवरण प्रदेश मन्त्रालय र स्थानीय तहले बजेट अनुमान गरी माघ मसान्तभित्र संघीय मन्त्रालयमा स्थानीय तहले अनुसूची -१२ र प्रदेश तहले अनुसूची -१३ बमोजिमको आयोजना प्रस्तावको ढाँचा भरी पठाउन पर्नेछ।

(३) यस कार्यविधिमा उल्लेख नभएका तर प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कार्यक्रमका सम्बन्धमा जुन तहमा हस्तान्तरण भएको हो सोही तहले त्यस्ता कार्यक्रम कार्यान्वयनको लागि यसै कार्यविधि वमोजिमको अनुदानको सीमा र प्रचलित कानूनको प्रतिकुल नहुने गरी आवश्यक कार्यविधि स्वीकृत गरी कार्यान्वयन गर्न बाधा पर्ने छैन।

५२. <u>व्याख्या र बाधा अडकाउ फुकाउः</u> (१) यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा उत्पन्न भएमा वा कुनै बाधा अड्काउ आईपरेमा वा संशोधन गर्नु परेमा मन्त्रालयले आवश्यक निर्णय गरी व्याख्या गर्न वा बाधा अडकाउ फुकाउन वा संशोधन गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भए पनि आर्थिक पक्षमा प्रभाव पर्ने विषयमा अर्थ मन्त्रालयको सहमति बमोजिम मन्त्रालयले कार्यविधिमा संशोधन गर्न सक्नेछ।

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

## अनुसूची – १

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**<u>..............................कार्यक्रमका लागि प्रस्ताव आव्हानको सूचना (नमूना)</u>**

यस.................................................................................को आर्थिक वर्ष............ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार......अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा ............................ स्थानीय तहका कृषि व्यवसाय एवम् सहकारी सम्बन्धी संलग्न ईच्छुक कृषक समूह/कृषि सहकारी संस्था/कृषि फार्म/ उद्यमी कृषकबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले............दिनभित्र..................कार्यालयमा तपसिल अनुसारका कागजातहरू सँगलग्न राखि आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ। यस सम्बन्धी थप जानकारीका लागि वेवसाईट.................................. वा फोन नं. ...................................मा सम्पर्क गर्न सकिनेछ।

<u>आवश्यक कागजात:</u>

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि।
२. कृषि व्यवसाय गर्ने अनुसूची अनुसारको प्रस्ताव (व्यावसायिक उत्पादनको हकमा)।
३. निजी फर्मको हकमा गत आ. व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन फोटोकपी।
४. निजी फर्मको हकमा गत आ.व. सम्म कर वुझाएको वा कर छुट भएको भए सम्बन्धित स्थानीय तहको प्रमाण।
५. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी।
६. प्रतिवद्धता पत्र।
७. आयोजना सम्बन्धी अन्य आवश्यक कागजातहरू।

नोटः- सूचनामा व्यावसायिक वा लक्षित वर्ग बिशेष कार्यक्रम छुट्याई प्रकाशन गर्न सकिने।

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

## अनुसूची-२

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

**अनुदानको लागि पेश गर्ने निवेदनको ढाँचा (नमूना)**

मितिः

**विषयः अनुदान उपलव्ध गराइदिनुहुन।**

श्रीमान् ..........................,

................कार्यालय,

................ स्थानीय तह/प्रदेश।

महोदय,

तहाँ कार्यालयबाट मिति..........................मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको ............................कार्यक्रमको उद्देश्य, लागत, समयावधि, लाभान्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ। कार्यक्रम सञ्चालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलव्ध गराइदिनुहुन अनुरोध गर्दछौं/छु।

**तपसिलः**

अनुदानग्राहीको नामः

ठेगानाः

स्थानीय तह/ प्रदेशः

वडा नं

कार्यक्रमको नामः

कार्यक्रमको उद्देश्यः

अनुदान रकम आवश्यक पर्नुको कारणः

सञ्चालन गरिने कार्यक्रमः क्रमागत भए गत आ.व. सम्मको लेखापरीक्षण प्रतिवेदन

कार्यक्रम सञ्चालन गर्न लाग्ने कूल लागतः

कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः

कार्यक्रम सञ्चालन गर्ने कार्ययोजनाः

कार्यक्रमबाट लाभान्वित जनसंख्याः

**निवदेक**

कृषक समूह/कृषि सहकारी संस्था/कृषि फार्म/ उद्यमी कृषक

अध्यक्ष/प्रतिनिधिको दस्तखतः

नाम थरः

पदः

सम्पर्क फोन नं

मितिः

संस्थाको छाप

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

अनुसूची – ३

(दफा ९ सँग सम्बन्धित)

## सम्झौताको ढाँचा (नमूना)

यो सम्झौता पत्र............प्रादेशिक निकाय/स्थानीय तह (यस पछि पहिलो पक्ष भनिएको) र ................ कृषि फार्म/उद्यमी कृषक.......................गा.पा/नपा....................वडा नं......टोल (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिलको शर्त वमोजिमको कुराहरूलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ।

यो सम्झौता, सम्झौता भएको मिति ............ देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना/इष्टिमेट वमोजिमको कार्य यथाशिघ्र सञ्चालन गरि मितिः........साल........महिना.....गतेसम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ।

१. यस सम्झौता बमोजिमको .............................. कार्यक्रम सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य दोस्रो पक्ष आंफैले गर्नु पर्नेछ। दोस्रो पक्ष आंफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन।

२. सम्झौता वमोजिमको कार्यसञ्चालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरुप रु (अक्षरेपी................) रदोस्रो पक्षको लागत सहभागिता रु........(अक्षरेपी) व्यहोरिनेछ।

३. दोस्रो पक्षले सम्झौता बमोजिमको..................... कार्यक्रम अन्तरगत..............................व्यबसाय/उद्यम सञ्चालनका लागि सम्झौतामा समावेश गरिएको स्रोत वाहेक अन्य कुनै सरकारी, गैह्र सरकारी संघ संस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ।

४. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरूले दिएको निर्देशनको पालना गर्नु पर्नेछ।

५. दोस्रो पक्षले ....................कार्यक्रम अन्तर्गत.......................व्यबसाय सञ्चालन सम्बन्धी कार्यको सार्वजनिक जानकारीका लागि Public Audit गराउनुपर्ने।

६. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष विल पेश भए पश्चात प्रथम पक्षले गरेको स्थलगत निरीक्षण/अनुगमन र सिफारिस बमोजिम अनिवार्य रुपमा अनुदानग्राही/दोस्रो पक्षको बैंक खाता मार्फत भुक्तानी गर्नु पर्नेछ।

७. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ।

८. दोस्रो पक्षले स्वीकृत प्रस्तावनाको कार्य तालिका बमोजिम .......... मिति सम्म यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य (स्वीकृत प्रस्तावना/इष्टिमेट अनुसार) पूर्णरुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ।

९. सम्झौता बमोजिमको कार्यगर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ।

१०. कार्यविधिको खण्डबाट सम्झौतामा अनिवार्य उल्लेख हुनुपर्ने विषयहरू

११. कार्यक्रमसँग प्रासङ्गिक अन्य विषयहरू (आवश्यक भएमा)

१२. कार्यक्रमको विस्तृत ल.इ.डिजाइन संलग्न बमोजिम हुनेछ (आवश्यक भएमा)।

१३. भुक्तानी हुने खाता नम्वरः

नामः

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

खाता नम्बर:

१४. यो सम्झौतामा उल्लेख भएका कुराहरूमा यसव मोजिम र अन्य कुराहरूमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

| पहिलोपक्ष | दोस्रो पक्ष |
|---|---|
| दस्तखत | दस्तखत |
| नाम | नाम |
| पद | पद |
| मिति | मिति |
| कार्यलयकोछाप | संस्थाकोछाप |

रोहवर

| | |
|---|---|
| दस्तखत | दस्तखत |
| नाम | नाम |
| ठेगाना | ठेगाना |
| मिति | मिति |

मितिः २०८..।....महिना।....गते

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

## अनुसूची -४

(दफा ४४ को उपदफा (४) सँग सम्बन्धित)

### <u>होर्डिङ्ग वोर्ड (नमूना)</u>

(साइजः ३ फिट x २ फिट)

**......प्रादेशिक निकाय/स्थानीय तहको नाम**

१.आयोजनाको नामः

२.आयोजना सञ्चालनगर्ने व्यक्ति/फर्म/ सहकारी/संस्थाको नामः

३.ठेगानाः

४.आयोजनाको कूल लागतः रू

५.अनुदान रकमः रू

६.अनुदानग्राहीको योगदान रू

७.अन्य साझेदार निकायको सहभागिताः रू

८.आयोजनाको अवधीः २०८...।...।.... देखि २० ।....।....

९.लाभग्राहीहरूको संख्याः.........महिला..........पुरूष ........अन्य

१०. संचालित क्रियाकलापहरु समेत उल्लेख गर्ने

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

अनुसूची – ५

(दफा ११ को उपदफा (२) खण्ड (क) सँग सम्बन्धित)

## त्रैमासिक तथा वार्षिक प्रगति प्रतिवेदनको ढाँचा

### क) परिचयात्मक विवरण

१. आर्थिक वर्ष:

२. प्रदेश/ स्थानीय तह: ...............

३. कार्यालयको नामः ................

४. प्रगति प्रतिवेदनको अवधी:................

### ख) प्रगति विवरण

१. वित्तीय प्रगति

| क्र.सं. | कार्यक्रम/ क्रियाकलाप | वार्षिक विनियोजित बजेट (रु हजारमा) | ......त्रैमासिक विनियोजित बजेट (रु हजारमा) | हाल सम्मको खर्च (रु हजारमा) | वित्तिय प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

२. भौतिक प्रगति, प्रतिफल तथा प्रगति नपुगका कारणहरू

| क्र.सं. | कार्यक्रम/ क्रियाकलाप | एकाई | वार्षिक लक्ष्य | ......... त्रैमासिक लक्ष्य | ......... त्रैमासिक प्रगति | हालसम्मकोप्रगति | मुख्य मुख्य प्रतिफलहरूको विवरण | प्रगति नपुगका कारणहरू |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |

३. लाभान्वित कृषक/ अनुदानग्राहिहरूको विवरणः

| क्र.सं. | अनुदानग्राहिको नाम (व्यक्ति/ फर्म/ कम्पनी) | ठेगाना | सम्पर्क नं. | अनुदानको विवरण (के-का लागि कति) |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |



डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

ग) कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू र समाधानका उपायहरूः

| क्र.सं. | कार्यक्रम/ क्रियाकलाप | कार्यक्रम कार्यान्वयनका प्रमुख समस्याहरू | समाधानार्थ अपनाइएका उपायहरू | प्रभावकारी कार्यान्वयनका लागि सुझावहरू |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

घ) कार्यक्रम सम्बन्धी कुनै सुझाव भए उल्लेख गर्ने

तयार गर्ने

नामः

पदः

दस्तखतः

प्रमाणित गर्ने

नामः

पदः

दस्तखतः

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

## अनुसूची- ६ (क)

(दफा १२ को उपदफा (३) खण्ड (ग)(उ) सँग सम्बन्धित)

**प्राङ्गारिक उत्पादन गर्ने कृषक पहिचान चिन्ह (यो हेर्नु होला)**

Group
Logo

| | | | | | |
|---|---|---|---|---|---|
| GP | KA | PM | W20 | FID13 | PC01 |

GP = Province Name (Gandaki Province)

KA =District Name (Kaski District)

PM = Municipality name (Pokhara Metro)

W20 = Ward No. (20)

FID13 = Farmers Identity No (13)

PC = Product Category (01= Organic Certified Product; 02= Organic In-conversion Product; 03= Production without Use of Chemical Pesticides; 04= Traditionally Grown Product)

*(नोटः उल्लेखित विवरणहरू उदाहरणको लागि दिईएको)*

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

## अनुसूची- ६ (ख)

(दफा १२ को उपदफा (३) खण्ड (ग)(ऊ) सँग सम्बन्धित)

**प्राङ्गारिक उत्पादन गर्ने कृषकले अभिलेख राख्नु पर्ने विवरणहरू**

१. उत्पादन योजना,

२. उत्पादन सामाग्री जस्तै वीउ, मल, विषादी आदीको स्रोत, किसिम र परिमाण,

३. प्रयोग गरीएको समय र पटक,

४. उत्पादन गरीएको वाली तथा जात,

५. उत्पादन लागत

६. उत्पादन र विक्रि परिमाण,

७. विक्री गरीएको स्थान लगायतका अन्य उत्पादन क्रियाकलापहरू

८. बिक्री मूल्य

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

अनुसूची- ६ (ग)

(दफा १२ को उपदफा (३) खण्ड (ख) सँग सम्बन्धित)

**नमूना प्रदर्शन कार्यक्रममा प्राङ्गारिक उत्पादनका लागि प्राविधिक स्पेशिफिकेशन विवरण (६० रोपनीको जमिनमा खेतीका लागि)**

| क्र.सं. | विवरण | स्पेसिफिकेशन | परिमाण |
|---|---|---|---|
| १ | भर्मि कम्पोष्ट मल वनाउन भर्मिसेड निर्माण | भर्मिवेड निर्माण (३ मि.*१ मि.को २ वटा, ३.५ मि.*३ मि.को छाना, कम्तिमा १.५ फिट उचाई र ३००० गड्यौला) | १२ |
| २ | कम्पोष्ट मल, वा गहुत संकलन र भकारो सुधार गर्न | भकारोको आकार ७ फिट x १५ फिट, गहुँत संकलन ट्याँक १x१x०.५घनमिटर, छाना आदि | १२ |
| ३ | घरेलु विधिवाट जैविक वा वानस्पतिक विषादी वा झोल मल उत्पादनगर्ने सामाग्री | प्लास्टिकड्रम २०० लि. को २ वटा | २४ |
| ४ | जैविक विषादी, मित्रजिव खरिद, पालन, प्रयोग | वालि अवधिमा कम्तिमा ३ पटक खरिद तथा प्रयोग | ३ |
| ५ | नर्सरी स्थापना वा विउविरुवा | पोलिव्याग, नर्सरी ट्रे, विउ विरूवा खरिद | १ |
| ६ | सिँचाइ सुविधा | थोपा, स्प्रिङ्कलर, वर्षाको पानी संकलन पोखरी | १ |
| ७ | होर्डिङ्ग वोर्ड | कम्तिमा २ गुणा ३ वर्ग मि को बोर्ड, अड्याउने टेका सहित | २ |
| ८ | पहिचान लेखन कार्य | कृषक पहिचान | १ |
| ९ | स्प्रेयर | कम्तिमा १६ लिटरको | १२ |
| १० | प्याकेजिङ्ग र लेवलिङ्ग | प्याकेजिङ्ग ब्याग, साधारण मेशिन, लेवल छपाइ आदि | १ |
| ११ | उत्पादन संकलन तथा ढुवानी | लेवलिङ्ग सहितको क्रेट, ब्यालेन्स आदि | १ |
| १२ | अभिलेखिकरण र प्रतिवेदन तयारी | अभिलेखिकरण राख्ने, | १ |

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

## अनुसूची- ६ (घ)

(दफा १२ को उपदफा (३) खण्ड (ख) सँग सम्बन्धित)

**नयाँ संरचना निर्माण गरी प्राङ्गारिक उत्पादन कार्यक्रम (१५०० वर्ग मिटर प्लाष्टिक घरमा खेतीको लागि)**

| क.सं | विवरण | स्पेसिफिकेशन | परिमाण |
|---|---|---|---|
| १ | एकमुष्ट उत्पादन खर्च | खुल्ला जमिनमा" प्राङ्गारिक उत्पादन "उत्पादक खर्च अनुदानको बुँदा १ देखि ११ सम्म | १ |
| २ | बाँसको प्लाष्टिक घर वा जि आइ पाइपको प्लाष्टिक घर | स्पेसिफिकेशन तल तालिकामा दिइएको छ जुन बढिमा व.मि. ३६० हुनेछ | १ |
| ३ | वजारिकरण प्रोत्साहन अनुदान | प्रमाणीकरण चिन्ह अंकित उत्पादन वा यथार्थ संकेत पत्र सहितको उत्पादन विक्री पछि प्रति केजि उत्पादन २ रूपैया वा प्रति रोपनि ३ हजार जुन कम हुन्छ उक्त रकम | |

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची- ६ (ङ)

(दफा १२ को उपदफा (३) खण्ड (ख) सँग सम्बन्धित)

**<u>बाँसको प्लाष्टिक घर वा जि आइ पाइपको प्लाष्टिक घर निर्माणको स्पेसिफिकेशन</u>**

| क स | विवरण | स्पेशिफिकेशन |
|---|---|---|
| १ | प्लाष्टिक, इन्सेक्ट नेट र मल्चिङ प्लाष्टिक | ९० GSM वा सो भन्दा बढी को सिल्पोलिन वा २०० माइक्रोनको UV प्लास्टिक Plastic thickness भौगोलिक अनुकुलता बमोजिम तोक्न सकिने |
| | | इन्सेक्ट नेट (किरा नछिर्ने जाली) अनिवार्य लगाउनु पर्ने |
| | | मल्चिङ प्लास्टिक अनिवार्य लगाउनु पर्ने |
| २ | बाँस | खामाका लागि प्रयोग हुने बास नफोडिएको र बाङगोटिङ्गो नभइ सोझो हुनु पर्नेछ |
| | | धुरी र छेउ खामो माथि राखिने बास सिङ्गै वा फोडिएको हुन सक्नेछ |
| ३ | उचाइ तथा चौडाइ | धुरी खामोको उचाइ ४ मिटर जसमध्ये ६० से.मी. जमिन मुनी गाडिएको हुनु पर्ने |
| | | छेउको खामोको उचाइ ३ मिटर जसमध्ये ६० से. मी. जमिन मुनी गाडिएको हुनु पर्ने |
| | | चौडाइ आवश्यकता अनुसार वा जमिनको उपलब्धता अनुसार हुनु पर्ने तर ७ देखी १० मिटर भन्दा बढि हुनु नहुने। |

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची- ६ (च)

(दफा १२ को उपदफा (३) खण्ड (ख) सँग सम्बन्धित)

**पुराना संरचनामा सुधार गरी प्राङ्गारिक खेती कार्यक्रम (१५०० व.मि. टनेलमा खेतीको लागि)**

| क्र.सं. | विवरण | स्पेसिफिकेशन | परिमाण |
|---|---|---|---|
| १ | एकमुष्ट उत्पादन खर्च | खुल्लाजमिनमा" प्राङ्गारिक उत्पादन "उत्पादक खर्च अनुदानको वुदाँ १ देखि ११सम्म | १ |
| २ | Insect net लगाउने | टनेललाइ ढाक्ने गरि ४० Meshको UV Protected Insect Net | १ |
| ३ | वजारिकरण प्रोत्साहन अनुदान | प्रमाणीकरण चिन्ह अंकित उत्पादन वा यथार्थ संकेत पत्र सहितको उत्पादन विक्री पछि प्रति केजि उत्पादन २ रूपैया वा प्रति रोपनि ३ हजार जुन कम हुन्छ उक्त रकम | ३ |

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

अनुसूची-८(छ)

(दफा १२ को उपदफा (३) खण्ड (क) सँग सम्बन्धित)

**खुल्ला जमिनमा प्राङ्गारिक उत्पादनका लागि प्राविधिक स्पेशिफिकेशन विवरण (पाँच रोपनी खुल्ला जमिनमा खेतीको लागि)**

| क्र.सं. | विवरण | स्पेसिफिकेशन | परिमाण |
|---|---|---|---|
| १ | भर्मि कम्पोष्ट मल वनाउन भर्मिसेड निर्माण | भर्मिवेड निर्माण (३ मि.*१ मि.को २ वटा, ३.५ मि.*३ मि. को छाना, कम्तिमा १.५ फिट उचाई र ३००० गड्यौला) | १ |
| २ | कम्पोष्ट मल, वा गहुत सकलनर भकारो सुधार गर्न | भकारोको आकार ७फिट x १५ फिट, भकारोबाट ४ इन्ची पाइपको माध्यमबाट पक्की ढकनी समेत भएको १ फिट लम्वाइ, १ फिट चौडाइ र १.५ फिट गहिराइ गहुत संकलन मंगाल वा ट्याँक, मंगालको टपमा पाइप जडान गरि आवश्यकता अनुसारको विभिन्न साइजका पशु मुत्र संकलन ड्रमहरु, मलखादलाई घाम पानीवाट जोगाउन २५० GSM यू भी प्लाष्टिक वा जस्ताको छानो र मलखाद गलाउने जिवहरुको समिश्रण भएको इ एम वा डिकम्पोजरको अनिवार्य प्रयोग। | १ |
| ३ | घरेलु विधिवाट जैविक वा वानस्पतिक विषादी वा झोल मल उत्पादनगर्ने सामाग्री | प्लास्टिकड्रम २०० लि.को२वटा | २ |
| ४ | जैविक विषादी,मित्रजिव खरिद,पालन,प्रयोग | वालि अवधिमा कम्तिमा ३ पटक खरिद तथा प्रयोग | ३ |
| ५ | नर्सीरि स्थापना वा विउ/विरुवा | पोलिव्याग, नर्सरी ट्रे, विउ विरूवा खरिद | १ |
| ६ | सिँचाइ सुविधा | थोपा, स्प्रिङ्कलर, वर्षा पानी संकलन पोखरी | १ |
| ७ | होर्डिङ्ग वोर्ड | कम्तिमा २ मी. x ३ व.मि को वोर्ड, अड्याउने टेका सहित | १ |
| ८ | पहिचान लेखन कार्य | कृषक पहिचान | |
| ९ | स्प्रेयर | कम्तिमा १६ लिटरको | २ |
| १० | प्याकेजिङ्ग र लेवलिङ्ग | प्याकेजिङ्ग ब्याग, साधारण मेशिन, लेवल छपाइ आदी | १ |
| ११ | अभिलेखिकरण र प्रतिवेदन तयारी | अभिलेख राखेका फाइलहरूको फोटो कपी र उत्पादनमा गरिएका क्रियाकलापको प्रतिवेदन वनाउन र पेश गर्न | १ |

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## अनुसूची – ७

(दफा १६ र दफा १७ सँग सम्बन्धित)

### बिजु बिरुवा र सायनका लागि प्रयोग गरिने माउबोटको गुणस्तर

क) नर्सरी धनीले मापदण्ड बमोजिमको बालीहरूको जात, बीउ, रुटस्टक, सायनस्टक आदि मात्र प्रयोग गर्नु पर्नेछ।

ख) माउबोटहरू शुद्ध जातीय गुण ( Genetically true to type) भएको हुनु पर्नेछ ।

ग) माउबोटको स्रोत र पुस्तेनी विवरण (Pedigree record ) हुनु पर्नेछ ।

घ) रोग कीरा नलागेको हुनु पर्नेछ ।

ङ) जात छुट्याएर ट्यागिङ गरिएको हुनु पर्नेछ ।

च) सुन्तलाजात फलफूलको हकमा सिट्रस ग्रिनिङ्ग र सिट्रस ट्रिष्टिजा भाइरस मुक्त छ भन्ने पि.सि.आर. परिक्षण बाट प्रमाणित भएको बिरुवा हुनु पर्नेछ ।

छ) सुन्तलाजात फलफूलको हकमा हरेक दुई वर्षमा सायन लिनु अघि पि. सि. आर. परिक्षण वा इन्डेक्सिङ गरि सिट्रस ग्रिनिङ्ग (HLB)र इलाइजा (ELISA)टेस्ट गरि सिट्रस ट्रिष्टिजा भाइरस (CTV)मुक्त छ भने मात्र सायन लिनुपर्नेछ ।

ज) नर्सरीहरूसँग सायन र रुटस्टकको स्वस्थ र गुणस्तरीय स्रोतको व्यवस्था हुनु पर्नेछ ।

झ) सायन लिँदा कम्तीमा २ वर्षदेखि नियमित रुपमा फल फलेको बोटबाट मात्र सायन लिनुपर्दछ र फल नलागेका बोटबाट सायन लिन मिल्नेछैन।

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची – ८

(दफा १६ र दफा १७ सँग सम्बन्धित)

**रुटस्टकका लागि प्रयोग गरिने माउबोटको गुणस्तर**

क) माउबोटहरू शुद्ध जातीय गुण ( Genetically true to type) भएको हुनु पर्नेछ।

ख) माउबोटको स्रोत र पुस्तेनी विवरण (Pedigree record ) हुनुपर्ने।

ग) रोग कीरा नलागेको र रोग/किरा सहन/अवरोध गर्न सक्ने क्षमता भएको हुनु पर्नेछ।

घ) जात छुट्याएर ट्यागिङ गरिएको हुनु पर्नेछ।

ङ) सुन्तलाजात फलफूलको हकमा सिट्रस ग्रिनिङ्ग र सिट्रस ट्रिष्टिजा भाइरस मुक्त छ भन्ने पि.सि.आर. परिक्षण बाट प्रमाणित भएको बिरुवा हुनु पर्नेछ।

च) व्यावसायिक रुपमा खेती गरिने जातहरूसँग कलमी गर्न उपयुक्त ( Compatible) हुनु पर्नेछ ।

छ) सुख्खा सहने र माटोजनित रोग सहने क्षमता भएको हुनु पर्नेछ।

ज) फलमा प्रशस्त मात्रामा बीउ भएको हुनु पर्नेछ।

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

अनुसूची -९

(दफा १५ को उपदफा (४) खण्ड (छ) सँग सम्बन्धित)

**फलफूल, पुष्प तथा तरकारी बिरुवाको गुणस्तर मापदण्ड**

**क) नर्सरीबाट बिक्री गरिने फलफूल पुष्प तथा तरकारी बिरुवाको गुणस्तर मापदण्डः**

(१) काउली समूहका तरकारीबालीका बेर्नाको हकमा नर्सरी क्षेत्र गाँठे रोग (Club Root), प्याजमा बैजनी धब्बा (Purple Blotch), गोलभेंडा तथा अन्य बालीमा जराको जुका (Root Knot Nematode) आदि संक्रामक रोगहरू मुक्त भएको हुनुपर्ने।

(२) उन्नत जातको विरुवालाई प्राथमिकता दिनुपर्ने र जातीय शुद्धता भएको विरुवा हुनु पर्नेछ।

(३) कलमी प्रविधि उपयुक्त हुने फलफूल तथा पुष्प वालीको सन्दर्भमा कलमी गरिएको विरुवालाई मात्र प्राथमिकता दिनुपर्ने।

(४) सुन्तलाजात फलफूलको हकमा सिट्रस ग्रिनिङ् र सिट्रस ट्रिष्टिजा भाइरस मुक्त छ भन्ने पि.सि.आर. परिक्षण बाट प्रमाणित भएको विरुवा हुनु पर्नेछ भने अन्य फलफूलको हकमा समेत संक्रामक रोग/किरा मुक्त छ भन्ने प्रमाणित भएको विरुवा हुनुपर्ने।

(५) सुन्तलाजात फलफूलको हकमा नियन्त्रित जालीघर भित्र उत्पादित विरुवालाई मात्र प्राथमिकता दिने।

(६) स्याउको बिरुवाको हकमा क्राउन गल रोग तथा सानजोस स्केल नभएको हुनुपर्ने।

(७) अन्य सबै फलफूल,पुष्प तथा तरकारीको हकमा समेत रोग/किराको प्रकोप नभएको स्वस्थ बिरुवा हुनुपर्ने।

(८) फलफूल, पुष्प तथा तरकारीको माउबोटको गुणस्तर

- माउबोटको स्रोत खुलेको हुनुपर्ने।
- रोग कीरा नलागेको।
- जात छुट्याएर ट्यागिङ्ग गरिएको।

(९) सुन्तलाजात फलफूलको हकमा हरेक दुई वर्षमा सायन लिनु अघि पि.सि.आर. परिक्षण वा ईन्डेक्सिङ्ग गरि सिट्रस ग्रिनिङ् र सिट्रस ट्रिष्टिजा भाइरसमुक्त छ भने मात्र सायन लिनु पर्ने। अन्य फलफूलहरूमा समेत रोग/किरा रहित स्वस्थ र उच्च गुणस्तरको माउबोटबाट मात्र सायन लिनुपर्ने ।

**ख) बिभिन्न फलफूलका कलमी बिरुवाहरूको न्यूनतम मापदण्डः**

विरुवाको उमेर र न्यूनतम उचाइ निम्न बमोजिम हुनुपर्नेः-

| क.सं. | फलफूलको नाम | कलमी गरेपछिको उमेर (वर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| १. | ओखर (दाँते), पिकानट (चुच्चे ओखर), कागजी बदाम, कटुस, मेकाडेमिया नट, किवी | १–२ | १.५–२ |
| २. | स्याउ, नास्पाती, आरु, आरुबखडा, लप्सी | १–२ | २–३ |
| ३. | चेरी, हलुववेद | १–२ | १.५–३ |
| ४. | सुन्तला, जुनार, किन्नो, खुर्पानी | १–२ | १.५–२.५ |
| ५. | कागती, मुन्तला | १–२ | १-१.५ |
| ६. | निबुवा, भोगटे, चाक्सी, बिमिरो, लौकाट | १–२ | १–२ |
| ७. | आँप, एभोकाडो, रुखकटहर | १–२ | १.५–३ |
| ८. | सपोटा | १–२ | १.५–२ |



डा. गोविन्द प्रसाद शर्मा
सचिव

| क.सं. | फलफूलको नाम | कलमी गरेपछिको उमेर (वर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| ९. | अंगर, जैतुन | १–२ | १.५–३ |

## ग) बिभिन्न फलफूलको बिजु बिरुवाको न्यूनतम मापदण्डः

| क.सं. | फलफूलको नाम | उमेर (वर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| १. | ओखर (दाँते), | १–३ | १–२ |
| २. | कागजी बदाम, पिकानट (चुच्चे ओखर), निबुवा, रुखकटहर, नरिवल, मेकाडेमिया नट, एभोकाडो, सुपारी, अमला, सरीफा, अम्बा, बयर, बेल, जैतुन, लोक्वाट | १–२ | १–२ |
| ३. | कटुस | २ | १-२ |
| ४. | सुन्तला, काजु | १-२ | १.५-२.५ |
| ५. | कागती, चाक्सी | १–२ | १–१.५ |
| ६. | मेवा (पोलिब्याग) | ४५ दिन | १–१.५ |
| ७. | कफी (पोलिब्याग) | १-१.५ | १–१.५ |

## घ) बिभिन्न फलफूलको कटिङ्ग (जरावाल बिरुवा) मापदण्डः

| क.सं. | फलफूलको नाम | उमेर (वर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| १. | अनार, अंगुर, अंजिर, हेजलनट | १-२ | १.५–२.५ |
| २. | जैतुन | १–२ | १–२ |
| ३. | भुई ऐसेलु (स्ट्रबेरी) | ३–६ महिना | १-१.५ |
| ४. | सिउँडी फल | ६–१२ महिना | १–१.५ |

## ङ) कटिंग र कलमी बाहेक अन्य वानस्पतिक तरिकाबाट उत्पादन गरिएका फलफूलका बिरुवाको मापदण्डः

| क.सं. | फलफूलको नाम | उमेर (वर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| १. | लिची | १–२ | १–२ |
| २. | अम्बा | १–२ | १.५–२.५ |
| ३. | भुइकटहर | ६ महिना | १ |
| ४. | केरा (सकर्स) | १– ३ महिना | १–२ |
| ५. | केरा (टिस्युकल्चर) | १-१.५ महिना | ०.५–१ |

## च) स्क्रिनघर भित्र उत्पादित प्रमाणिकरण गरेको सुन्तलाजात फलफूलको कलमी बिरुवाको मापदण्डः

| क.सं. | फलफूलको नाम | उमेर (वर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| १. | सुन्तला, जुनार | १–२ | १.५–२.५ |
| २. | कागती | १–२ | १–१.५ |

## छ) फलफूलको रुटस्टक बिरुवाको मापदण्डः

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

| क्र.सं. | फलफूलको नाम | उमेर (वर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| १. | स्याउ, लप्सी | १–२ | १.५–२.५ |
| २. | इडी मयल, हाडे ओखर, हलुवावेद, क्रेब एप्पल, तिनपाते सुन्तला, सिट्रेन्ज, ज्यामिर, आरु (स्थानीय), किवी, जैतुन, कागजी बदाम, स्थानीय खुर्पानी | १–२ | १–२ |
| ३. | आँप | ८-१० महिना | १–२ |
| ४. | चेरी | १–२ | १.५–३ |

ज) विभिन्न फलफूलका कलमी विरुवा उत्पादनको लागि प्रयोग गरिने हाँगा (सायनस्टीक) को मापदण्डः

| क्र.सं. | फलफूलको नाम | सायनलिने हाँगाको उमेर (महिना) |
|---|---|---|
| १ | स्याउ, नासपाती, आरु, आरुबखडा, किवीफ्रुट, ओखर, चुच्चेओखर, लप्सी, हलुवावेद, कागजी बदाम, चेरी | ८-१२ |
| २ | सुन्तला, जुनार, कागती, भोगटे, मुन्तला, एभोकाडो, जैतुन, आँप, अनार, अंगुर | ६-१२ |

झ) बिभिन्न सिजनल फूलको न्यूनतम मापदण्डः हिँउदे

| क्र.सं. | सिजनल फूलको नाम | उमेर (दिन) | पोलि साईज (ईन्च) | |
|---|---|---|---|---|
| | | | सानो | ठूलो |
| १ | पिटुनिया सिंगल, एन्टरिनियम (भ्यागुते फूल) पिटुनियाडबल, डायन्थस, भर्बेना, कार्नेसन | ३५ | ३/४ | ७ |
| २ | गजानिया, एक्युलेजीया, रठवेकिया, रेनन्कुलस, क्याल्सेरिया, प्रिमुला, एक्य, ड्याफोडिल | ६० | " | " |
| ३ | क्यालेन्डुला, प्यान्जी (पुतली फूल) | २१ | " | " |
| ४ | सिनेरिया, डेजि | ५० | " | " |
| ५ | स्टक | २१ | " | " |
| ६ | फ्क्स, मिसीमब्रान्थेमम्, एलिसम, पपी, लुपिन | २८ | " | " |
| ७ | मिमुलस, निकोटिना | ४५ | " | " |
| ८ | फ्रिजिया, स्वीट विलियम | ३० | " | " |
| ९ | स्वीट पि (केराउ फूल) | २० | " | " |
| १० | कोचिया | २५ | " | " |

ञ) बिभिन्न सिजनल फूलको न्यूनतम मापदण्डः बर्षे

| क्र.सं. | सिजनल फूलको नाम | उमेर (दिन) | पोलि साईज (ईन्च) | |
|---|---|---|---|---|
| | | | सानो | ठूलो |
| १ | सयपत्री, जिनीया, गोदावरी, पोर्चुलाका, मखमली, आस्टर, पेन्टिनिथम, भिन्का, कसमस, सेलोसिया | ३० | ३/४" | ७ |

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

| क्र.सं. | सिजनल फूलको नाम | उमेर (दिन) | पोलि साईज (ईन्च) | |
|---|---|---|---|---|
| | | | सानो | ठूलो |
| २ | डालिया (लाहुरे फूल), सनफ्लावर, आईरिस, नस्टासियम, ग्ल्याडुलस, वालसम, सुर्यमुखी | २५ | " | " |
| ३ | सालभिया, सेलोसिया, इम्पेशन | ३५ | " | " |
| ४ | बिगुनिया, क्याना | ४५ | " | " |
| ५ | पेपरमुन | ४० | " | " |

ट) बिभिन्न सदाबहार आलंकारिक (फूल फूल्ने) बिरुवाहरूको न्यूनतम मापडण्ड

| क्र.सं. | बिरुवाको नाम | उमेर (महिना/वर्ष) | गमलाको साईज (ईन्च) |
|---|---|---|---|
| १ | अर्किड | २ वर्ष | ८ |
| २ | गुलाफ, टुपिडेन्थस, एन्थोरियम | ४ महिना | ८ |
| ३ | गोदावरी, पारिजात, जाई जुही, बेगुनिया | ३ महिना | ८ |
| ४ | इन्द्रकमल, निर्जाई, एजेलिया | ६ महिना | ८ |
| ५ | क्यामेलिया, बगनबेली | ९ महिना | ८ |
| ६ | कल्कि, साईक्लामीन, लिली, मुसुण्डा | २ महिना | ८ |
| ७ | क्लिबिया | ३५ दिन | ८ |
| ८ | हीबिसकस | ४५ दिन | ८ |
| ९ | लालुपाते | ३० दिन | ८ |

ठ) बिभिन्न सदाबहार आलंकारिक (फूल नफूल्ने) बिरुवाहरूको न्यूनतम मापदण्डः

| क्र.सं. | बिरुवाको नाम | उमेर (महिना/वर्ष) | गमलाको साईज (ईन्च) |
|---|---|---|---|
| १ | धुपी, साइकस, क्यालाडियम | ३ महिना | ८ |
| २ | समी, ड्रेसिना, म्यापल, आरकेरिया | २ महिना | ८ |
| ३ | पाम, एरिका, ड्रेसिना, फोनेक्स | ४ महिना | ८ |
| ४ | चामाडोरा, सिपोटिया | ५ महिना | ८ |
| ५ | स्याम्पेन पाम, रेक्सुना | ६ महिना | ८ |
| ६ | कपुर | ८ महिना | ८ |
| ७ | फेलोडेनड्रोन | ९ महिना | ८ |
| ८ | पिपल | ३० दिन | ८ |
| ९ | क्याक्टस | २ वर्ष | ८ |

ड) बिभिन्न आलंकारिक (Indoor) बिरुवाहरूको न्यूनतम मापदण्डः

| क्र.सं. | आलंकारिक ईनडोर बिरुवाको नाम | उमेर (दिन) | उचाई (से.मी.) |
|---|---|---|---|
| १ | स्नेक प्लान्ट | ४५ | २० |
| २ | सिफोटिया, एलोभेरा, सेलाम | ४५ | ३० |
| ३ | फिलोडेन्ड्रन, पिसलीली, क्यालाथिया | ४५ | २५ |



डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

| क.सं. | आलंकारिक ईनडोर बिरुवाको नाम | उमेर (दिन) | उचाई (से.मी.) |
|---|---|---|---|
| ४ | कुट सिमल/सेफेलिया | ४५ | १५ |
| ५ | सिउँदी | ४५ | ५ |
| ६ | च्यामाडोरा | ६० | ३० |

ढ) बिभिन्न आलंकारिक (**Outdoor**) बिरुवाहरूको न्यूनतम मापदण्डः

| क.सं. | बिरुवाको नाम | उमेर वर्ष | उचाई (से.मी.) |
|---|---|---|---|
| १ | बगम बेली, रक्त पुष्पी/घन्टी फूल | ६० | ३० |
| २ | धुपी, फिस्तेल पाम, क्यान्टिया पाम | ७५ | ३० |
| ३ | जाइ, टेकोमा | ६० | ४५ |
| ४ | पारिजात | ४५ | ३० |
| ५ | करवीर, फ्लावरीङ्ग पीच | ४५ | ४५ |

ण) बिभिन्न तरकारी बालीका बेर्नाको गुणस्तर मापदण्डः

| क.सं. | बाली समूह | बेर्नाको उमेर (उम्रेपछि-दिन)/अवस्था |
|---|---|---|
| १ | काउली समूह | २१-२८ दिन/४-५ पाते |
| २ | सागबाली समूह | २१-२८ दिन/४-५ पाते |
| ३ | लहरे तरकारी समूह | २८-३५ दिन/४-५ पाते |
| ४ | प्याज | ४०-५० दिन |
| ५ | फल तरकारी समूह, खुर्सानी | २१-२८ दिन/४-५ पाते |
| ६ | कुरिलो | ६०-८० दिन |

त) अलैंची बिरुवाको गुणस्तर मापदण्डः

<table>
<tr><th>क.सं.</th><th>बालीको नाम</th><th>उमेर</th><th>उचाई (फिट)</th></tr>
<tr><td>१</td><td>अलैंची बिरुवा/बेर्ना (दोस्रो नर्सरी पछि)</td><td>३३-३५ महिना</td><td rowspan="3">१.५-२</td></tr>
<tr><td>२</td><td>अलैंची बिरुवा (Sucker)</td><td>१ वर्ष</td></tr>
<tr><td>३</td><td>अलैंची बिरुवा (Tissue Culture)</td><td>१वर्ष (प्रयोगशालाबाट निकाले पछि)</td></tr>
</table>

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

अनुसूची– १०

(परिच्छेद-३ को कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम सँग सम्बन्धित)

विभिन्न कृषि उपज बजारहरूको निर्माणका लागि आवश्यक न्यूनतम क्षेत्रफल र प्राथमिकता प्राप्त पूर्वाधारहरू

| क्र.सं | बजारस्थलको प्रकार | न्यूनतम आवश्यक क्षेत्रफल | | प्राथमिकता प्राप्त पूर्वाधारहरू |
|---|---|---|---|---|
| | | तराइ | पहाड | |
| १. | थोक बजार | १.५ विगाहा | १ विगाहा | कम्पाउण्ड वाल, सटरहरू, एप्रोच रोड, शौचालय, स्थानीय तह, सूचना केन्द्र, स्टोर/गोदाम, खानेपानी |
| २. | खुद्रा बजार | २ कठ्ठा | १.५ कठ्ठा | स्टल, स्टोर, खानेपानी, शौचालय |
| ३. | संकलन केन्द्र | ३ कठ्ठा | १.५ कठ्ठा | सेड, तौलिने सुविधा, स्टल, स्टोर, सूचना संचार सुविधा |
| ४. | हाट बजार (संकलन केन्द्र सहितको) | १० कठ्ठा | ४.५ कठ्ठा | सेड, शौचालय, खानेपानी, सूचना संचार सुविधा |
| ५. | हाट बजार (संकलन केन्द्र बाहेकको) | ७ कठ्ठा | ४ कठ्ठा | सेड, शौचालय, खानेपानी |

ठूला कृषि उपज बजार निर्माणका लागि न्यूनतम आवश्यक जग्गा सम्बन्धी विवरण

(१) काठमाडौं उपत्यका वाहिर एकीकृत कृषि बजार पूर्वाधार विकासका लागि तराईमा कम्तिमा ३ हेक्टर र पहाडमा कम्तिमा १ हेक्टर जग्गा उपलब्ध हुनु पर्नेछ। साना बजारहरूको हकमा कम्तीमा १ हेक्टर जग्गा हुनु पर्नेछ। तर काठमाण्डौ उपत्यकामा निर्माण गरिने कृषि उपज बजार स्थलको लागि केन्द्रसँगको समन्वयमा प्रस्तावित वजार निर्माणका लागि छनौट गरेको जग्गाको क्षेत्रफल प्राविधिक रुपले उपयुक्त रहेमा बजार संरचना निर्माण गर्न सकिनेछ। स्थानीय तहबाट निर्माण गर्ने बजारको IEE तथा नक्शा पास समेत स्थानीय तहबाटै गर्न सकिनेछ।


डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

## अनुसूची-११

(परिच्छेद-३ को कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम सँग सम्बन्धित)

(क) कोल्डरुम/ पोर्टेवल कोल्ड च्याम्बर निर्माण डिजाईन, नक्सा




डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

(ख) कोल्डरुम/पोर्टेवल कोल्ड च्याम्बर निर्माण लागत अनुमानको नमूना (लागत अनुमान स्थानीय दररेट अनुसार फरक पर्न सक्नेछ)

**Abstract of Cost Estimate of Cold Chamber**

**Project:** Construction of Cold Chamber

Capacity: 1000 Caret of Capacity 56 liters or Nearly 20 tons capacity

| Estimate of Cold Chamber | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **Item No.** | **Description** | **Unit** | **Quantity** | **Rate** | **Rate with Overhead** | **Rate** | **Amount** |
| **A** | **TRUSS WORK** | | | | | | |
| 1. | Earthwork in excavation in medium soil including hauling disposal of soil upto distance of 30m and lift up to 1.5 m all complete in approval of site engineer. | cum | 10.62 | 605.64 | 696.49 | 787.03 | 8,358.25 |
| 2. | Supplying and Soling Stone in proper line and level with sand filling all complete as per approved drawing, Specification and instruction of site engineer. | cum | 10.61 | 3,502.50 | 4,027.88 | 4,551.50 | 48,291.40 |
| 3. | Plain cement Concrete (PCC) in 1:2:4 ratio for foundations and flooring with approved quality of cement, sand and machine crushed stone aggregate including supply of materials, mixing, laying, curing the work at least 7 days etc. all complete as per approved drawing, Specification and instruction of site engineer. | cum | 5.32 | 12,059.30 | 13,868.20 | 15,671.06 | 83,370.04 |
| 4. | Plain cement Concrete (PCC) for RCC works M 20 (1:1.5:3) for slab/lintels/columns/beams with approved quality of cement, sand and machine crushed stone aggregate including supply of materials, mixing, laying, curing the work at least 7 days etc all complete as per approved drawing, Specification and instruction of site engineer. | cum | 4.33 | 15,431.50 | 17,746.23 | 20,053.23 | 86,830.50 |
| 5. | TMT steel reinforcement bar including supplying, straightening, cleaning, cutting, binding & fixing in position with annealed tying binding wire all complete as per approved drawing, Specification and instruction of site engineer. | MT | 0.51 | 110,238.00 | 126,773.70 | 143,254.28 | 73,059.68 |
| 6. | **Formwork**, shuttering, centering with 19 mm thick waterproof ply board and steel post for all works necessary propping, scaffolding, staging, supporting inclusive of wedging and cutting holes for utilization till the support if fully | sqm | 22.46 | 680.40 | 782.46 | 884.18 | 19,858.68 |



डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | unyielding nett all complete as per approved drawing, Specification and instruction of site engineer. | | | | | | |
| 7. | Good quality local chimney made Brickwork in 1:4 C/S mortar up to Ground floor in perfect line level finish including supply of materials, wetting the bricks, racking the joints and curing the work for at least 7 days all complete as per approved drawing, Specification and instruction of site engineer. | **cum** | 6.62 | 14,316.11 | 16,463.53 | 18,603.78 | 123,157.06 |
| 8. | Supplying and Laying of 12.5mm thick cement sand plaster in (1:4) ratio on wall of good finish including supply of materials, racking the joint, wetting of surfaces & curing the work at least 7days all complete as per approved drawing, Specification and instruction of site engineer. | **sqm** | 25.00 | 368.49 | 423.76 | 478.85 | 11,971.32 |
| 9. | Earth filling and spreading in 15cm layer all complete as per approved drawing, Specification and instruction of site engineer. | **cum** | 40.79 | 989.00 | 1,137.35 | 1,285.21 | 52,423.53 |
| 10 | Plain cement Concrete (PCC) (38mm) in 1:2:4ratio for foundations and flooring with approved quality of cement, sand and machine crushed stone aggregate including supply of materials, mixing, laying, curing the work at least 7 days etc. all complete as per approved drawing, Specification and instruction of site engineer. | **sqm** | 127.50 | 608.55 | 699.83 | 790.81 | 100,828.37 |
| 11 | Supplying and fitting of Iron Works with Red Oxide paint as per approved drawing, specification and instruction of site engineer. | **kg** | 726.69 | 195.77 | 225.14 | 254.40 | 184,872.12 |
| 12 | Supplying and fitting 0.5mm CGI color sheet for Roof all complete as per approved drawing, specification and instruction of site engineer. | **sqm** | 51.37 | 1,246.42 | 1,433.38 | 1,619.72 | 83,205.16 |
| 13 | Supplying and fitting 0.45mm CGI plane sheet for ridge cover of 2 feet all complete as per approved drawing, specification and instruction of site engineer. | **rm** | 5.50 | 1,580.94 | 1,818.08 | 2,054.43 | 11,299.37 |
| 14 | Supplying and fitting 0.5mm CGI plane sheet for 150mm width,450 mm gutter with 40x3 brackets, nut bolt, washer all complete as per approved | **rm** | 5.50 | 1,463.59 | 1,683.13 | 1,901.94 | 10,460.64 |

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | drawing, specification and instruction of site engineer. | | | | | | |
| 15 | Providing and fixing in position PVC pipes for soil, waste and rain water lines as per need including cutting the pipes to required length and fixing in position with PVC or MS clamps, joining pipes and fittings with rubber rings and joining solution etc. all complete as directed by site in-charge. (Panchakanya) | | | | - | - | - |
| | 75mm PVC pipe of 6 kg/cm2 | **rm** | 10.00 | 301.50 | 346.73 | 391.80 | 3,917.99 |
| **B** | **Insulation Room** | | | | - | - | - |
| 16 | Supply and complete installation of Outer wall puff panel 80 mm thickness 0.5 mm PCGI sheet insulated by 40 ± kg /m3 thermocol with Tongue & Groove joint with Camlock System including heat insulation using silicon sealeant etc complete | **Sqm** | 110.00 | 5,734.75 | 6,594.96 | 5,734.75 | 630,822.50 |
| 17 | Supply & complete installation of Sliding Door 1x2 m size and thickness 80 mm with all its necessary hardware and accessories | **no** | 1.00 | 54,240.00 | 62,376.00 | 54,240.00 | 54,240.00 |
| **C** | **Refrigeration Works** | | | | | | |
| 18 | Supply and installation of Reciprocating /Scroll type Compressure of Make Emerson/Danfoss eq. make working Refrigerent R410a, R134a or equvalent having cooling capacity 24000 Btu/hr (at 4°C evaporation &Condentation at 45 °C) Forced Air cooled Condenser with fan, Copper tubings embided with Aluminium fins GI body powder coated panited, Oil Seperator, liquid reciever, Solenoid valve, Filter dryer sight glass etc all complete necessary acessories as per site incharge | **no** | 2.00 | 144,280.00 | | 144,280.00 | 288,560.00 |
| 19 | Supply and Installuation of Indoor Evaporator unit (Blue cold/Carier/Euro Air) pure copper tubings thermostatic expansion valve of Make Danfoss/Emerson Aluminium powder coated body with Stainless Steel SS 304 tray, energy efficient Multiple Propellor type | **no** | 2.00 | 79,100.00 | | 79,100.00 | 158,200.00 |



डा. गोविन्द प्रसाद शर्मा
सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | Axial FAN 2 no per unit all necessary acessories as per site incharge | | | | | | |
| 20 | Installation of Refregeration system with necessary hardwares and acessories | **no** | 2.00 | 16,950.00 | | 16,950.00 | 33,900.00 |
| 21 | Refrigeration Controll Pannel microprocessor-based temperature indicator & Automatic temperature controller, temperature setting up/down limit controll, User parameter and Adminstration menu setting Automatic and manual controll fuction, intelligent compressure protection | **no** | 1.00 | 28,250.00 | | 28,250.00 | 28,250.00 |
| 22 | Spply and wiring/installation of Vapour proof lights 2 no in each chamber | **no** | 1.00 | 1,600.00 | | 1,600.00 | 1,600.00 |
| **D** | **Indoor Assoceries** | | | | | | |
| 23 | Supply and installation of humidifier: Centrifugal, Mist size5-10-micron, single phase70-90-watt capacity 5-6 lit/hr dimensions 350x350x360 mm weight 8 kg Air flow 165m3/hr, water level Auto controll | **no** | 1.00 | 81,200.00 | | 81,200.00 | 81,200.00 |
| 24 | Carbondioxide and Fresh Air damper 2 inline blower 150 CB | **no** | 1.00 | 45,200.00 | | 45,200.00 | 45,200.00 |
| 25 | Supply and Installation of Pressue relief valve suitbale of room | **no** | 1.00 | 6,000.00 | | 6,000.00 | 6,000.00 |
| **E** | **Electricals** | | | | | | |
| 26 | Elctrical Controll Pannel on off swich with indicators, Contactor, phase indicator with preventor, MCB, Protective Overload relay fuse etc complete, 3 no 15-amp MCB (single phase) for external equipments lights, motors, fan etc in Cleaning Grading Area | **no** | 1.00 | 18,080.00 | | 18,080.00 | 18,080.00 |
| 27 | Site Clearance Works | **sqm** | 200.00 | 9.00 | | 12.00 | 2,400.00 |
| | | | Grand Total | | | | 2250356.62 |

Note: The cost of Electricity or other power sources is not included in the above Estimate

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची- १२

(दफा ५१ को उपदफा (२) सँग सम्बन्धित)

**<u>आगामी आर्थिक वर्षको लागि आयोजना प्रस्ताव (Project Proposal) को ढाँचा</u>**

**(स्थानीय तहको प्रयोजनको लागि)**

१. **आयोजना/कार्यक्रमको परिचय**

(क) आयोजना/कार्यक्रमको नाम:

(ख) लक्ष्य

(ग) उद्देश्य

(घ) कार्यान्वयन अवधि:

शुरु (आ.व.) समाप्ति (आ.व.)

(ङ) कार्यान्वयन हुने स्थान

जिल्ला: ................ स्थानीय तहको नाम: ............... टोल:.....................

वडा नं:.........

२. **आयोजना/कार्यक्रमको कुल लागत**

(क) विकास तथा निर्माण लागत रु:

(ख) कृषि उत्पादन सामाग्रीसहयोग लागत रु:

(ग) प्रविधि तथा प्राविधिक सहयोग लागत रु:

(घ) आयोजना/कार्यक्रम सञ्चालन लागत रु:

३. **लागत साझेदारीको वित्तीय स्रोत**

(क) संघीय सरकार

(ख) प्रदेश सरकार

(ग) स्थानीय तह

४. अपेक्षित प्रतिफल

५. आयोजना/कार्यक्रमको प्रमुख क्रियाकलापहरू

६. आयोजना/कार्यक्रमको वित्तीय तथा आर्थिक विश्लेषण

७. आयोजना/कार्यक्रम कार्यान्वयन तथा खर्च योजना

८. आयोजना/कार्यक्रम कार्यान्वयनमा आवश्यक जनशक्ति

९. आयोजना/कार्यक्रम सञ्चालन प्रस्ताव

१०. सञ्चालन प्रबन्ध

(क) लागत खर्च अनुमान

(ख) सम्भावित आय आर्जन

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# अनुसूची -१३

(दफा ५१ को उपदफा (२) सँग सम्बन्धित)

## आयोजना प्रस्ताव (Project Proposal) को सूची पठाउने फारमको ढाँचा

## (प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रयोजनको लागि)

| क.सं. | प्रदेश | जिल्ला | स्थानीय तह | कार्यक्रमको नाम | प्रमुख क्रियाकलापहरू | अपेक्षित प्रतिफल | कार्यक्रम सञ्चालन हुने अवधि | अनुमानित लागत | लागत साझेदारी स्रोत | | | सशर्त अनुदान कार्यक्रम माग गर्नुको जायज कारणहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | संघीय मन्त्रालय | प्रदेश मन्त्रालय | स्थानीय तह | |
| १. | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | |

............................
तयार गर्नेको दस्तखत

..................................
सिफारिस गर्नेको दस्तखत

डा. गोविन्द प्रसाद शर्मा
सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री